वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्ययन



नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
पुरातत्त्व विभाग
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्ययन

प्रधान-सम्पादक

प्रकाश दर्नाल

विशेषज्ञ तथा सम्पादक

उप प्रा. श्री पुरुषोत्तम भट्टराई

सम्पादक

श्री राजु रिमाल

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षक		वास्तुशास्त्रीय ग्रन्थहरूको संक्षिप्त अध्ययन
प्रकाशक		नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पुरातत्त्व विभाग राष्ट्रिय अभिलेखालय
प्रथम संस्करण	:	२०६९
प्रकाशन प्रति	:	५००
मूल्य	:	रू. १००।-
आकृति विन्यास	:	रमेश दाहाल
मुद्रण	:	लुष प्रेस, नयाँबानेश्वर फोन : ४७८२८२४ email:lushapoudel@gmail.com

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

राष्ट्रिय अभिलेखालयमा करिव १,८१,००० हस्तलिखित ग्रन्थहरूका माइक्रोफिल्म प्रतिहरू रहेका छन्। त्यसमध्ये करिव ३०,००० हस्तलिखित ग्रन्थहरूको मूल प्रतिहरूको सङ्कलन पनि राष्ट्रिय अभिलेखालयमा रहेको छ। यसको सङ्कलनमा विधागत, भाषागत, लिपिगत विविधताका साथै प्रयुक्त सामग्रीहरूमा पनि विविधता पाइन्छ। यहाँ दर्शन, साहित्य, व्याकरण, ज्योतिष, इतिहास, कर्मकाण्ड जस्ता विभिन्न विधाहरूसँग सम्वन्धित ग्रन्थहरू छन्। संस्कृत, नेवारी, नेपाली, मैथिली, हिन्दी आदि भाषामा लेखिएका यी ग्रन्थहरूमा लिच्छवी, नेवारी, देवनागरी जस्ता विभिन्न लिपिहरू प्रयोग गरिएका छन्। लेख्य सामग्रीका रूपमा ताडपत्र, भोजपत्र, कागज आदिको प्रयोग गरिएको छ। त्यसैले राष्ट्रिय अभिलेखालयको सङ्कलनको अध्ययन अनुसन्धानवाट ऐतिहासिक, दार्शनिक, सांस्कृतिक, भाषिक एवं लिपिविज्ञान आदि पक्षहरूसँग सम्वन्धित रोचक तथ्यहरू उजागर हुने कुरामा सायदै दुई मत हुन सक्छ। यसै सन्दर्भमा राष्ट्रिय अभिलेखालयमा वास्तुशास्त्रसँग सम्वन्धित करिव ४५० थान हस्तलिखित ग्रन्थहरू माइक्रोफिल्ममा सङ्ग्रहीत रहेको र त्यसमध्ये करिव १५० थान हस्तलिखित ग्रन्थहरूको मूल प्रति पनि यहाँ रहेको पाइएकोले वर्तमान परिवेशमा यी ग्रन्थहरूको प्रारम्भिक अध्ययन आवश्यक देखी अध्ययनको कार्य अघि वढाइयो। यी वास्तुशास्त्रीय ग्रन्थहरूमा घर, मन्दिर, दरवार, इनार, कुवा, तलाउ, वगैंचा, चैत्य आदि संरचनाहरूको निर्माण र यसको निर्माणसँगै जोडिएर आउने भूमिपरीक्षा, दिशाहरूको संयोजन, शुभाशुभ फल विचार, वास्तुपूजा जस्ता कर्मकाण्डका विधिहरू समेत समेटिएको पाइयो। त्यसैगरी मल्लकालीन संरचनाहरूसँग सम्वन्धित ग्रन्थहरूका साथै शिलान्यासविधि र जिर्णोद्धारविधिसँग सम्वन्धित धेरै ग्रन्थहरू यहाँ रहेको पाइयो। धेरै जसो ग्रन्थहरू वैदिक र तान्त्रिक कर्मकाण्डसँग सम्वन्धित भएता पनि यी ग्रन्थहरूमा भूमि, जल, काठ आदिका वारेमा पनि बताइएको हुँदा यी ग्रन्थहरूको अध्ययनवाट सो ग्रन्थ लेखनका समयमा प्रचलित वास्तुसम्वन्धी अभ्यासहरू एवं पद्धतिहरूको ज्ञान हुने देखिन्छ। समग्रमा यी ग्रन्थहरूको अध्ययनवाट विभिन्न मल्लकालीन राजाहरूका शासनकालमा भए गरेका वास्तुसम्वन्धी कार्यहरू, काठमाडौं उपत्यकाको वास्तु इतिहासका साथै घर, मन्दिर, चैत्य आदिको निर्माण गर्दा अवलम्वन गरिएका तात्कालीन आधिकारिक पद्धति, शिलान्यास र जीर्णोद्धार गर्दा विचार पुऱ्याउनुपर्ने तथ्य आदिको जानकारी प्राप्त हुने भएकोले वर्तमान समयका ऐतिहासिक तथ्यहरूको अन्वेषकहरूका साथै वास्तुशास्त्रका अभ्यासकर्ताहरू, अनुसन्धानकर्ताहरू, ईन्जिनीयरहरू, प्राध्यापकहरू र विद्यार्थीहरूलाई पनि आफ्नो अध्ययन र अनुसन्धानमा प्राथमिक र आधिकारिक स्रोतको खोजी गर्ने कार्यमा सहजता होस् भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिप्रायले यस वर्ष राष्ट्रिय अभिलेखालयमा नै मूल प्रति संग्रह गरिएका १०२ थान वास्तुशास्त्र सम्वन्धी ग्रन्थहरूको संक्षिप्त अध्ययन गरी प्रकाशन गरिएको छ।

यस कार्यलाई सफलता पूर्वक सम्पन्न गर्न सुरुदेखि नै संलग्न हुनुभएका यस कार्यालयका अनुसन्धान अधिकृत श्री राजु रिमाल र हस्तलिखित ग्रन्थहरूको अध्ययन गरी समीक्षात्मक लेखन तथा सम्पादन गर्नुका साथै प्रकाशनसम्म विशेषज्ञका रूपमा कार्य सम्पन्न गर्नुभएका नेपाल संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठका उपप्राध्यापक श्री पुरुषोत्तम भट्टराईलाई धन्यवाद दिन चाहन्छु। त्यसैगरी नेवारी भाषाका ग्रन्थहरूको अध्ययनमा सहयोग गर्नुभएका लिपि अधिकृत श्री सिद्धिरत्न शाक्य र लेखक श्री रोजिन्द्रमान स्थापित एवं प्राचीन नेवारी र मैथिली लिपिमा लेखिएका ताडपत्रका ग्रन्थहरूको अध्ययनमा सहयोग गर्नुभएका अनुसन्धानकर्ताहरू श्री निराजन काफ्ले र श्री राजन खतिवडाका साथै उक्त कार्यमा सहयोगी भूमिका निर्वाह गर्नुहुने यस कार्यालयका सवै कर्मचारी साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु। यस प्रकाशनलाई त्रुटिरहित वनाउने प्रयास गर्दा गर्दै पनि अझै यसमा केही कमी कमजोरीहरू तथा सुधार गर्नुपर्ने पक्षहरू हुन सक्छन्। यस प्रकाशनको अध्ययन पश्चात् सुधारका निमित्त सुझाव र प्रतिक्रियाहरू उपलब्ध गराउनुहुने विद्वान्हरू प्रति आभारं प्रकट गर्दछु।

प्रकाश दर्नाल

प्रमुख

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संक्षिप्त रूपहरू

वै. क.	वैदिक कर्मकाण्ड
वै. क. वि.	वैदिक कर्मकाण्ड विविध
वै. क. ष.	वैदिक कर्मकाण्ड षष्ठ लगत
ज्यो.	ज्योतिष
ज्यो. ष .	ज्योतिष षष्ठ लगत
ता. क.	तान्त्रिक कर्मकाण्ड
ता. क. परि.	तान्त्रिक कर्मकाण्ड परिशिष्ट
वि. सं.	विक्रम सम्वत्
ने. सं.	नेपाल सम्वत्
रिल सं.	रिल संख्या
लगत सं.	लगत संख्या
से. मि.	सेन्टिमिटर
P.	page
l.	line
ll.	lines
fol.	folio
fols.	Folios

सङ्केत चिह्नहरू

⟨ ⟩	संपादनका क्रममा हटाइएको
⟨⟨ ⟩⟩	लिपिकर्ताद्वारा हटाइएको
[ ]	संपादनका क्रममा थपिएको
[[ ]]	लिपिकर्ताद्वारा थपिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

( )	अस्पष्ट पाठ
..	पढ्न नसकिएको अक्षर
+	ग्रन्थको भौतिक क्षतिको (प्वाल परेको, च्यातिएको, टुक्रिएको आदि) कारणले पढ्न नसकिएको अक्षर
///	ग्रन्थ खण्डित भएको कारणले हराएको पाठ
❖	सिद्धि चिह्न
❁	फूल अथवा अन्य सङ्केत
▓	कुटाक्षर
- - -	लिपिकर्ताले ग्रन्थ सार्ने क्रममा छोडेको अक्षर
†	अर्थ नलागेको पाठ
(!)	सामान्य अशुद्धि
...	उद्धृत नगरिएको पाठ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. मयसङ्ग्रह

विषय संख्याः- ज्यो. ता. प. ४३	रिल सं. A १३६९/१०	लगत सं. १/१५३७
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः-२५
आकारः- २८.० x ४.५ से. मी.	ग्रन्थावस्थाः- जीर्ण	लेख्य सामग्रीः-ता प



आदिपाठ

///घ्नं वज्रकन्दसुदर्शनाः।

जटारौद्रिं विषं दुग्धमाविकं चेति लेपराट्।

योज्योऽयमपि ⟨स⟩[श]ङ्का चेद् गर्भलक्षणसम्विदे (!)।

लक्षणं विकृतिर्व्याप्या श्रुतिः प..णाङ्गबिम्वकम्।

जानीयादिति वा गर्भ(!) तद्विज्ञाय विशोधयेत्।

निष्पन्नावयवे नीते मृदुतां परिमार्जिते।

धाराधौत (!) ततो लक्ष्यं लक्ष्मसस्तमथेतरम्।

शङ्खस्वस्तिकमालाब्ज⟨⟨ ज⟩⟩हयेभवृषभूधराः।

मृगाधिपातपत्रेन्दुद्वारसिंहासनादयः । (fol. 8r1-3)

अन्त्यपाठ

मरीचा(!)ये पुलस्त्याय भृगवे पुलहाय च।

स्वायंभुवाय मनवे क्रतवे नारदाय च।

जगुस्तेऽपि स्वशिष्येभ्य[[:]] समासव्यासयोगतः।

भक्तेभ्यः प्रार्थयद्भ्यश्चतदिच्छातो महर्षयः।

तदेकदेशमिष्टार्थ(!) सिद्धिबीजमनाकुलम्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मया तदिच्छया(वो)[चो]क्तं भवद्भ्यः शिवमस्तु नः ॥ ॥ (fol. 57v1-3)

पुष्पिकावाक्यः

इति मयसङ्ग्रहे प्रतिष्ठासूत्रं समाप्तम् ॥ ॥ ॥

॥ मयसूत्र(!) ॥ ॥ (fol. 57v3)

ग्रन्थसमीक्षा

ताडपत्रमा लेखिएको यो हस्तलिखित अपूर्ण ग्रन्थमा जम्मा २५ पत्रहरू मात्र प्राप्त छन्। । आदि र मध्य भाग खण्डित भएको यो ग्रन्थ कीराले खाएकोले जीर्ण अवस्थामा छ। पत्रको किनारा तथा कतिपय पत्रमा वीच स्थानमै पनि खण्डित भएर अक्षरहरू नष्ट भएका छन्। यस ग्रन्थको प्राप्त पत्रहरूमा ८, १८, २२ देखि ३५, ४५, ४९ देखि ५५ र ५७ गरी जम्मा २५ पत्रहरू मात्र देखिन्छन्। ५७ पत्र यो ग्रन्थको अन्तिम पत्र हो किनकि यस पृष्ठमा पुष्पिका वाक्य छ।[१] यस ग्रन्थमा मयसङ्ग्रह अन्तर्गतको प्रतिष्ठासूत्र नामक अध्याय वर्णित छ। शैव प्रतिष्ठासंग सम्वन्धित यस ग्रन्थको मुख्य विषय चाहिँ लिङ्गप्रतिष्ठा हो। यस ग्रन्थको प्रथम परिच्छेदमा अव्यक्त लिङ्गलक्षण र चतुर्थ परिच्छेदमा वास्तुविधि वर्णित छ। यसै गरी पञ्चम परिच्छेदमा प्रासाद विधान उल्लेख छ। प्राचीन नेवारी लिपिमा लेखिएको यस ग्रन्थको लेखक र लेखन समय उपलव्ध छैन।

२. वास्तुशास्त्र

विषय संख्याः- ज्यो. ता. प. ५२	रिल सं. B २०/१९	लगत सं. १/७७२
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः-१८
आकारः- २०.५ x ४.५ से. मी.	ग्रन्थावस्थाः- जीर्ण	लेख्य सामग्रीः-ता प



---

[१] *इति मयसङ्ग्रहे प्रतिष्ठासूत्रं समाप्तम् ॥* (fol. 57v3)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिपाठः

[ॐ] नमः सिद्धेभ्यः ॥ ॐ समस्तग स्वाहा ॥ ध्वजस्य ॥
ॐ धग धग स्वाहा ॥ धूमस्य ॥ ॐ महाबलाय स्वाहा ॥
शि/// स्य ॥ ॐ भू ॐ भू स्वाहा नमः ॥ स्वानस्य ॥
ॐ टुं ॐ टुं स्वाहा ॥ वृषभस्य ॥ ॐ हां ॐ
हां स्वाहा ॥ ///दस्य ॐ गुलु गुलु स्वाहा ॥ गजस्य ॥ ॐ
का कि ॐ का कि स्वाहा ॥ ध्वांक्ष्यस्य ॥ ॐ पद्मनि
प[द्म]नि स्वाहा ॥ ॐ संखिनि सुखप्रभे स्वाहा । ॐ स्वेतया
गच्छ समण्डभा शुभकथयामि ॥ (fol. 1v1-4)

अन्त्यपाठः

ध्वजसिंह उभयो मित्र । ध्वजशत्रुवृषाधिपः ।
उभौ मित्रगजद्वाक्षः । सर्वथा क्रियसाधकः ॥
धूमसिंहभयोहानिः । धूमगर्धभमृत्युभिः ।
धूमकाककलित्रासममश्यान्यशोषसंयुतः ।
ध्वजधूमविनाशत्रुः । धूमसिंहनमोतकं ।
सिंहश्वानतमासत्रुः इति सुग्रीव के .. .. ॥ (18v3-6)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षा

ताडपत्रमा लेखिएको यस हस्तलिखित ग्रन्थको सुरुका १८ पत्रहरू मात्र प्राप्त छन्। अन्त्य खण्डित भएको र कीराले पनि खाएको यस ग्रन्थको अवस्था जीर्ण हुनाका साथै अपूर्ण पनि छ। केही पत्रहरूका किनारा खण्डित भएर अक्षरहरू पनि नष्ट भएका छन्। अन्त्य भाग खण्डित भएकाले पुष्पिका वाक्य उपलब्ध छैन। यस ग्रन्थको प्रारम्भमा तान्त्रिक प्रकृतिका मन्त्रहरू लेखिएका छन्। यस ग्रन्थमा सिंह प्रकरण, गज प्रकरण, श्वान प्रकरण जस्ता विभिन्न प्रकरणहरू छन्। त्यसै गरी ध्वजा एवं सप्त मातृकाहरूको स्थान तथा तिनीहरूलाई विभिन्न स्थानमा स्थापना गर्दा हुने लाभ-हानीको वर्णन छ। प्राचीन नेवारी लिपिमा लेखिएको यस ग्रन्थको लेखक र लेखन समय उपलब्ध छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३. वास्तुविषयकग्रन्थ

विषय संख्याः- ज्यो. ता. प. ५३ | रिल सं. A ३१/२० | लगत सं. १/१६९७/१

भाषाः- संस्कृत | लिपिः- नेवारीं | पत्र संख्याः-४१

आकारः- ३०.० x ६.० से. मी. | ग्रन्थावस्थाः- जीर्ण | लेख्य सामग्रीः-ता प



आदिपाठः

/// व्यर्मकृतशुचिः।

महाध्वजापि संस्थाप्य कुम्भपूर्वोत्तरे दिशि।

भूतानाम् बलिसंचार(!) यथो(!)च्छा हन्तुद्वा(!) कृतम्।

बालाकौमारिकार्थाय हलाशर्क्करतण्डुला(!)।

प्रदीयतान् तदा देव †उच्छहङ्कारयेत्† सतम्।

सर्व्वे मनुस्य(!)लोकाय ताम्बूलश्च प्रदीयत(!)।

व्राह्मना(!)नां प्रदातव्यं सौवर्णरौप्यकं तदा। (10r1-2)

अन्त्यपाठः

तैलतिक्तकषायश्च मृद्वजातिस्तु वारुणा।

क्षारा लवन(!)स्वांदानि विटगंधा वर्ण्णा(!)सङ्कराः।

गुरुत्वा(!) तैलरक्ताश्च मृद्व .. कथ्यते॥

कषाया मन्स(!)गन्धानि सर्प्पिगन्धा तथापि च।

+स्वादातवल्ल+ आपृस्य(!) शूद्रजाति इति स्मृतः।

अथ चिह्न(!) प्रवक्ष्यामि व्रारिजानन्तु दर्शनं। (fol. ...)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

ताडपत्रमा लेखिएको यस हस्तलिखित ग्रन्थको जम्मा ४१ पत्रहरू मात्र प्राप्त छन्। यो ग्रन्थ अपूर्ण छ। आदि, मध्य र अन्त्य भाग खण्डित भएको यो ग्रन्थ कीराले खाएकाले अत्यन्त जीर्ण अवस्थामा छ। अधिकांश पत्रहरूका दायाँ र बायाँ किनाराका अक्षरहरू किराले खाएका र केही पत्रका बिचका अक्षरहरू पनि नष्ट भएका छन्। धेरै पत्रहरूको पत्राङ्कन बुझिने अवस्थामा छैन। यस ग्रन्थ नवौं पत्रवाट सुरु हुन्छ र पन्ध्रौं पत्र पछि एकैचोटि अठारौं पत्र देखा पर्छ। अठार पछि एकैचोटि अट्ठाइसौं पत्र देखिन्छ। त्यसपछि वत्तिसौं र छयालिसौं पत्र हराएको छ। यस ग्रन्थमा त्रिसट्ठी पत्र सम्म भएको जस्तो देखिन्छ। नवौं पत्रको पहिलो पृष्ठको पाचौं हरफमा *भू(ख्या)[खा]त तृतीयपरिच्छेदः* भनेर लेखिएको छ। यो भूमि खन्ने विधिसंग सम्बन्धित अध्याय हो। एघारौं पत्रको प्रथम हरफमा शिलान्यास *चतुर्थ परिच्छेदः समाप्तः* लेखिएको छ। यस परिच्छेदमा शिलान्याससँग सम्वन्धित विषयवस्तु वर्णित छ। यस ग्रन्थमा भएका सबै पत्रहरू यसै ग्रन्थसँग सम्वन्धित छन् या यो ग्रन्थ प्रकीर्ण हो भन्ने कुरामा पत्रहरूको अवस्थाले गर्दा संशय हुन्छ। यस ग्रन्थको लेखक र लेखन समय उपलब्ध छैन।

४. वास्तुशास्त्र

विषय संख्याः- ज्यो. ता. प. ५४	रिल सं. A १०७५/३	लगत सं. ३/३९७
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः-६१
आकारः- २७.६ x ६.२ से. मी.	ग्रन्थावस्थाः- जीर्ण	लेख्य सामग्रीः-ता प





CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदिवाक्यः

/// .. नमो विश्वकर्मणे ॥

रम्ये हिमवतः पार्श्वे सिद्धचारणसेविते ।

पुरासीदाश्रमस्थानं नदीभागीरथीतटे ।

तपोवनसमुद्भूतैर्वहुशाखैर्महाद्रुमैः ।

सर्वर्तुकुसुमैर्दिव्यैरावृत्तं नन्दनोपमम् ।

केतकाशोकतिलकैः पुन्नागसरलार्जुनैः ।

प्रियङ्ग्वाम्रवनैश्चैव वहुपुष्पफलैर्वृतम् । (fol. 1v1-3)

अन्त्यवाक्यः

गृहप्रवेशने तत्र तां सर्व्वां(!)मनुकल्पयेत् ॥

वेदिमग्निगृहं कुर्याद् द्वारमुक्त(!) समन्ततः ।

वस्तुमध्ये न होतव्य(!) वैद्य(!) होतव्यमुच्यते ॥

भाजने सर्वरत्नानि सर्वबीजानि वापयेत् ।

वस्तुमध्ये च कर्त्तव्य(!) स[[म]]मात्रप्रमाणतः ।

⟨मान्⟩[मां]सोदने तथादित्ये सर्वबीजानि ⟨मा⟩[आ] आहरेत् ।

घृते +दधाता+ घृतमिश्रा- (fol. 61v5-6)

ग्रन्थसमीक्षाः

ताडपत्रमा लेखिएको यस ग्रन्थमा जम्मा १ देखि ६१ सम्मका पत्रहरू छन्। यस ग्रन्थको अन्त्यभाग खण्डित भएकोले अपूर्ण छ। दुवै किनाराहरू कीराले खाएर जीर्ण भएको यस ग्रन्थका कतिपय पत्रहरूमा धेरै नै अक्षरहरू नष्ट भएका छन्। बायाँपट्टि अक्षरात्मक अङ्कमा पत्राङ्कन गरिएको छ। विश्वकर्माको वन्दनावाट यो ग्रन्थ सुरु भएको छ। वास्तु प्रश्नविचार सम्वन्धमा पहिलो अध्यायमा वर्णन गरिएको छ। उक्त कुरा चारौं पत्रको पहिलो पृष्ठको सातौं हरफमा लेखिएको *प्रश्नाध्याये प्रथमोध्यायः* भन्ने कथनवाट स्पष्ट हुन्छ। दोस्रो अध्यायमा वास्तुका लागि उपयुक्त भूमि कस्तो हुनुपर्दछ भनी व्याख्या गरिएको छ।[२] यसै गरी तेस्रो अध्यायमा दिशा सम्वन्धी वर्णन छ। त्यसपछि नगरसन्निवेश नामक चौथो अध्याय छ। यसरी नै द्वारदोष सम्वन्धी कुरा दसौं अध्यायमा छ। त्यस्तै उन्नाइसौं अध्यायमा शालानिर्माण विधि छ। छायालक्षण सम्बन्धी कुरा चौविसौं अध्यायमा- वर्णन गरिएको छ। प्रासादविभाग सम्वन्धी कुरा

[२] वास्तुविद्यायां भूमिपरीक्षा द्वितीयोध्यायः। (fol. 6r1)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अट्ठाइसौं अध्यायमा छ। यस्तै प्रकारले नक्षत्रयोग सम्वन्धी कुरा तीसौं अध्यायमा छ। यसै गरी उपलव्ध ग्रन्थको अन्त्यतिर द्वारनिवेश सम्वन्धी ४३ औं अध्याय छ। अन्त्यमा ४४ औं अध्यायको केही हरफहरू पछि पत्रहरू हराएकाले ग्रन्थ अपूर्ण रहन गएको देखिन्छ। नेवारी लिपिमा लेखिएको यस ग्रन्थको लेखक र लेखन समय खुलेको छैन। प्रत्येक अध्यायमा वर्णित विषयवस्तुलाई निर्देश गर्ने खालका उपपुष्पिकावाक्यहरू छन्।

५. प्रकीर्णकचैत्यलक्षणं तट्टीका स्तूपलक्षणकारिकाविवेचना च

विषय संख्याः- बौ. क. ता. प. ४७	रील नं. A ९३६/१३	लगत नं. ३/४६६
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः- ७
आकारः- २६.० x ५.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- ता. प.

ग्रन्थकारः- भद्रव्यूह

आदिपाठः

❖ नमो बुद्धाय ॥

प्रकीर्ण्णकाविनये (!) प्रोक्तां यल्लोकोत्तरवादिना(!)

यच्चान्येषां निकायानां सूत्रादौ स्तूपलक्षणम् ॥ [[१]]

दर्शितं लोकनाथेन स्तोक(!) स्तोकं क्वचित् क्वचित्।

सर्वन्तत् स + + + ह भद्रव्यूहेन कथ्यते ॥ [[२]]

अभिगम्येद्धुवो भावो स्तुशुद्धेऽप्रतिष्ठिते।

न खबद्धौन्तते स्निद्धे स्थाने शुचिनि कारयेत् ॥

योजनोच्छ्रेकनिर्दिष्टं परिक्षेपोऽर्द्धयोजनः।

+ + + क्रोशविस्तारा प्रकीर्ण्णविनयोदितम् ॥ [[४]] (fol. 1v1-4).!

अन्त्यवाक्यः

रजतमणिकनकशिलादारुमूर्त्तिकृदिति। शुरभिप्रदेशे प्रशस्ते मनोहरे। स्वहस्तेन वा कर्महस्तेन वा। तथा स्वबुद्ध्या विकल्पकार्यम्। यतः प्रोक्तं यथास्या शोभनो भवेत्। तथा कुर्यादिति। आगमेस्मिनिति।

स्तूपलक्षणशास्त्रस्य वस्तुमात्रोपदर्शनात्।

यन्मयोपार्जितं पुण्यं तेनास्तु स्तूपस्तु सुगतो जन इति ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

स्तूपलक्षणकारिकायां विवेचनं समाप्तम्॥ ॥ ॥ (fol. 7r4)

ग्रन्थ समीक्षाः

भद्रव्यूहद्वारा रचित मूलग्रन्थ र त्यसको टीका उतारिएको यो ग्रन्थ बौद्ध दर्शनको अति महत्त्वपूर्ण ग्रन्थ मध्ये एक हो।

यस ग्रन्थमा सर्वप्रथम स्तूपनिर्माण प्रक्रिया वताइएको छ भने त्यसपछि स्तूपका विभिन्न अवयवहरू र संरचनाहरूको निर्माण गरिने विधिलाई आध्यात्मिक तवरवाट व्याख्या गरिएको छ। यस ग्रन्धमा भूमिलाई लाई उपाहार (दान)को रूपमा व्याख्या गरिएको छ। यस ग्रन्थको दोस्रो पत्र हराएकोले अपूर्ण स्वरूपमा रहेको छ। तर अपूर्ण भएको कारणले अनुपलब्ध कतिपय पाठ रील नं H २४४/४ मा छवीकृत कागजमा लेखिएको पाण्डुलिपिवाट पूर्ण हुन आउंछ। प्राचीन नेवारी लिपिमा लेखिएको यस ग्रन्थको लेखन समय र पाण्डुलिपिकार प्राप्त छैन।

६. तडागादिवास्तुविधि

विषय संख्याः- वै. क. ता प ३३	रिल सं. A ५४/२१	लगत सं. १/१२३२
भाषाः- संस्कृत	लिपिः- मैथिली	पत्र संख्याः-१८
आकारः- ४०.० x ६.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ता प

आदिपाठः

❖ ॐ विघ्नेशाय नमः॥ अथ तला(!)गादिवास्तुविधिः॥ तत्र वास्तुपूर्व्वदिने चतुर्द्दण्डां भूमिमवच्छिद्य तलादिकरणायेयम्भुमिरिति मनसा परिगृह्यनार्थन्त्वनुषवाञ्चिता(!) भस्माद्यदुष्टमासन्नजलां भूमिम्परिगृह्य तत्र वनपालं शिखिध्वजं सोमं नागराजं च गन्धाद्यैरभ्यच्चर्य(!) मुककर्म्मार्थीमियं भूमिरिति (fol. 1v1-2)

अन्त्यपाठः

ॐ अद्यकृतैतदमुकवास्तुकर्म्मप्रतिष्ठार्थममुं सुवर्णमग्निदैवतमेकाङ्गा(!) रुद्रदैवता(!) एतद्वा सोमगम् वृहस्पतिदैवतममुकगोत्रायामुकशर्म्मणे ब्राह्मणाय गुरवे दक्षिणान्तुभ्यमहम् समुत्सृजे संप्रददे ॐ स्वस्तिति(!) प्रतिवचनं ततो ब्रह्मणे गान्दत्वा स्वस्तिवाचनिकान् परितोष्य दैवज्ञ(!) तंपति वैष्णवपूजा(!) ब्राह्मणभोजनञ्च कारयेत्। (fols. 18r1-3)

पुष्पिकावाक्यः

इति तला(!)गादिवास्तुविधिः॥ शुभमस्तु। श्रीरस्तु। (fol. 18r3)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

तडागा आदि जलाशय निर्माणमा गरिने वास्तुविधिका लागि शुभाशुभ मास एवं पञ्चाङ्गशुद्धि तथा मुहूर्तशुद्धिको उल्लेख गरी सुरु गरिएको यस वास्तुविधिमा नित्यक्रिया समाप्त गरी यजमानले यज्ञारम्भमा गर्नुपर्ने ब्राह्मण वरणको विधिलाई विस्तृत रूपमा उल्लेख गरिएको छ। मधुपर्कको विधि, वास्तुमण्डल निर्माणार्थ शङ्कुरोपण विधि, वास्तुमण्डल निर्माण एवं एकाशीतिपद वास्तुचक्र रचनाविधि, अग्निकुण्डनिर्माणविधि, वास्तुचक्रमा वर्ण तथा देवता न्यास एवं आवाहनादि क्रमले पूजा विधि, वास्तुचक्रमा कलशस्थापन तथा मूल वास्तुपुरुषको पूजा विधि, वास्तुको हवन तथा वास्तुवलि विधि लगायत वास्तुपूजाका सबै क्रमहरूलाई देखाउँदै शान्तिकलशको जलद्वारा यजमानलाई स्नान गराउने विधि उल्लेख गरिएको छ। अन्त्यमा ब्रह्मस्थानमा दिव्यस्त्री रूपी पृथ्वीको पूजा गरी घडा स्थापना गर्ने विधि मन्त्रको प्रारूपको सङ्केत सहित उल्लेख गरिएको छ। ब्रह्मस्थानमा घडा राखीसकेपछि आकाशपदमा खातारम्भ गर्दै गर्त निर्माण गरी जलपूरण गरेर वास्तुको शुभाशुभ परीक्षण गर्ने र वास्तुको उत्तराङ्ग पूजा गरी वास्तुपूजा समाप्त गर्ने विधि निर्देश गरिएको छ। पाण्डुलिपिमा भाषा शुद्ध र पाठ स्पष्ट छ। यस ग्रन्थको लेखक र लेखन समय खुलेको छैन।

७.तडागादिवास्तुविधि

विषय संख्याः- वै. क. ८३१	रिल सं. A ४४६/५	लगत सं. १/२१९
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः-१२
आकारः- ३६.५ x ९.२ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-कागज

आदिपाठः

❖ ॐ विघ्नेशाय नमः॥ श्रीभवानीशङ्कराभ्यां नमः॥ अथ तला(!)गादिवास्तुविधिः॥ तत्र वास्तुपूर्व्वदिने चतुर्द्दण्डां भूमिमवच्छिद्य तला(!)गादिकरणायेयम्भुमिरिति मनसा परिगृह्यनार्थन्त्वनुषवाञ्चिता(!) भस्माद्यदुष्टमासन्नजलां भूमिम्परिगृह्य तत्र वनपालं शिखिध्वजं सोमं नागराजं च गन्धाद्यैरभ्यच्चर्यामुककर्म्मार्थमियं भूमिरिति ... वलिदानयोग्या भूमिः कर्त्तव्या (fol. 1v1-4)

अन्त्यपाठः

ॐ अद्यकृतैतदमुकवास्तुकर्म्मप्रतिष्ठार्थममुं सुवर्णमग्निदैवतमेकाङ्गां रुद्रदैवतां एतद्वासो - - वृहस्पतिदैवतममुकगोत्रायामुकशर्म्मणे ब्राह्मणाय गुरवे दक्षिणान्तुभ्यमहम् समुत्सृजे संप्रददे ॐ स्वस्तीति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतिवचनं ततो ब्रह्मणे गान्दत्वा स्वस्तिवाचनिकान् परितोष्य दैवज्ञ स्तपति वैष्णवपूजा ब्राह्मणभोजनञ्च कारयेत्। (fols. 11v8-12r3)

पुष्पिकावाक्यः x

इति तला(!)गादिवास्तुविधिः॥ शुभमस्तु॥ श्रियः सन्तु॥ ॥ (fol. 12v3)

ग्रन्थसमीक्षाः

यो ग्रन्थ सम्पूर्ण रूपमा माथि उल्लिखित (वै. क. ता प ३३ , रिल सं. A ५४/२१, लगत सं. १/१२३२) ग्रन्थको प्रतिलिपि हो। त्यसकारण उक्त ग्रन्थमा वर्णित विषयहरू नै यस ग्रन्थमा पनि रहेका छन्।

८. तडागादिनिर्माणविधिः

विषय संख्याः- वै. क. ८३०	रिल सं. A ४४६/७	लगत सं. २/१५५
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- ३
आकारः- २८.० x १८.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः॥ अव उप्रान्त इनार वनाउन्या विधि कन कहिंछ॥ विष्णुधर्मोत्तरमा भन्याको वचनको अर्थ॥ (fol. 1r1)

अन्त्यपाठः

अर्थात् व्रह्महत्या गर्न्या मानिसलाइ पर सार्या झैं वेलको रूख काट्न्या मानिसलाइ पर सार्नु तसको संसर्ग गर्नु छैन भंन्या अभिप्राय हो। (fol. 3v13-14)

पुष्पिकावाक्यः x

इति दानप्रकाशे तडागादिमहिमा॥ शुभम्॥ (fol. 3v14)

ग्रन्थसमीक्षाः

यसको आरम्भमा विष्णुधर्मोत्तरपुराण, स्कन्दपुराण, आदित्यपुराण, धर्मशास्त्र, देवीपुराण, गर्गसंहिता, वशिष्ठसंहिता आदि ग्रन्थहरूमा बताइएको क्रम अनुसार घरको वा मठको विभिन्न दिशा विदिशामा इनार बनाउँदाको फल साथै उपयुक्त स्थानमा इनार वनाई दान गर्दाको फल वताइएको छ। यसपछि इनार बनाउनु भन्दा पोखरी वनाउँदाको महत्त्व विस्तृत रूपमा बताइएको छ। गाईहरूले पानी खाने पोखरी बनाउने रीति, भद्रा, पद्मा, शुभा, कान्ता, विजया आदि आठ प्रकारका पोखरी, तलाउ वनाउँदाको फल, विभिन्न जातका वृक्ष रोप्दाको फल वताइएको यस ग्रन्थमा वगैंचा निर्माण गर्ने विधि र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महत्त्व पनि विभिन्न पुराणका आधारमा दिइएको छ। घरको कुन दिशामा केको रुख रोप्दा शुभ हुन्छ भन्ने कुरा यसमा बताइएको छ। वृक्षायुर्वेदका बारेमा पनि बताइएको यस ग्रन्थमा विशेष गरी पूर्तकर्महरूको महत्त्व र विधि बताइएको छ। विभिन्न पुराण र संहिता ग्रन्थहरूका आधारमा बताइएको यसमा पाप र धर्मका प्रसङ्गहरू पनि उल्लेख गरिएको छ। पुण्यकर्ममा प्रवृत्त र निवृत्त हुँदाको फललाई जोड दिइएको छ।

जम्मा ३ पत्र भएको नेपाली भाषामा लेखिएको यसको भाषा प्राचीन खालको छ। कन विभक्तिको प्रयोग, एउटाको सट्टामा एगोटा शव्दको प्रयोग गरिएको पाइन्छ। लेखक र लेखन समय उल्लेख छैन।

९. तडागादिविधि

विषय संख्याः- वै. क. ८३२	रिल सं. A ४४६/४	लगत सं. १/४८८
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः-१०४
आकारः- २१.० x ८.९ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-कागज

ग्रन्थकारः- रघु शर्मा

आदिपाठः

❖ ॐ नमो महागणेशायः॥ ॥ अथ पुष्करिणीप्रकरणम्॥ सुत उवाच॥

अथातस्संप्रवक्ष्यामि पुष्करिण्या विनिर्णयम्॥

यथाकालं शुभं ज्ञात्वा पुष्करिणीं समाचरेत्॥

चैत्रे व्याधिमवाप्नोति तडागं कारयेन्नरः।

वैशाखे धनरत्नानि ज्येष्ठे मृत्युन्तथैव च॥

...

स्तम्भोच्छ्रायादि कर्त्तव्यमन्यत्र परिवर्जयेत्।

प्रासादेष्वेवमेव स्यात् कूपवापीषु चैव हि॥ ॥

देवीपुराणे कल्पतरावपि॥

सिंहसंस्थं गुरुं शुक्रं सर्व्वारम्भेषु अर्जयेत्।

प्रारम्भन्न च सिद्धेत महामयभयं भवेत्॥ (fol. 1v1-8)

अन्त्यपाठः

क्षेत्रादिशुद्धमृत्तिकाया(!) च पूरयेत्॥ तत खाते पञ्चरत्नं दध्योदनं च क्षिपेत् ... ॐ स्वस्तीति गुरुप्रतिवचनं ततो व्रह्मणे गान्दत्वा स्वस्तिवाचनिकान् परितोष्य दैवज्ञस्तपति वैष्णवपूजा व्राह्मणतर्प्पणगृहागमभोजनञ्च कारयेत्॥ ॥ (fol. 104r9-104v5)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति वापीकुपतडागादिवास्तुविधिः संपूर्णः॥ शुभमस्तु सर्व्वदा कालम्॥ ॥

स्वस्ति॥ नानागुणाधारधामाधिपधामघोर...भस्मीभूतस्मरस्मरणानुत्सुककरणसुन्दर, श्रीश्रीपशुप- (fol. 104v5-9)

उपपुष्पिकावाक्यः

इति पारस्करविधिना तडागाद्युत्सर्ग्गः समाप्तः॥ ॥ (fol. 11r9- to left margin)

इति गृह्यसंमततडागोत्सर्ग्गविधिः समाप्ता(!)॥ ॥ ॥ (fol. 69v3)

इति वापीकूपतडागाद्युद्यापनम्॥ ॥ (fol. 93v6-7)

ग्रन्थ समीक्षाः

देवीपुराण, कल्पतरु, मत्स्यपुराण आदिका वचनहरू उल्लेख गर्दै जलाशयहरूको निर्माणका लागि शुभाशुभ समयको उल्लेख गरी सुरु गरिएको यस ग्रन्थमा वास्तुनिर्माण पूर्व भूमिपरीक्षण गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। वर्ण तथा प्लवत्वका आधारमा भूमिको शुभाशुभ लक्षण तथा फल निरूपण गर्नुका साथै भूमिको स्वाद, गन्ध आदिका वारेमा पनि चर्चा गरिएको छ। यसै गरी वास्तुपूजाको महत्त्वको चर्चा गर्दै एकाशीतिपद वास्तुचक्रको निर्माण, त्रिमेखलायुक्त कुण्डमा हवन गर्ने विधि तथा वास्तुयज्ञको समाप्ति पछि शास्त्रोक्त प्रमाण र लक्षणका आधारमा तडागादि निर्माण गर्ने क्रम निर्देश गरिएको छ। निर्देश पछि क्रमवद्धरूपमा पद्धति लेखिएको छ। त्यस क्रममा मूल कर्मसँगै पुण्याहवाचन, व्राह्मणवरण, व्राह्मणपूजन, ग्रहयज्ञ लगायतका कर्महरूका साथै सर्वौषधी स्नानविधि र अभिषेक विधिहरू उल्लेख गरिएका छन्। १३ औं पत्र वाट क्रमशः गृहनिर्माणको लागि शुभाशुभ समयको निरूपण, मास, वार, लग्नवल आदिका आधारमा वताइएको छ। यसैगरी प्रासादनिर्माण विधि, गृह तथा प्रासादहरूमा गरिने वास्तुपूजाविधिहरू उल्लेख गरिएका छन्। विधि उल्लेख गर्ने क्रममा वास्तुपूजाको शुभाशुभ समय, मुहूर्त आदि समेत उल्लेख गरिएको छ। वास्तुयज्ञका क्रममा गरिने नान्दीश्राद्धको विस्तृत विधि लेखिएको छ। व्राह्मण पूजाका क्रममा गरिने मधुपर्क विधि र पूजाको विधिलाई वेद तथा शाखाका अनुसार फरक-फरक रूपमा दर्शाइएको छ। वास्तुचक्र निर्माण पनि साधारण र विशेष प्रकारको गरी उल्लेख गरिएको छ। वास्तुपूजाविधिको समाप्तिमा *रूपनारायणवास्तुपूजा समाप्तः*(fol. 35v3-4) भनी उल्लेख गरिएको छ र त्यसपछि लक्षहोमपद्धति उल्लेख गरिएको छ। हवनका क्रममा ग्रह, देवता, अधिदेवता प्रत्यधिदेवताहरूको हवनक्रम मन्त्रसहित उल्लेख गर्दै लक्षहोम पछि अयुतहोमको विधि पनि प्रस्तुत गरिएको छ। यज्ञ समाप्ति पछि गरिने मङ्गलस्नानको विधि, ग्रहपूजा प्रतिष्ठाको लागि गरिने दानविधिहरू प्रस्तुत छन्। पत्राङ्कनको क्रममा ५३ छुटेको छ तर पाठक्रम भने यथावत छ। ५४ औं पत्रवाट दायाँतर्फ नयाँ पत्राङ्कन सुरु गरी ३ पत्र सम्म र त्यसपछि ५७ औं वाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फेरि सुरु गरिएको छ। बायाँ तर्फको पत्राङ्कनमा भने सुरु देखिको क्रमवद्धता यथावत नै छ। ९३ औं पत्रमा वापीकूपतडागादि उद्यापन विधि समाप्त भई ९४ औं पत्रवाट तडागादि वास्तु विधि सुरु भएको छ। यस क्रममा एकाशीतिपद वास्तु निर्माणपश्चात् वास्तुपूजा गरी वास्तुवलि दिइनुपर्ने कुराको उल्लेख गरिएको छ। साथै त्रिमेखलायुक्त अग्निकुण्ड वनाई हवन गर्नुपर्ने क्रम देखाइएको छ। वास्तुयज्ञको क्रम समाप्ति पछि पुष्पिका वाक्यको अन्त्यमा विषयान्तरका चार हरफहरू छन्। पाण्डुलिपिको भाषा प्रायः शुद्ध छ। यस ग्रन्थका रचनाकार रघु शर्मा हुन् भने लिपिकर्ता र लेखन समय उल्लेख गरिएको छैन।

१०. वापीकूपतडागादिविधि

विषय संख्याः- वै. क १८३६	रिल सं. A ४८५/५	लगत सं. ५/१४९०
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-१०
आकारः- २४.४ x १०.४ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः॥ अथ वापीकूपतडागखातोद्यापनविधिप्रयोगः। तत्र यजमानः शुभमुहूर्ते कृताभ्यंगः शुचिर्भूत्वा प्राणानायम्य देशकालौ संकीर्त्य मम सकलकुटुंवानां क्षेमस्थैर्य-आयुरारोग्यपुत्रपौत्राद्यभिवृध्यर्थं सर्वपापक्षयार्थं जलाशयोद्यापनद्वारा एकविंशतिपुरुषानात्मनश्चोर्द्धतुं परमेश्वरप्रीत्यर्थं वापीकूपतडागखातादि-अमुकोद्यापनं करिष्ये इति संकल्प्य (fol. 1v1-7)

अन्त्यपाठः

तथा

वापीकूपतडागादौ यज्जलं स्यादसंस्कृतम्।

अपेयं तद्भवेत् सर्वं पीत्वा चांद्रायणं चरेत्।

अथोपघातप्रायश्चितम्। क्षुद्रप्राणिघातेषु षष्टिकुंभोद्धारे पंचगव्यप्रक्षेपः। एवं मूत्रपुरीषादौ। चर्मरुधिरादौ प्रक्षेपे त्रिंशत्कुंभजलोद्धारपूर्वकगोमूत्रादिप्रक्षेपादिमार्जनम्॥ (fol. 10v2-6)

उपपुष्पिकावाक्यः

इति शौनकोक्तवापीकूपतडागादि-उद्यापनप्रयोगः॥ (fols. 10r9-v1)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति वापीकूपादिशुद्धिः ॥ अथ संभारः ॥ सुवर्णप्रतिमाः । वरुण(!) १ गंगा२ गौतमी३ भीमा४ कृष्णा ५ वेण्याक्ष्सरस्वती७ यमुना८ नर्मदा ९ रजतप्रतिमाः मत्स्य१ दुंडुभ ताम्रप्रतिमाकुलीर१ मंडुक२ लोह- (fol. 10v6-9)

ग्रन्थसमीक्षाः

यस ग्रन्थमा सुरुमा जलाशय उद्यापनका लागि सङ्कल्प सहित पूर्वाङ्ग कर्महरूको सङ्केत गर्दै यज्ञारम्भको विधान उल्लेख गरिएको छ। पूजा तथा हवन विधिहरू उल्लेख छन्। प्रधान देवताको हवनको विशेष विधि तथा जलाशयको पश्चिम, उत्तर र पूर्व भागमा गरी छुट्टाछुट्टै तीनवटा हवन कुण्ड बनाई हवन गर्नुपर्ने विधि उल्लेख छ। साथै विकल्पमा तीनवटै हवन एकै कुण्डमा पश्चिम भागमा गर्न सकिने सङ्केत पनि छ। हवन पश्चात् यज्ञसमापनको विधि तथा जलाशयको वेष्टन, पूजन तथा उत्सर्जन विधिलाई उल्लेख गरिएको छ। यसैगरी अभिषेक विधि एवं जलाशय व्यवस्थापन विधिलाई देखाइएको छ। यस तडागादि उद्यापन विधि शौनकप्रणीत भएको कुरा यसको उपपुष्पिका वाक्यले देखाउँछ। १० पत्र भएको यस ग्रन्थमा उद्यापन विधि माथि नै समाप्त भए पनि शुद्धि, संभार आदि विधि लेख्ने क्रममा अपूर्ण छ। पाठ स्पष्ट र भाषा शुद्ध छ। लेखक र लेखन समय भने उल्लेख छैन।

११. वापीकूपतडागादिप्रतिष्ठा

विषय संख्याः- वै. क १८३७	रिल सं. A १३१७/२५	लगत सं.:- ५/१४९६
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-६४
आकारः- ३१.० x १०.७ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

ॐ नमो भगवते वासुदेवाय ॥ अथ वापीकूपतडागादिविधिः ॥ तत्र ⟨य⟩[क्र]मः ॥
कूपारामा(!)प्रपाकारी तथा वृक्षावरोपकः ।
कन्याप्रदः सेतुकारी स्वर्गमाप्नोत्यसंशयं(!) ॥ स
तडागे यस्य पा⟨णी⟩[नी] सततं खलु तिष्ठति
स्वर्गलोके गतिस्तस्य नात्र कार्या विचारणा ॥
येषां तडागानि शुभा प्रपाश्च
आरामकूपाश्च प्रतिश्रयाश्च ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्नं प्रदानं मधुरा च वाणी
तेषामयं चैव परस्य लोकः ॥ (fol. 1v1-3)

अन्त्यपाठः

ततः कृतहोमाग्निमभ्यर्च्य प्रणिपत्य विसर्जयेत्। तत आचार्यादिदक्षिणादानप्रभृतिभोजनपर्यन्तकर्म्म सर्वं जलोत्सर्गवदेव कर्तव्यम्। किंतु दक्षिणादिवाक्ये †प्रलाशन† पदस्थान(!)आरामोत्सवपदप्रक्षेप इति विशेषः। एकवृक्षपक्षे वृक्षोत्स-(fol. 64v9-10)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

विभिन्न प्रकारका जलाशय निर्माण गर्दाको महत्त्व तथा फल सम्वन्धी प्रकाश पारिएको यसको आरम्भ भागमा आदित्यपुराण, नन्दीपुराण, स्कन्दपुराण, मत्स्यपुराण आदिको वचन उल्लेख गरी प्रमाणस्वरूप लेखिएको छ। जलाशय दानको महत्त्व, समय आदिका साथै जलाशय प्रतिष्ठा तथा उत्सर्जन विधि विस्तारपूर्वक उल्लेख गर्ने क्रममा नान्दीकर्म, आभ्युदयिक श्राद्ध विधि, यज्ञमण्डपमा पश्चिमद्वारबाट प्रवेश गर्ने विधि अधिवासन विधि, जलाशय उत्सर्ग जस्ता विधिहरू उल्लेख गरिएका छन्। आभ्युदयिक श्राद्धको विशेष विधिमा प्रचलित भन्दा फरक पिण्डदानको विधान देखाइएको छ । यज्ञमा ब्राह्मणवरणको क्रममा विशेष विधि उल्लेख गर्ने क्रममा हरेक वेद अनुसारको मधुपर्कविधि एवं गृह्यसूत्रोक्त मधुपर्क विधि पनि उल्लेख गरिएको छ। ग्रहपूजा, दिक्पालपूजा, लोकपालपूजा विस्तृत रूपमा हुनाका साथै वैदिकाग्निस्थापनाको विधि उल्लेख छ। वैदिक अग्निस्थापनामा पनि हरेक वेदका अनुयायीहरूको फरक फरक विधि उल्लेख गरिएको छ। ग्रहहवन तथा वरुण एवं विश्वकर्मालाई हवन दिने विशेष विधि उल्लेख छ। वापी, कूप, तडाग आदि जलाशयको प्रतिष्ठा गर्ने विशेष विधि उल्लेख भएको यस पाण्डुलिपि अपूर्ण छ। सम्भवत यसको १ वा २ पत्र हराएको कुरा यसको प्राप्त भागको अन्त्यवाट सजिलै अनुमान गर्न सकिन्छ। जम्मा ६४ पत्र उपलब्ध भएको यस ग्रन्थको केही पत्रहरू जीर्ण अवस्थामा छन्। वैदिक तथा तान्त्रिक मिश्रित अग्निस्थापना विधिको पूर्ण प्रचलन भएको वर्तमान समयमा वैदिकमा पनि हरेक वेद अनुसारको पृथक् पृथक् विधि उल्लेख गरिएको यस्तो पद्धति सबैका लागि नयाँ र उपयोगी देखिन्छ। हरेक प्रकरणको अन्त्यमा संक्षिप्त वस्तुनिर्देशपूर्वक उपपुष्पिका वाक्यहरू उल्लेखित छन्। ग्रन्थ सम्पूर्ण रूपमा समाप्त हुन नपाए पनि पद्धति लगभग पूर्ण छ। लेखक, लेखनकाल र स्रोत ग्रन्थ उल्लेख छैन तर पुराणहरूको वचनहरूलाई अनुसरण गरी यस पद्धतिको विकास गरिएको कुरा स्पष्ट छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१२. पुष्करिणीप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. परि. २९७ रिल सं. A १२४३/७ लगत सं. १/१६९६/१६७

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी आकारः- १७.५ x ७.२ से. मी.

ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- ठ्यासफु

आदिपाठः

ॐ नमो वरुणाय ॥

पुष्करणीप्रतिष्ठाविधिः ॥ ..थुकुह्नु स्नानादि एकभक्त ॥ मातृश्राद्ध ॥ शतवृन्दका वोय ॥ ॥ संति(!) स्वस्ति(!) वाच्यपूर्व्वकं, व्राह्मणवरण याय ॥ विघ्निहरणवल्यार्च्चनमादिकुशण्डि याय ॥

अन्त्यपाठः

मया दत्तमिदं ..लं ।

रमन्तु सर्व्वभूतानि, स्नानपानावगाहनैः ॥ ॥

थ्वनलि पूण्णोंविधिथ्यं यज्ञधुनके ॥ अभिषेक ॥ साक्षिथाय ॥ कौमारीदर्शनं ॥

पुष्पिकावाक्यः

थ्वते पुष्करिणीप्रतिष्ठा ॥

वाक्य ॥ यजमानस्य, स्वकर्त्तव्य(!), जलदान(!), प्रणारि(!)का, तदुपरि अमुकदेवता, धर्मपट्टिका, सयूपपुष्करिणीप्रतिष्ठा ॥

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस पुष्करिणी प्रतिष्ठा विधिमा पुष्करिणी प्रतिष्ठा गर्नु पूर्व गरिने पूर्वाङ्ग कर्महरूका बारेमा निर्देश गरिएको छ। त्यसपछि सम्बन्धित पुष्करिणी (तलाउ)मा तीर्थहरूको न्यास गरी पूजा गर्ने विधिको निर्देश गरिएको छ। पूजाका क्रममा हवन गर्ने क्रमको पनि निर्देश गरिएको छ। पछि प्रमुख नदी, नागहरूको पूजा गर्ने नाम मन्त्र उल्लेख गरिएको छ। यस सानो ग्रन्थमा संक्षिप्त रूपमा पुष्करिणी प्रतिष्ठा गर्दा गरिने विधिको क्रम मात्र निर्देश छ, समग्र मन्त्र सहित विधि उल्लेख गरिएको छैन। नेवारी भाषाको प्रयोग विधि निर्देशका सन्दर्भमा गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१३. पुष्करिणीप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. परि. २९८   रिल सं. A १२४३/८   लगत सं. १/१६९६/११०८

भाषाः- संस्कृत, नेवारी   लिपिः- नेवारी   आकारः- २१.३ x ९.० से.

मी. ग्रन्थावस्थाः- सामान्य   लेख्य सामग्रीः- ठ्यासफु   लेखकः-श्री भुवनराज

आदिवाक्यः

/// नमो व्रह्मणे ॥ ॥ ॥ अथ पुष्करिण्यादिप्रतिष्ठाविधिर्ल्लिख्यते ॥ ॥ प्रथमं पुष्पभाजन याचके ॥ ॥ वाक्य ॥ ॐ अद्यादि ॥ यजमानस्य जलदानपुष्करिणीप्रतिष्ठावरुणस्थापनयज्ञनिमित्यर्थं । पुष्पभाजनं समर्पयमि ॥

अन्त्यवाक्यः

सामान्यं सर्व्वभूतेभ्यो, मया दत्तमिदं जलम् ।

रमन्तु सर्व्वभूतानि, स्नानपानावगाहनैः ॥

/// आसंसा ॥ आशीर्व्वाद ।विसर्ज्जनम् । कलशाभिषेक सगोणादि विये ॥

पुष्पिकावाक्यः

थ्वते पुष्करणीप्रतिष्ठाविधिः समाप्तः ॥ ॥

...

इति प्रतिष्ठा ज्रुरसा विधि उथ्यंङ ॥ वाक्य जुवव विशेष]] यजमानस्य जलदानप्रणालीप्रतिष्ठा, अमुकदेवप्रतिमाष्ठापनयज्ञनिमित्यर्थं ॥ लिखितं श्रीभुवनराजेन ॥

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस ग्रन्थ किराले खाएको र मुसाले काटेको कारणले जीर्ण अवस्थामा छ र माथिल्लो भाग खण्डित भएको छ। जसले गर्दा पाठका केही अंशहरू नष्ट हुन गएका छन्।

पुष्करिणी आदि प्रतिष्ठा विधि भनी लेखिएको यस ग्रन्थमा जलाशयमा वरुणको पूजन र स्थापने गर्ने विधि, पञ्चवलिविधि, पञ्चगव्यसाधनविधि, मण्डपभूमिशोधन विधि, पूर्वद्वारपूजा, वरुणको वेदीपूजन, वरुणकलशार्चनविधि, हवनविधि, जीवन्यास एवं यज्ञ निर्माण विधि, तीर्थहरूको आवाहन विधि, प्राणप्रतिष्ठा विधि, दिक्पूजा, व्राह्मणपूजा, आशीर्वाद, प्रार्थना, विसर्जन, अभिषेक आदिको विधि उल्लेख गरिएको छ।

प्रस्तुत ग्रन्थ जलदान प्रणाली प्रतिष्ठा गरी देवस्थापन गर्ने प्रयोजनका लागि श्री भुवनराजले लेखेका हुन् भन्ने जानकारी ग्रन्थको अन्त्यबाट प्राप्त हुन्छ। थोरै मात्रामा नेवारी भाषाको प्रयोग भएको यस ग्रन्थको लेखन समय प्राप्त छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४. वाप्यादिप्रतिष्ठाविधि

विषय संख्याः- वै. क. १८३८ | रिल सं. A ४५८/७ | लगत सं. ५/१४९६

भाषाः- संस्कृत | लिपिः- देवनागरी | पत्र संख्याः-१०

आकारः- २३.५ x ११. ४ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज

ग्रन्थकारः- नीलकण्ठ भट्ट

आदिपाठः

.. .. ॐ नमो श्रीगणेशाय ॥ अथ वापीकूपतडागानां प्रतिष्ठाविधिर्लिख्यते । तत्र कालः ।

कन्यानृयुग्मघटनक्रतुलाकुलीरमी(नोक्ष)[नर्क्ष]गे सवितरि द्विजवर्यमुख्यैः ॥

माघादिषट्सु च नवीनजलाशयानामू(र्झे)[र्जे]ऽथ मासि गदिता शुवकृत् प्रतिष्ठा ॥ १

प्रद्योतनप्रथमनिर्झरपूज्यसोमवारेषु जीवरजनीकरजन्मनोश्च

†पूर्स्मासु† सप्तभुजवह्निमितासु तोयोत्सर्गः शुभः समुदितः सितपक्षकेऽपि ॥२॥ (fol. 1v1-5)

अन्त्यपाठः

इमांधिंशिक्षमाणस्येति मंत्रे[ण] ब्राह्मणानां तडागोदकेन पादप्रक्षालनं कृत्वा तेभ्यो शक्त्या सुवर्णरजतदक्षिणां दद्यादिति "कर्ता कारयिता यस्य ह्यनुमंतान्यसूचकं । प्रतीक्षकश्च शुश्रुषु सर्वे धर्मफलाशिनः ॥ ॥ (fol. 12v7-9)

उपपुष्पिकावाक्यः

इति श्रीमीमांसकभट्टशंकरात्मजभट्टनीलकंठकृते भास्करे जलाशयारामोत्सर्गमयूखः समाप्तः ॥ (fol. 12r1-2)

पुष्पिकावाक्यः

इति शौनकोक्ते वापीकूपादिप्रतिष्ठा ॥ (fol. 12v9-10)

ग्रन्थसमीक्षाः

इनार, कुवा, तलाउ आदिको प्रतिष्ठा गर्नको लागि सर्वप्रथम मास, वार, तिथि, पक्ष, नक्षत्र, लग्न आदिको निर्देश गर्दै सुरु भएको यस विधिमा प्रतिष्ठा मुहूर्तको लग्न एवं ग्रहस्थितिको आधारमा समेत शुभाशुभ विचार गरिएको छ। निर्दिष्ट शुभ मुहूर्तमा गरिएको प्रतिष्ठावाट जलाशयको निर्माता जल प्रयोगकर्तालाई समेत शुभ फल हुने कुरा उल्लेख गरिएको छ। यसै गरी त्रिस्कन्धचिन्तामणि, मत्स्यपुराण आदि ग्रन्थका आधारमा मुहूर्त अनुसारका शुभ र अशुभ फलहरू बताइएको छ। जलाशयको पश्चिमपट्टि मण्डपनिर्माण गरी त्यसमा प्रमाण अनुसार द्वारनिर्माण गरी शास्त्रोक्त वनस्पतिकाष्ठद्वारा स्तम्भ निर्माणका साथै ध्वजापताकाद्वारा आकर्षक वारुण मण्डप निर्माण गरी, नैर्ऋत्यकोणमा वास्तुमण्डल, ईसानकोणमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रहमण्डल, पूर्वमा अम्बिका पीठ, वायव्यमा स्नानपीठ, पश्चिममा अग्निकुण्ड आदि निर्माण गरी विधिपूर्वक प्रतिष्ठाकर्म आरम्भ गर्नुपर्ने कुरा उल्लेख छ। नान्दीश्राद्धादि पूर्वाङ्ग कर्म समापन पश्चात् मुख्य कर्ममा जलपात्रविधि, पृथिवीको ध्यान, ब्राह्मणप्रार्थना, भूमिप्रार्थना, वारुणमण्डलस्थापना, वास्तुमण्डलस्थापना आदि विधिहरू उल्लेख छ। जम्मा १२ पत्रमा पूर्ण भएको यस ग्रन्थको ९ र १० पत्र हराएका छन्। त्यसैले यो ग्रन्थ विचमा खण्डित छ। प्रतिष्ठापुजाविधि तथा हवनादि विधि उल्लेख भएको यस ग्रन्थका रचयिता श्री नीलकण्ठ भट्ट हुन्। जलाशय निर्माण गरी प्रतिष्ठा गरेर वगैंचा बनाई वगैंचा सहित सवैको उपयोगको लागि उत्सर्जन गर्ने विधि यसमा वर्णित छ। यसमा शौनकोक्त वापी-कुप-तडागविधि पनि वर्णित छ।

शौनकोक्त विधिमा केवल विधिनिर्देश मात्र गरिएको छ। १२ औ पत्रको पछाडि लेखिएको शौनकोक्त विधिमा अघिल्लो विधि अनुसार मिल्ने खालका कर्महरूको सङ्केत गर्दै फरक विधिहरूको मात्र निर्देश गरिएको छ। यस पाण्डुलिपिका लेखक र लेखन साय उल्लेख छैन। भूमिगत जलको उपयोग गर्दा विशेष गरी यस ग्रन्थमा वताइएका कुरालाई अनुसरण गरेमा सर्वोपयोगी हुनसक्दछ।

१५. वापीकूपप्रणालीकाप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. परि. ४२४	रिल सं. A १२४८/९	लगत सं. १/१६९६/१८२५
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	आकारः- २०.७ x ८.० से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	लेखन समयः- ने सं

आदिवाक्यः

‖ ॐ नमः श्रीगणेशाय नमः ॥ अथ वापिकुपप्रणालिकाप्रतिष्ठा लिक्षते (!) ॥

तत्रापि पूजयेत्, वास्तु विम्बे भास्करभाजिते ॥

ईशखाग्निमृगाश्चैव, पितृरोगामनुद्दितिः ॥

ईशादीशान्तकोणेषु, सार्द्धद्विपदनायका(!) ॥

अन्त्यपाठः

ततो वल्यादि ॥ स्वस्वमन्त्रेण पूजयेत् ॥ ॥ ततो अर्थपदासाधनम् ॥ ॥ घृताहुति, घृताहुति, पूर्णा, तिलाहुति, संज्ञाहुति, यथाकर्म्म, देवदत्त सामृत्तिकास्नान, विजं न्यास, दशकर्म्म, थिरहारे ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

सुरुमा प्रतिष्ठा विधिको निर्देश र त्यसपछि प्रयोगविधि उल्लेख गरिएको यस ग्रन्थमा पहिले वास्तुपूजा गरी त्यस पछाडि प्रणालीको प्रतिष्ठा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। वापी कूप निर्माण गर्दाको महत्त्व, जलोत्सर्गविधि, दिक्पूजा, शिवशक्तिपूजा, अष्टचिरञ्जीवी पूजा, आग्नेयादि आठ दिशामा वासुकी आदि आठ नागको पूजाविधि उल्लेख गरिएको छ। प्रयोग विधिको उल्लेख गरेर पनि अष्टनागपूजा पछि गर्नुपर्ने विधिहरूको टिपोट मात्र गरिएको छ। पद्धति लेखनका हिसावले यो ग्रन्थ अपूर्ण छ।

नेवारी भाषाको समेत प्रयोग भएको यस ग्रन्थमा भाषिक अशुद्धिहरू प्रशस्तै पाइन्छन्। लेखकको नाम उल्लेख गरिएको छैन।

१६. वापीप्रासादप्रतिष्ठावर्षवर्द्धनसिद्धाग्नियज्ञविधि

विषय संख्याः- ता. क. परि. ४२५	रिल सं. A १२४८/१०	लगत सं. १/१३०३
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्रः- १४३
आकारः- २९.३ x ८.८ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

ꣻ श्रीगणेशाय नमः॥ श्रीगुरुभ्यो नमः॥ ॥ अथ वर्षवर्द्धनध्वजावलोहन(!) लिख्यते॥ ॥ मालक्व वसपे॥ ॥ कुण्डस चतुसम आदिन वा एलाव सिधलन श्रीचक्र चाय॥ ॥ यजमान पुष्पभाजन॥ अद्यादि॥ वाक्य॥ मानवगोत्रयजमानस्य श्रीश्रीजयभूपतीन्द्रमल्लदेववर्म्मणः श्रीश्रीश्रीस्वेष्टदेवताप्रीतिकामनया(या)पाषाणनिर्मीतवापीप्रासादसुवर्ण्णकलशाध्वजावलोहन(!), सिर्द्धा(!)ग्नियुताहुतियज्ञवर्षवर्द्धननिमित्यर्थ कर्तुं पुष्पभाजनं समर्पयामि॥ (fol. 1v1- 2r1)

अन्त्यपाठः

रेको व्रीहि॥ लेको घृतदोय॥ ॐ ह्राँ राँ रीँ रूँ अग्नये स्वाहा३॥ ॥ शिरोवेष्टन कोकय॥ ताम्वुर ङाय॥ न्यास लिकाय॥ वलि विसर्ज्जन याय॥ ॥ कलसया, वाचनया लंखनाभिखेक॥ चन्दन, सिंदूर, सग्वन, स्वान विय॥ ॥ साक्षि थाय॥ ॥ वलि, थव थव थायस छोय॥ ॥(fol. 143r1-4)

पुष्पिकावाक्यः

इति वापिप्रासादप्रतिष्ठावर्षवर्द्धनसिद्धाग्नियज्ञविधि(!) समाप्त(!)॥ ॥ शुभ(!)॥ ॥ (fol. 143r5-6)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

कुवा वा मन्दिरको प्रतिष्ठा गरे पछि प्रतिवर्ष गर्नुपर्ने हवनादि विधि उल्लेख भएको यस ग्रन्थमा राजा भुपतीन्द्र मल्लले पाषाणखण्डद्वारा निर्माण गराएका वापी तथा प्रासादको वर्षवृद्धि निमित्त सम्पन्न गरेका हवनादिविधिहरू उल्लेख छन्। यसमा सुरुमा राजा भूपतीन्द्र मल्ल द्वारा गरिएको यज्ञादि कर्मारम्भको सङ्कल्प वाक्य दिइएको छ भने त्यस पश्चात् कलशार्चनविधि, सूर्यार्घ्यविधि, न्यासविधि, जलपात्रपूजाविधि, मुद्राविधि, आत्मपूजाविधि, बलिविधि, महाबलिविधि, आवरणपूजाविधि, गुरुनमस्कार विधि, देवगायत्री, वागीश्वरीपूजा, तान्त्रिक अग्निस्थापनविधि, अग्निपूजनविधि, पञ्चबलिविधि, जपविधि, वेदीपूजनविधि, अग्निको दशसंस्कार विधि, हवन विधि आदि विधिहरूका साथै अन्त्यमा उत्तराङ्गपूजाविधि विस्तृत रूपमा प्रस्तुत गरिएको छ। भूपतीन्द्र मल्ल उल्लेख गरिएको सङ्कल्पवाक्य ११६ पत्रमा पनि छ। कौमारीपूजा, उग्रचण्डीपूजा, महाकालपूजा, दशमहाविद्याका पूजाका क्रमहरू दर्शाइएका छन्। तान्त्रिक पूजाका क्रममा बलिविधि अन्तर्गत मांसाहुति विधि पनि उल्लेख गरिएको छ। आचार्य पूजाविधि, अन्तर्बलिविधि, बहिर्बलिविधि आदि उल्लेख गर्दै ग्रन्थ समापन गरिएको छ।

सुरु र अन्त्य एवं मध्य भागमा पनि कतै कतै नेवारी भाषाको प्रयोग गरिएको छ। कुटाक्षरी मन्त्रहरूको प्रशस्त प्रयोग भएको छ। लेखक र लेखन समय भने उल्लेख गरिएको छैन।

१७. कूपप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. ३५०	रिल सं. A २३३/२	लगत सं. १/७३४
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ८
आकारः- ३१.० x १७.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ श्रीꣳगणेशाय नमः॥ श्रीगुरुभ्यो नमः॥ ॥ अथ कूपप्रतिष्ठाकलशार्चण(!)विधि(!) लिख्यते॥ ॥ यजमानपुष्पभाज(!)॥ अद्यादि॥ वाक्य॥ मानवगोत्रयजमानस्य श्री२जयभूपतीन्द्रमल्लवर्म्मणः श्रीꣳस्वेष्त(!)देवताप्रीत्यर्थं कूपप्रतिष्ठाकलशार्चण(!)पूजा(!) कर्तुं पुष्पभाजनं समर्प्पयामिः(!)॥ ॥

शुर्द्धः(!) शान्तं शिव(!)त्यादि॥

शक्तिपाशधरो नित्यं जलराजो महाबलः

निम्नगः शुक्लरूपश्च नमस्ते वरुणाय ते॥ ॥ (fol. 1v1-4)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

सर्व्वभूतेभ्य उत्सृष्टं मयैता(!)ज्जंलमु(ज्जि)[ज्झि]तम् ।
रमन्तु सर्व्वभूतानि स्नानपानावगाहनैः ।
सामान्यं सर्व्वभूतेभ्यो मया दत्तमिदं जलम् ।
रमन्तु सर्व्व[भू]तानि स्नानपानावगाहनैः ॥ ॥
थना गुरुतर्प्पण ॥ देवतर्प्पण याय ॥ पितृतर्प्पण मालको याय ॥ उपर्प्पशनं(!) ॥ ॥ दक्षिणादान(!) वाचन(!) ॥ ॥ वेदाचन याय ॥ ॥ विधिथ्यें कलशार्चन धुनके ॥ ॥ यजमान(!) अभिषेक(!) ॥ आशीवाद(!) ॥ ॥ साक्षी थाय ॥ ॥ (fol. 8r3-8)

पुष्पिकावाक्यः

इति कूपप्रतिष्ठाविधि(!) समाप्तः ॥ ॥(fol. 8v8)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले आफ्नो इष्टदेवताको प्रसन्नताको लागि कूपप्रतिष्ठा गर्ने क्रमको विधि दर्शाइएको यस ग्रन्थमा जलदेवता वरुणको पूजा विधि उल्लेख गरिएको छ । वरुणपूजाको सन्दर्भमा तान्त्रिक पूजाको विधि अनुसार गुरुनमस्कार, न्यास, आवाहन, ध्यान लगायतका विधिहरू क्रमवद्ध रूपमा प्रस्तुत गरिएका छन्। पूजा क्रममा दशदिक्पाल, नवग्रह, अष्टचिरञ्जीवी, कालका अवयव, कलशमा विभिन्न नदीहरूको पूजा गर्ने विधिहरू देखाइएको छ। कूप पूजाका क्रममा तीर्थन्यास एवं जीवन्यास गरी प्रतिष्ठा गर्ने विधिं तथा विश्वकर्माको पूजाविधि देखाइएको छ। वरुणलाई अर्घ्य दिने क्रम तथा जलदानको विधिलाई सङ्कल्प एवं मन्त्रसहित देखाइएको छ।

कतै कतै नेवारी भाषाको प्रयोग गरिएको यस ग्रन्थको भाषा प्राय शुद्ध छ। वीजमन्त्रहरूको पनि प्रयोग गरिएको छ। लेखन समय र लेखकको नाम उल्लेख छैन। सम्पूर्ण पत्रहरूको दायाँ तर्फको तल्लो भाग खण्डित छ तर अक्षरहरू नष्ट भएका छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१८. कूपप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. ३५२ रिल सं. A २३३/२१ लगत सं. १/१०५५

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्र संख्याः- ७५

आकारः- २८.० x १५.० से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

]] श्रीगणेशाय नमः ॥ श्रीगुरुभ्यो नमः ॥ ॥ अथ कूपप्रतिष्ठाविधि(!)लिख्यते ॥ ॥ दिवसानुक्रमेन(!) पीठपूजा छोय ॥ ॥ †ह्ङथुकुह्† आभ्योदकमातृशाद्धविधि(!) ॥ मालको जियकाव ॥ यजमानपुष्पभाजनम् ॥ अद्यादि ॥ वाक्य ॥ मानवगोत्रयजमानस्य श्री३जयभूपतीन्द्रमल्लवर्म्मणः श्रीश्स्वेष्टदेवताप्रीत्यर्थं कूपप्रतिष्ठायवोदकवृद्धश्राद्धकतुं(!) पुष्पभाजनं समप्रयामिः(!) ॥ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

कौरापूर्य्यां महाक्षेत्रे, वटवृक्षनिवासिनी ॥
याम्ये पीठे स्थिता नित्यं, कौमारी च नमोस्तु ते ॥
यथा वाणप्रहाराणां, कवचं भवतु वारिणम् ।
तत्तद्दैवविधात्राणां, शान्तिर्भवतु वारिणम् ॥ ॥

वाक्य ॥ अत्र गन्धादि ॥ ॥ तर्प्पण ॥ प्रीतःप्रेतोत्यादि ॥ ॥ हंसह्मछि१ हिंसा ॥ ॥ कौमारी स, समय छाय ॥ ॥ विरभोज्यकलं कानम् ॥ ॥(fol. 75 r7-v1)

पुष्पिकावाक्यः

इति कौमारार्चनविधि(!) समाप्तः ॥ ॥(fol. 75v1-2)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले कूपप्रतिष्ठा गर्ने सन्दर्भमा कूपे प्रतिष्ठाको नान्दीकर्म स्वरूप गरेका विविध कर्महरूमध्ये वृद्धिश्राद्धको विधिलाई यस ग्रन्थको आरम्भमा उल्लेख गरिएको छ। तान्त्रिक विधि अनुसारको यस श्राद्धको विधि सम्पन्न गर्दा यज्ञाचार्यका साथै दैवज्ञ (ज्योतिषी) आचार्यको पनि उल्लेख गरिएको छ। यस क्रममा यवोदक विधिका साथै अधिवासनविधि उल्लेख गरिएको छ। भूतशुद्धि, आत्मपूजा, पञ्चबलिपूजा, अजरादिक्षेत्रवलि, विघ्नहरणबलिविधि, पञ्चगव्यसाधन, ज्ञानखड्गसाधन, तान्त्रिक विधि अनुसारको अग्निस्थापना र हवनविधि, प्रतिष्ठा गर्दाका प्रधान देवाहरूको हवन विधि, देशापाटन विधि, कालापाटनविधि, विविध कलशहरूको स्थापना गरी पूजा तथा हवन गर्ने क्रममा आदित्यकलश,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रकलश, गणगुरुकलश, मृत्युञ्जय कलश लगायतका कलशहरूको पूजा विधान देखाइएको छ। जलाशयको चारैतर्फ दिशा अनुसारको फरक-फरक वर्ण भएका नागको पूजा गर्ने, प्रधानदेवताको सूक्ष्मस्नान विधि, षोडश संस्कारको विधि, प्राणप्रतिष्ठा विधि, हवनविधि, सप्तप्रणवन्यास, षडङ्गन्यास, मन्त्रसहित अष्टोत्तरशत हवन गर्ने विधि र क्रम तथा यज्ञ समाप्तिको विधि उलेख गरिएको छ। अग्निको गायत्री एवं पूजाविधि पनि प्रस्तुत छ। ६९ पत्रमा गएर कूपप्रतिष्ठा विधि समाप्त भएको छ। ७० देखिका ६ पत्रमा कौमारार्चन विधि उल्लेख गरिएको छ।

कतै-कतै नेवारी भाषाको प्रयोग एवं कुटाक्षरी मन्त्रको प्रयोग गरिएको छ। भाषामा त्रुटि देखिन्छ। लेखक र लेखन समय उल्लेख गरिएको छैन।

१९. जलकूपप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. परि. ९१	रिल सं. A १२२९/१६	लगत सं. १/१६९६/७९९
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	आकारः- २०.५ x ९.० से. मी.
ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्य(!) नम ॥ अथः तुथि सलाया, पतिष्व वीधिः ॥ वसपे वीधी ॥ कोतोल पूजा जु १ ॥ कलेस तो हा पो, माच, न्हसकन ॥ सिंधमुङ ॥ नगप्वं ॥

अन्त्यपाठः

ॐ हाँ अर्य्यम्ने नम ॥ पश्चिमायां ॥ ॐ हाँ जम्भकाय नम ॥ उत्तल(!)स्यां ॥ ॐ हाँ पिनिपिम्भाय नम ॥ इति गन्धपुष्पादिभिस्संपुज्य स्वाहान् तेन बलिं गृह्ण २ स्वाहा ॥

पुष्पिकावाक्यः

इति श्रीएकाशिकोष्ठपूजावीद्धि (!) समाप्तः ॥ ❀ ॥ ❀ ॥

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस जलकूपप्रतिष्ठाविधि भएको ग्रन्थमा सूर्यार्घ्यविधि, अर्घ्यपात्रपूजा विधि, आत्मपूजाविधि, न्यासविधि, इन्द्रादि दशदिक्पालपूजाविधि, कौमारीपूजा विधिहरू उल्लेख गरिएका छन्। यसै गरी जलकूपप्रतिष्ठाविधिको समाप्ति पछि योगजा पूजाविधि, नवग्रहदानविधि, नवग्रहपूजाविधि, गृहप्रतिष्ठाविधि, गणपति पाञ्चायनपूजा विधि उल्लेख गरिएको छ। ठ्यासफुको अर्कोपट्टि, एकाशीतिकोष्ठपूजाविधि उलेख गरिएको छ। एकाशीतिपद भएको सामान्य चक्र पनि दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रशस्त कुटाक्षरी मन्त्रहरूको प्रयोग गरिएको यस ग्रन्थमा कतै कतै नेवारी भाषाको समेत प्रयोग गरिएको छ भने भाषिका अशुद्धिहरू छन्। लेखक र लेखन समयको उल्लेख गरिएको छैन।

२०.शिलान्यासविधि

विषय संख्याः- वै. क. ६८४	रिल सं. B ३६५/१२	लगत सं. ५/१७१२
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- ३५
आकारः- २७.७ x १२.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
ग्रन्थकारः-कुलनिधि शर्मा	राजाः- मुकुन्द सेन	

आदिपाठः

श्रीगणेशाय नमः। अथ परिच्छेदद्वयानुक्तकर्मविधायकस्तृतीयपरिच्छेद उच्यते। तत्रादौ तृतीयाविवाहविधानार्थमर्कविवाह(!) कथ्यते (fol. 1v1-2)

अन्त्यपाठः

ततः पूर्ववद्दिग्बलिं दत्वा शांतिकाध्यायं जपेत् । ततो यजमानो दक्षिणाभिराचार्यं ब्रह्माणं(!) तोषयेत् । ‹‹ततो यजमानो दक्षिणाभिराचार्यं ब्रह्माणं तोषयेत्›› ततो कलशोदकेन वैदिकपौराणमंत्रैरभिषेकं कारयेत् । ... ब्राह्मणं सहस्रं अष्टोत्तरशतं अष्टाविंशति(!) वा भोजयेत् (fol. 34v2-5)

पुष्पिकावाक्यः

इति गृहहर्म्यप्रासादाद्यारंभोपयोगीशिलान्यासविधिः
श्रीमन्मुकुंदसेनस्य विद्वन्नृपशिरोमणेः
कृतिः संपूर्णतां याता कर्मकाण्डप्रकाशिका १
शतवर्षाधिकं चायुर्मुकुंदो वः प्रयच्छतु
मुद्राः शताधिकास्तूर्णं मुकुंदो न प्रयच्छतु २
यद्यन्नाम निवर्द्धन्ते भूपवंशादिवर्णने
मुद्रां दद्युः प्रतिश्लोके पादं राजयशोर्थिनः ३
इति श्रीरूपनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीमुकुंदसेनब्रह्मणा कारिते
...
गृहाद्यारंभोपयोगीभूमिविचारशिलान्यासकर्मणां तृतीयपरिच्छेदः समाप्तः । शुभम्। श्रीगुर्व्वर्पणमस्तु । शांतिरस्तु। (fols. 34v6-35r4)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

प्रस्ततुत ग्रन्थमा तेस्रो पत्र सम्म अर्कविवाह विधिका वारेमा वताइएको छ। तेस्रो देखि वाहौं पत्र सम्म प्रथमरजस्वलाको समय अनुसार शुभाशुभ फल तथा दुष्ट रजोदर्शनको शान्ति विधि वताइएको छ। वाहौं देखि तेइसौं पत्र सम्म क्रमशः प्रथमदारागमन, गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, निष्क्रमण, अक्षरारम्भ, जन्मोत्सव, तुलापुरुषदान, लौहतुलादान, घृततुलादान आदिका विधिहरू उल्लेख गरिएका छन्। २४ देखि ३१ पत्र सम्म गृहनिर्माण पश्चात् शुभ दिनमा शास्त्रोक्त विधि अनुसार गरिने गृहप्रवेश र गृहवास्तुशान्तिविधि उल्लेख गरिएको छ। ३१ औं पत्रमा घर तथा मन्दिर एवं दरवार निर्माणपूर्व भूमिलक्षण विचारका वारेमा प्रकाश पारिएको छ। त्यस पछि ३५ औं पत्र सम्म गृहादिनिर्माणपूर्व गरिने शिलान्यासविधि बताइएको छ। यो ग्रन्थ राजा मुकुन्दसेनद्वारा रचना गर्न लगाइएको कुरा यसको पुष्पिकावाक्यवाट स्पष्ट हुन्छ। कुलनिधि शर्माद्वारा रचित प्रस्तुत कर्मकाण्ड निवन्धमा घर, दरवार एवं मन्दिर निर्माणको उद्देश्य पूरा गर्ने सन्दर्भमा भूमिलक्षणको ज्ञान, निर्माणाधीन वास्तुको स्थायित्वको लागि उचित समयमा शिलान्यास र स्थायित्व एवं सम्पन्नताको लागि उचित मुहूर्तमा गरिने प्रवेश र वास्तुशान्ति विधि वर्तमान समयमा सान्दर्भिक देखिन्छ।

२१. शिलान्यासवास्तुपूजन

विषय संख्याः- वै. क. २०३९	रिल सं. B ३७९/१९	लगत सं. ३/४४४
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-१०
आकारः- २५.५ x १०.०	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

अथ शिलान्यासक्रमः तत्र

एकविंशद्विजातीनां क्षत्राणां दशसप्तकम्

त्रयोदशं तु वैश्यानां शूद्राणां तु नवाङ्गुलम्

इति जातिभेदेन शिलाक्रमः तत्रायं प्रयोगः ब्राह्मणस्य एकविंशति २१ अङ्गुलमिता दीर्घा। सार्द्धदश १० ॥ अङ्गुलमिता आयता सपादपञ्च ५। अंगुलमिता स्थूला इति १॥ ॥ क्षत्रियस्य ... स्थूलेति ४॥ (fol. 1v1-7)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

भोर भूतप्रेतडाकिनीशाकिनीपिशाचवेतालादिपरिग्रहाः ! एनं कृसरान्नवलिं भक्षत । यजमानं रक्षत। आयुः कर्तारः शान्तिकर्तारः तुष्टिकर्तारः पुष्टिकर्तारो भवत। इति भूतवलिं दक्षिणस्यां दिशि दद्यात्। ततो गृहे यथासुखं पंचरात्रपर्यंतं शयनाशनादि अविच्छेदेन कर्तव्यम् इति शिवम्॥ (fol. 9v4-7)

पुष्पिकावाक्यः

इति शिलान्यासवास्तुपूजनगृहप्रवेशविधानम्॥ अथ शिलान्यासादिकर्मणि सामग्रीसूचिका॥

शिख्यादिपंचचत्वारिंशत् ४५ ... ब्राह्मणभोजनं चेति सामग्रीसूचिका॥ (fols. 9v7-10r10)

ग्रन्थसमीक्षाः

ब्राह्मण, क्षत्री, वैश्य, शूद्र चारै वर्णको गृह निर्माणको क्रममा आरम्भमा गरिने शिलान्यासको विधि विस्तृत रूपमा उल्लेख गरिएको यस ग्रन्थमा शिलान्यासका लागि वर्ण अनुसार शिलाको प्रमाण वताइएको छ। वर्ण अनुसार वताइएको प्रमाणको आधारमा नन्दा, भद्रा, जया, रिक्ता, पूर्णा गरी पाँच पाँच वटा शिला जम्मा गरी कुशासनमा राखी विधिपूर्वक मन्त्रद्वारा स्नान गराई, लेपन गरी शिलामा छुट्टाछुट्टै चिह्नहरू निर्माण गरी देवताहरूको आवाहन सहित गरिने पूजाविधि बताइएको छ। यसपछि शिलाको आवाहन, पूजन, हवन, दिक्पालादिलाई वलिदान आदि विधि मन्त्रसहित उल्लेख गरिएको छ भने सर्पाकार वास्तुपुरुषको प्रतिष्ठापन तथा पूजाविधि पनि उल्लेख गरिएको छ। ब्राह्मणले ईशानकोणवाट र क्षत्रियादिले आग्नेय कोणवाट शिलान्यास आरम्भ गरी पूर्णा शीलालाई मध्य भागमा राख्नुपर्ने कुरा उल्लेख गरिएको छ। शिलान्यास पछि पञ्चशिलामा अष्टधातु निक्षेप गर्ने, अघोर मन्त्रले १०८ हवन गर्ने जस्ता विशेष विधिहरू यसमा उल्लेख गरिएका छन्। यसै गरी गृहनिर्माणाधीन भूमिको प्रदक्षिणा, लग्नदानको विधि समेत उल्लेख गरिएको यस विधिमा शिलान्यास गरेको दिन सन्ध्याकालमा अश्वत्थपत्र सहित सूत्रद्वारा गृहप्रदक्षिणा गर्नुपर्ने, कलशको जलद्वारा घरलाई (निर्माणाधीन) स्नान गराउनुपर्ने, पताकाहरू रोपण गर्नुपर्ने, ११ हात प्रमाण भएको ठूलो ध्वजालाई देहलीको मध्यभूमिमा रोपण गर्नुपर्ने कुराहरू लेखिएको छ। सायङ्कालमा पनि क्षेत्रपालहरूलाई बलिदान गर्नुपर्ने विधि उल्लेख गरिएको छ। सन्ध्यासमयमा गर्नुपर्ने भूतवलिको विधि र मन्त्र उल्लेख गरिएको छ। यस ग्रन्थको ८ पत्रको अन्तिमतिरवाट हेर्दा केही उल्लेख नगरे पनि शिलान्यासको विस्तृत विधिपछि वास्तुशान्ति र गृहप्रवेशको समेत सङ्केत गरिएको जस्तो देखिन्छ। सायङ्कालमा गरिने विधि, ध्वजारोपण विधि आदि उल्लेख गर्नुले यसमा प्रवेशको सङ्केत पाइन्छ। अझ यस वाक्यले यसको पुष्टि हुन्छ *"ततो गृहे यथासुखं पंचरात्रपर्यंतं शयनाशनादि-अविच्छेदेन कर्त्तव्यम् इति शिवम्॥"* (fol. 9v6-7)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जम्मा १० पत्र भएको यसमा ९ पत्रको अन्तिमवाट *"अथ शिलान्यासादिकर्मणि सामग्री सूचिका ॥"(fol. 9v7-8)* भनी सामग्रीहरूको सूची उल्लख गरिएको छ।

"शिख्यादिपंचचत्वारिंशत् ४५ ... देवानां प्रतिमा ... ब्राह्मणभोजनं चेति सामग्रीसूचिका॥"(fol. 9v8-10r10) आदि पाठको अध्ययन वाट आवश्यक सूचीहरूको ज्ञान प्राप्त गर्न सकिन्छ। यस ग्रन्थमा प्रयुक्त भाषा शुद्धप्राय छ। पुष्पिकावाक्यमा स्पष्टरूपमा शिलान्यास, वास्तुपूजन र गृहप्रवेशको विधान भने पनि शिलान्यास विधि मात्र विस्तृत रूपमा विवेचना गरिएको छ। यस प्रकारको शिलान्यास विधि वर्तमान समयमा स्थिर वास्तु निर्माणका लागि सर्वोपयोगी देखिन्छ।

२२. वास्तुशिलान्यासादिसङ्ग्रह

विषय संख्याः- ता. क. परि. ४३२ क	रील सं. A १२४८/१८	लगत सं. १/५९७
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ४९
आकारः- २४.० x ९. ६ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-कागज
लेखन समयः- ने. सं. ८७८	लेखकः- दैवज्ञ धन	

आदिपाठः

इ(!)शश्चैव तु पर्जन्यो जयो माहेन्द्रं(!)[[मे]]व च
आदित्यश्चैव सत्त्यश्च भृगुश्चैवान्तरिक्षका॥
.. तें(!) पूर्व्व समाख्याता दक्षिणा कथयाम्यहम्॥
अग्निपुषा च वितथो ग्रहनक्षत्रयमथा (!)
गंधर्वो भृंगराजस्य भृंगश्चैव यथाक्रमम्॥
एते दक्षिणमाख्याता पश्चिमे कथयाम्यहम्॥ (fol. 1v13)

अन्त्यवाक्यः

ऊर्ध्वस्यां ब्रह्मदैवत्यं महाभगवती ध्वजा।
सुप्रभा तामसा प्रोक्ता श(!)र्व्वविघ्नविनाशनी॥
पीतवर्णमहादीप्ता सर्वालङ्कारभूषिता॥
सर्वशान्तिकरा ह्येषा सर्वकामफलप्रदा।
एह्येहि महाभगवती ध्वजा विलेपनादिः॥ ब्रह्मणस्पते ऋग् ब्रह्मा देवानां यजुः। ब्रह्मा ब्रह्मासानः।
ब्रह्माणिमेत्यथर्व्वणः॥१०॥
(fol. 48v6-8)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति ध्वजापूजा ॥ समाप्तम् ॥ रेखकदैवज्ञधन सं ८७८ नष्ट .. ..(fol. 48v8- right margin)

ग्रन्थसमीक्षाः

सुरुमा चतुषष्ठीपद वास्तुचक्रको पदस्थ देवताहरूको नाम ईशान तर्फको क्रम अनुसार वताइएको छ। त्यसपछि भूतोच्चाटनको क्रम र विधिको निर्देश गरिएको छ। पञ्चगव्यशोधनविधि, कुण्डखातपूजाविधि, वास्तुपदस्थ देवताहरूको वर्ण, दिक्पालपूजाविधि, क्षेत्रपालपूजा विधि, द्वारपूजा विधि, दीपस्थापन विधि, नान्दीश्राद्धविधि, मातृकापूजाविधि, मेखलापूजाविधि, आधारशक्तिपूजाविधि, सप्तपातालपूजाविधि, वेदोक्तवास्तुपूजाविधिको निर्देश, सूत्रोक्तवास्तुपूजाविधि, वास्तुमणिभद्रपूजाविधि, क्षेत्रपालपूजाविधि, वास्तुवलिविधि, शिलान्यासविधि आदि विधिहरू उल्लेख गरिएका छन्। मातृका पूजाविधिमा प्रचलित पद्धतिहरूमा भन्दा विस्तृत तवरले प्रत्येकको मन्त्रसहित राखिएको छ। यो गृहनिर्माण पूर्व गरिने वास्तुविधि हो।

वास्तुशिलान्यासादि विधि पछि युधिष्ठिर र कृष्णको संवादमा अन्तर्निहित तुलापुरुषदानविधि उल्लेख गरिएको छ। यसैगरी ध्वजापूजा विधि अन्त्यमा उल्लेख गरिएको छ। भाषिकरूपमा प्रशस्तै त्रुटिहरू भएको यो ग्रन्थ पूर्ण छ।

प्रस्तुत ग्रन्थमा प्राप्त तुलापुरुषदान विधि भन्दा अघिको भाग चिन्तामणि उपाध्यायले शक संवत् १५३९ चैत्र शुक्ल पूर्णिमा मङ्गलवारमा लेखेका हुन्।[३] तुलापुरुषदान विधि सहित चिन्तामणि लिखित पाठ पछि दैवज्ञ धनले ने. सं. ८७८ मा पुनर्लेखन गरेका हुन्।

---

[३] *यादि(!)शं पुस्तकं द्रि(!)ष्ट्वा तादि(!)शं लिषि(!)तं म्म(!)या ॥ यदि शुद्धमशुद्धो(!) वा मम दोषो न दीयते ॥ ॥ ॥ ॥ लेष(!)कपाठयो चिन्तामनी उपाध्या ॥ आत्मपठनार्थ(!) परोपकारार्थं ॥ श्री शाके १५[०]३९ ॥ ॥ (fols. 43v7-44r4)*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२३. मण्डपवास्तुपूजाविधि

विषय संख्याः- वै. क. १५६४ | रिल सं. A ४५४/१५ | लगत सं. ५/६४९२

भाषाः- संस्कृत | लिपिः- देवनागरी | पत्र संख्याः- ३

आकारः- २४.० x १२.१ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः ॥ मण्डपवास्तुपूजाविधिः ॥ कुशादीन्यादाय अद्येह ममाऽमुककर्मणि वास्तुमण्डलदेवतापूजनमहं करिष्ये इति संकल्प्य मण्डपनैरृत्यभागे ईशनादिकोणचतुष्के ॥ (fol. 1v1-2)

अन्त्यपाठः

उर्ध्वो भव प्रतिविध्याध्यस्मदाविस्कृणुष्वदैन्यान्यग्रे ॥
अवस्थिरातनु हि यातुजूनां जामिमजामि प्रमृणी हि शत्रून् ॥ ५ ॥ (fol. 3v7-8)

पुष्पिकावाक्यः

इति मण्डपवास्तुसमाप्तः ॥ (fol. 3v8)

ग्रन्थसमीक्षाः

जम्मा ३ पत्र भएको यस मण्डपवास्तुपूजामा शङ्कु स्थापना गरी आग्न्येयादि क्रमले क्रमश विदिशामा वलि दिएर यजमानले सुवर्णशलाकाद्वारा मण्डप वेदीमा मन्त्रपूर्वक चन्दन आदिद्वारा रेखा निर्माण गरी कोष्ठक रचना गरेर वर्ण अनुसारका कोठामा फरक फरक वास्तुपुरुषाङ्गभूत देवताको पूजा गर्ने विधि वताइएको छ। यसरी पूजा गरिसकेपछि वलि दिने विधिका साथै हवनको क्रम पनि प्रणवादि चतुर्थ्यन्त मन्त्रद्वारा वताइएको यसको अन्त्यमा पवमानसूक्त र रक्षोघ्नसुक्त पनि राखिएको छ। लेखक र लेखनसमय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२४. मण्डपवास्तुपूजा

विषय संख्याः- वै. क. १४०	रिल सं. A ११४९/५	लगत सं. ४/३२७०
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-५
आकारः- १२.० x ८.४	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज/कापि

आदिपाठः

श्रीगणेशाय नमः ॥ अथ मण्डपवास्तुपूजाविधिः ॥ कुशादीन्यादाय हरि ॐ तत्सत् अद्येह मम कर्मणि वास्तुमण्डलदेवतापूजनमहं करिष्ये ॥ अथ मण्डपनैऋत्येभागे ईशानादिचतुष्के ऊ(!)डुम्वरशंकुन् रोपयेत् ॥(p.1, ll. 1-7)

अन्त्यपाठः

तच्च सम्पूर्णमेवा(!)ऽस्तु प्रश(!)न्नो भव सर्वदा ॥
स्वागतं देवदेवेश मद्भाग्या(!) त्वमिहागतः ॥
प्राकृतं त्वं च मां दृष्ट्वा वालवत् प्रतिपालय ॥
यत्पूजितं मया वास्तो(!) परिपूर्णं तदस्तु मे ॥
नमस्ते वासुदेवेश सर्वविघ्नहरो भव ।
शान्तिं कुरु सुखं देहि सर्वान्कामान्प्रयच्छ मे ॥ ॥ (p. 12, ll. 1-9)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

यस मण्डपवास्तुपूजा ग्रन्थमा मण्डपको नैऋत्य भगमा ईशान आदि ४ कोणमा शङ्कुरोपण गरी आग्नेय कोणवाट सुरु गरी मासभक्त वलि दिएर वास्तुपूजा गर्ने एवं कर्ताले वास्तुवेदीमा मन्त्रपूर्वक सुवर्णादि शलाकाले रेखाहरू वनाउनुपर्ने विधान उल्लेख गरिएको छ। यसैगरी रेखाहरूद्वारा निर्मित प्रकोष्ठहरूमा चतुष्षष्ठीपद वास्तुको क्रम अनुसार वास्तुमण्डलस्थित व्रह्मादि देवताहरूको पूजा गर्ने क्रम देखाइएको छ। वास्तु मण्डलको ईशान भगमा दीप, कलश र गणेश पूजा गरी अर्घ्यस्थापना पूर्वक मध्यभागमा राखिएको सुवर्णप्रतिमामा निर्दिष्ट वैदिक मन्त्रहरूद्वारा वास्तुपुरुषको पूजा गर्ने क्रम तथा पूजा पश्चात् व्रह्मादि देवताहरूलाई दिइने वलिदानको विधि उल्लेख गरिएको छ । यसमा वास्तुको हवन गर्ने निर्देश गर्दै पुष्पाञ्जलीका मन्त्रहरू पनि उल्लेख गरिएको छ। यसको भित्री गातापृष्ठमा पछि "संक्षिप्तमण्डपवास्तुपूजाविधि" भनी लेखिएको छ र तल पं. भुवनेश्वर भट्टराई भनी उल्लेख गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसबाट भुवनेश्वर भट्टराईले नै यो मण्डपवास्तुपूजा लेखेका हुन् वा यो ग्रन्थ उनैको स्वामित्वमा रहेको थियो भन्ने अनुमान सजिलै गर्न सकिन्छ। अन्तिमका थुप्रै बाँकी पत्रहरू खालि छन्।

२५. यज्ञमण्डपनिर्माणविधि

विषय संख्याः- ता. क. ११२८	रिल सं. A २४७/१०	लगत सं. १/८१७
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ५०
आकारः- २८.५ x १५.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

]] दिवसानुक्रमेण, यज्ञमण्डपगोयविधि ॥ याङ प्रक्षारण याचके ॥ यजमान पुष्पभाजनं ॥ ॥ अद्यादि ॥ वाक्य ॥ यजमानस्य मानवगोत्रश्रीश्रीजयभूपतीन्द्रमल्लवर्म्मणः श्रीश्रीस्वेष्टदेवताप्रीतिकामनया पाषाणनिर्म्मितप्रासादप्रतिष्ठा तदुपरि सुवर्ण्णकलशध्वजारोहन(!)कोटयाहुतिसिद्धाग्नियज्ञकर्मनिमित्यर्थं, मण्डपारम्भन(!) कर्तुं पुष्पभाजन(!) संमर्प्पयामि ॥(fol.1v1-8)

अन्त्यपाठः

रक्ष त्वं सर्व्वकारेषु देशनभैरव नमोस्तु ते ॥[४]

सुप्रतिष्ठा वरदा भवन्तु ॥ ॥

पूर्ण्णचन्द्रनिभं शुभ्रं दर्प्पणं शत्रुदर्पहा ॥

आत्मविन्दुधरं यस्य संप्रदाय जयाय च ॥ ॥

कौमारी विसर्ज्जन ॥ थायस छोय ॥ ॥ साक्षि थाय ॥ ॥ वाक्य ॥ कृतकर्मणे साक्षिणे श्रीसूर्य्याय अर्घं(!) नमः ॥ ॥ (fol. 50v6-9)

पुष्पिकावाक्यः

थ्वते मण्डपगोयविधिः ॥ शुभ(!) ॥(fol. 50v9-10)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले आफ्नो इष्टदेवताको प्रसन्नताको लागि पाषाण निर्मित मन्दिरको प्रतिष्ठा र त्यसमाथि सुवर्णकलश एवं ध्वजारोहण गरी कोटिहवन गर्ने उद्देश्यले गरेका मण्डपारम्भ गर्ने सन्दर्भको यस

---

४ अधिकमात्रा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थमा भूमिसंस्कार, अङ्गन्यास, गुरुनमस्कार, जलपात्र पूजा, सम्वन्धित देवदेवीको वलि विधि अन्तर्गत मातृगणवलि, चौसठ्ठी योगिनी वलि, अजरादि क्षेत्रपालवलि, आत्मपूजा, भूतशुद्धि, कलशपूजा, मुद्राविधि, गुरुमण्डलपूजा विधि, क्रमपूजा, नवद्वारन्यास, गुरुपद्धति पूजा विधि, महावलि विधि, वलिपूजाविधि, पीठपूजाविधि, कौमारी पूजाविधि लगायतका विधिहरू उल्लेख गरिएका छन्।

स्थान स्थानमा नेवारी भाषा र कुटाक्षरी मन्त्रहरूको प्रयोग गरिएको छ। ग्रन्थको वायाँ किनाराको विचको भाग खण्डित भएको छ तर अक्षरहरू सुरक्षित छन्। भाषागत त्रुटिहरू प्रशस्तै भेटिन्छन्। लेखक र लेखन समय उल्लेख गरिएको छैन।

२६. वास्तुमण्डलमण्डपार्चनविधि

विषय संख्याः- ता. क. परि. ४२९	रिल सं. B ५२९/२	लगत सं. १/ १६९६/१७८
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	आकारः- २५.५ x १२.० से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- ठ्यासफु	

आदिपाठः

/// रुडासनाय पादुकां। ऐँ ५ ॐ ह्राँ

/// ॥ ऐँ ५ ▒ श्री पूर्ण्णा स नाथ श्रीपूर्ण्णा

/// ॥ ॥ उत्तरे ॥ पश्चाम्नाये पादु

///अनन्ताय पादुकां ॥ ऐँ ५ ▒

///नाथ श्रीकामाम्वा पादुकां ॥

अन्त्यपाठः

ततोमहालक्ष्मी क///

स्न ॥ सिंहास्ना///

य नमः ॥ ध्या///

हेमत्क्षारसमप्रभ///

माहारनभूषिनी ॥ ख///

पद्मोत्परविधानिनी ॥ एव ///

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

बृहत् आकारको ठ्यासफुमा लेखिएको यस ग्रन्थको सुरु र अन्त्य पाठ लेखिएका पत्रहरू च्यातिएको कारणले सुरुको मण्डपारम्भविधि र अन्तिम प्रकरणका पाठहरू अपूर्ण मात्र प्राप्त छ। यस ग्रन्थमा गोमयलिङ्ग स्थिरासन पुजा, मण्डपारम्भविधि, न्यासार्घपात्रपूजाविधि, चलासनपूजाविधि, दशद्वारपूजाविधि, दिक्कलशपूजाविधि, गणकलश पूजा, गुरुकलशपूजा, योगिनीकलशपूजा, क्षेत्रपालकलश पुजा, विघ्नमर्दकलशपूजा, विरुपाक्ष कलशपूजा, महालक्ष्मी कलशपूजा, वृकोदरक्षेत्रकलश पूजाविधि, मृत्युञ्जयकलश पूजाविधि, आदित्य कलशपूजा, अङ्कुरार्पणविधि आदि उल्लेख गरिएको छ। ठ्यासफुको दुवै भागमा लेखिएको यस ग्रन्थमा विच विचमा खालि पृष्ठहरू छोड्दै लेखिएको छ। अन्त्यतिर कुण्ड निर्माण गरी संस्कार पूर्वक अग्निस्थापना गरी हवन गर्ने विधि उल्लेख गरिएको छ।





कुटाक्षरी मन्त्र र नेवारी भाषाको समेत प्रयोग गरिएको छ। भाषिक रूपमा केही अशुद्धिहरू पाइन्छन्। लेखक र लेखन समय उल्लेख छैन। ग्रन्थको अन्तिममा ठ्यासफुको दुवैतर्फ चार युग र विभिन्न लोक उल्लेख गरिएका एवं वांस्तु सम्वन्धी वर्तुलाकार र अन्य चित्रहरू सहित १० वटा अत्यन्त आकर्षक चित्रहरू कोरिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२७. यज्ञमण्डपनिर्माणविधि

विषय संख्याः- वै. क. १६६१	रिल सं. A ४५५/३८	लगत सं. १/४७८
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः- ४३
आकारः- ३४.५ x ११.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्योः नमः ॥ यज्ञमण्डप गोयविधि ॥ क्र १ .. ले चायके ॥ पुष्पभाजन ॥ सूर्यार्घ ॥ न्यासादि ॥ ॥ भूमिचतुसंस्कार ॥ नृमच्छनादि ॥ वलिभे वतस ॥ अस्त्रमन्त्रण ॥ आद्यादिमध्यान्तं ॥ ... न्यासादि, आत्मपूजा ॥ ॥ ॐ नत्वा जामित्यादि ॥ विधिथ्यं ॥ वेदार्चन ॥ ॥ भूपस्वानु अक्षत, दुर्व्वा, गोमय, एका, प्लका, थ्वते पूजा ॥ (fol. 1r1-8)

अन्त्यपाठः

श्री कलश, यजमानीस्तं ॥ कोमारीदर्शनं ॥ आरथि ॥ सूर्य साक्षी थाय ॥ मालेतोमता पूजा ॥ मङ्गलवाद्य ॥ शंखादिभूर्य्यया चकाव देवल प्रदक्षिणा याङव, छेवने ॥ होंतानलंखमण्डलथेले ॥ आचार्य्यभ्यं मता विये ॥ द्वालपूजा याङव, मूलगृहे वने ॥ सगोन वियमाल ॥ यजमान ॥ रात्रौ कोमारी यागार्चनं ॥ ॥ ॥ ॥ ततो चतुर्थीदिवसे अन्यकुण्डचतुर्थीयज्ञं कुयात् (!) ॥ ॥ (fol. 43r2-6)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

न्यास एवं पूजाविधिवाट सुरु भएको यस ग्रन्थमा यज्ञमण्डप भूमिको चार प्रकारका संस्कार, दिङ्न्यास एवं पूजाविधि विस्तृत रूपमा उल्लेख गरिएको छ। चौथो पत्रवाट मण्डपनिर्माणविधि आरम्भ भएको छ। दिक्पालपूजा एवं बलिविधि तथा प्रथम दिनदेखि सातदिनसम्म गरिने पृथक् पृथक् देवताहरूको पूजाविधि उल्लेख छ। यसैगरी अग्निकुण्ड पादस्थापनाविधि, कुण्डपादस्थापनविधि, वेदीस्थापनविधि, सूर्यपूजा, तोरणपूजा आदि विधिहरूका साथै उपवासपूर्वक अधिवासन गर्ने क्रम देखाइएको छ। पूर्वादिद्वारमा ऋग्वेदादिको स्थापन, पूजन तथा जपक्रम देखाइएको छ। दिशा एवं विदिशाको पूजाक्रम, मण्डपप्रदक्षिणा तथा विभिन्न प्रकारका स्थापित कलशका पूजाविधिहरू देखाइएको छ। कूर्ममण्डल पूजाका साथै यज्ञमण्डपका सामग्रीहरू सहित कुशकण्डिकाको विधिलाई देखाइएको छ। अग्निको विभिन्न नाममन्त्रद्वारा पूजा तथा ध्यानविधिका साथै देवताहरूको छुट्टाछुट्टै हवनको क्रम देखाइएको छ। कलशप्रतिष्ठाविधि, संख्याहवन, ब्राह्मणपूजा सहित यज्ञ समापनको क्रम देखाइएको छ भने अन्त्यमा चौथो दिनमा अर्को कुण्ड निर्माण गरी यज्ञकुण्डनिर्माण पूर्वक गरिएको पूजाको चतुर्थीकर्म गर्नुपर्ने निर्देश गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। संस्कृत भाषामा लेखिए पनि कतै कतै नेवारी भाषाको प्रयोग गरिएको छ। कतिपय स्थानमा भाषागत त्रुटिहरू छन्। लेखक र लेखन समय उल्लेख गरिएको छैन।

२८. कुण्डनिर्माणविधिः

विषय संख्याः- वै. क. ४८८ रिल सं. B ३६३/२८ लगत सं. ५/७२३८

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-६१

आकारः- २३.२ x १०.५ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

लेखन समयः- शक सं १७४४, वि. सं. १८७९ ग्रन्थकारः- रामचन्द्र वाजपेयी

लेखकः-धुंडिराज

आदिपाठः

॥ श्रीगणेशाय नमः ॥ ॥ अथ श्रीनैमिषस्थरामवाजपेयीकृता स्वकुंण्डनिर्माणश्लोकविवृतिर्लिख्यते सटीक(!) ॥ ॥ सूनोः श्रीधरमालवस्य शिवदासाख्या दुरुख्यातितः

सम्राडग्निचिदापयस्य जनकः श्रीसूर्यदासोऽजनिः ॥

यन्मातुर्यशसा दिशो दश †विशलाक्ष्यावक्षलाः† सृज-

त्येष स्वाहितकुंडलक्ष्यविवृतिं रामो वसन्नैमिषे ॥ १ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

विक्रमार्ककालात् पंचदशशतेषु षड्वर्षाधिकेषु गतेषु अयं ग्रंथोऽभूत् ॥ स च यज्ञफलदे यज्ञभोक्तरि परमपुरुषे सुराधीशे नारायणेऽर्पिता(!)ऽस्तु ॥ प्राक्कृतमर्पणं पुनः क्रियत आदरातिशायात् ॥ ॥ श्रीः ॥ ॥ (fol. 51v4-7)

पुष्पिकावाक्यः

इति श्रीनैमिषस्थरामवाजपेयिकृता स्वकुंडनिर्माणश्लोकविवृतिः समाप्ता ॥ ॥

अधिक आश्विने कृष्णे तृतीयां(!) गुरुवासरे ॥

लिखितं धुंडिराजेन गह्वरेत्युपनामकः(!) ॥ सं. [१८]७९ शके १७४४ ॥

॥ श्री ॥ एकहस्तकुंडस्य क्षेत्रफलखातसहितत्रयोदशसहस्त्राणि ... एकहस्ते क्षेत्रफलं तदेव ॥ यथाक्रमेण ज्ञातव्यम् ॥ ॥ सं. १८७९ विजय सं. अधिक-अश्विन कृ. ३ गुरो लि. गह्वरो धुंडिराजेन ॥ (fols. 51v7-52r6 up to right hand margin)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

वंशवर्णनवाट शुरु भएको यस कुण्डनिर्माण विधिमा आरम्भमा इष्ट र पूर्त कर्मको सङ्केत गर्दै कुण्डको प्रमाणका आधारमा हुने पृथक्-पृथक् फलहरू वताइएको छ। प्रमाण भन्दा अधिक भएमा रोग, कम भएमा गाई एवं धनसम्पतिको नाश, वाङ्गो भएमा सन्ताप, मेखला छिनेको भएमा मृत्यु, मेखला रहित भएमा शोक, अधिक मेखला भएमा सम्पत्तिनाश, योनिरहित भएमा पत्नीको नाश, कण्ठ रहित भएमा सन्ताननाश जस्ता कुण्डका विविध अवस्थावश फरक-फरक फलहरू वताइएको छ। हस्तादि परिमाण तथा अणु, द्व्यणू, त्र्यसरेणू आदिको स्वकृत परिभाषालाई आदित्यपुराण, कात्यायन, श्रौतसूत्र आदि ग्रन्थहरूका आधारमा पुष्टि गरिएको छ। मण्डप तथा कुण्डका दिक्साधनका क्रममा भास्कराचार्य प्रणीत लीलावती आदिको उपपत्ति प्रयोग गरिएको छ। दसहात आयाम विस्तार भएको तथा समचतुरस्र १२ हात आयाम विस्तार भएको मण्डपलाई अधम मण्डप, १२ देखि १४ हात विस्तार भएको लाई मध्यम मण्डप र १४ देखि १६ हातको विस्तार भएकोलाई उत्तम मण्डप मानिएको छ। यसैगरी अधम, मध्यम तथा उत्तमकोटिको मण्डपको प्रकृति अनुसार द्वारको र वेदीको फरक फरक परिमाण उल्लेख गरिएको छ। पञ्चरात्र, शारदातिलक, हेमाद्रि, लिङ्गपुराण, शुल्वसूत्र, वास्तुशास्त्र, स्कन्धपुराण, मत्स्यपुराण, आदित्यपुराण आदिलाई व्याख्यानका क्रममा प्रमाणका रूपमा उपस्थापित गरिएको छ। यज्ञमा गरिने हवनसंख्याको आधारमा कुण्डको आयाम निर्धारण गर्नुपर्ने कुरा उल्लेख छ।

कुण्डनिर्माणको व्याख्यानका क्रममा श्रीधरप्रभृति पूर्वाचार्यहरूका साथै आर्षमतको समेत समीक्षा गरिएको छ।[५] कुण्डको क्षेत्रफल वताउने क्रममा नै पत्र २९ को पछिल्लो भागमा एउटा क्षेत्र देखाइएको छ। आवश्यकता अनुसार मण्डपको यथास्थानमा कुण्डनिर्माण र त्यसको विधि उल्लेख गरिएको कुण्डको खातारम्भको स्थान, मेखलाको प्रमाण, कण्ठको प्रमाण, योनिलक्षण एवं प्रमाण, नाभिको लक्षण र प्रमाण स्पष्ट रूपमा उल्लेख गरिएको छ। वैदिक प्रमाणका आधारमा कुण्डको सम्पूर्ण अवयवहरूका स्थान, दिशा, प्रमाण, लक्षण आदि यथातथ्य स्पष्ट रुपमा निरुपण गरिएको यस ग्रन्थमा कुण्डका विभिन्न प्रकारहरूका निर्माणका बारेमा पनि यथाप्रमाण उल्लेख गरिएको छ। कुण्डका अवयवका दिशा निरुपण गरिएको यस विधिमा याज्ञिक भएर शुल्वसूत्र र त्यसको उपपत्ति समेत बोध गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको छ। संसारमा कसैले शुल्वसूत्र मात्र जान्छ र त्यसको उपपत्तिमूलक गणित जान्दैन भने त्यसले वास्तविक रूपमा शुल्वसूत्र नै जान्दैन भन्ने यसको आशय छ।

---

[५] *अथोच्यते कामिकोक्तरीत्या हि तत्कुण्डेष्वेव यथोक्तं फलं भविष्यति श्रीधरोक्तिस्तु मानुषीति व्यभिचारिणीति मैवं ॥ प्रत्यक्ष विरोधात् ॥ शुल्वकारकात्यायनमुनिवचनावरोधाच ॥*(fol. 19v6-8)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

[illegible]

[illegible] आधिकारिक [illegible]

[illegible] यस कुण्डनिर्माण विधिको रचना गरी [illegible] शास्त्रीय ढंगले आधिकारिक रूपमा [illegible] विद्वान् हुनाका साथै उनको आफ्नै [illegible] न्यायशास्त्रका समेत आधिकारिक विद्वान् हुन् भन्ने कुरा [illegible]

शास्त्रसम्मत ढंगबाट कुण्डको निर्माण [illegible] हुन्छन्। त्यसैले यही दोषको डरले गर्दा प्राय [illegible] देखिन्छ। कुण्डनिर्माण सम्बन्धी ज्ञान भएका व्यक्तिको [illegible] हवनादि कार्यमा या त कुण्डनिर्माण नै नगर्ने या त [illegible] यत्र तत्र देखिने वर्तमान समयमा यस प्रकारको आधिकारिक [illegible] प्रकारको आधिकारिक पद्धतिलाई सर्वसुलभ हुने गरी प्रचार प्रसार गर्ने [illegible] शास्त्रीयता र आधिकारिकता थपिने कुरा स्पष्टै छ।

सानो क्रममा कतै कतै अक्षर छुटेको छ भने ग्रन्थको भाषा शुद्ध र पाठ स्पष्ट छ। पहिलो [illegible] अगाडि भागमा र पछिल्लो पत्रको पछाडि भागमा सामान्य रूपमा हेर्दा यस ग्रन्थको स्वामित्व दुई [illegible] थियो या दुवै नाम भएका व्यक्ति एकै हुन् भन्ने सामान्य शङ्का देखिन्छ।

॥ अथ रामवाजपेयिकृतकुंडनिर्माणः ॥

॥ पुस्तकमिदं गहरोपनाम्नो रेश्वरभट्टस्य ॥

इति रामवाजपेयिकृतकुंडनिर्माणः ॥

पुस्तकमिदं गहरोपना मुरारिभट्टस्य ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२९. कुण्डसिद्धि

विषय संख्याः- वै. क. ष. ५७३ रिल सं. लगत सं. ६/५०४०

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-४

आकारः- ग्रन्थावस्थाः- प्रकीर्ण लेख्य सामग्रीः- कागज

ग्रन्थसमीक्षाः

अभिलेखमा कुण्डसिद्धि भनी नामकरण गरिएता पनि यस ग्रन्थका जम्मा ४ ओटा पत्रहरूमध्ये ९ र १९ पत्राङ्कन गरिएका २ पत्रहरू मात्र कुण्डसिद्धिसँग सम्वन्धित छन् । २५ पत्राङ्कन गरिएको पत्रमा सिद्धान्तकौमुदी र २७ पत्राङ्कन गरिएको पत्रमा रामायणको पाठ देखिन्छ। ग्रन्थमा प्रयुक्त अक्षरहरू पनि फरक-फरक व्यक्तिहरूद्वारा लिखित हुन् भन्ने कुरा सजिलै थाहा पाइन्छ। त्यसैले यो एउटा प्रकीर्ण ग्रन्थ हो।

३०. कुण्डनिर्माणश्लोकविवृति

विषय संख्याः- वै. क. ष. ३१४ रिल सं. A १२९९/३४- A १३००/१ लगत सं. ६/२५११

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-४०

आकारः- २३.० x १०.० रचनाकालः- वि सं १५०६ लेख्य सामग्रीः- कागज

लेखन समयः- वि सं १९६५ ग्रन्थकारः-पं रामचन्द्र वाजपेयी लेखकः-पं चक्रपाणि

राजाः रणजित् मल्ल

आदिपाठः

///[क]र्तव्यः। अरत्नेश्चतुर्विंशत्यंगु[[ल]]त्वविधानाद्धस्तसमत्वमत्रेष्यते। श्रुतिश्चात्राग्निरहस्ये। यान्वै तान्सप्तपुरुषानेकं पुरुषमकुर्वन्नित्युपक्रम्यतं वा उद्वाहुना पुरुषेण मिमीत(!) इत्यादि ॥ (fol. 5r1-3)

अन्त्यपाठः

विक्रमार्ककालात् पंचदशशतेषु ष(द्ध)[ड्व]र्षाधिकेषु गतेष्वयं ग्रंथोऽभूत्। स च यज्ञफलदे यज्ञभोक्तरि परमपुरुषे सुराधीशे नारायणेऽर्पितोऽस्तु प्राकृतमर्पणं पुनः क्रियत इति आदरातिशयात्॥ (fol. 48v3-6)

पुष्पिकावाक्यः

इति नैमिषारण्यस्थरामवाजपेयिकृता स्वकृतकुण्डनिर्माणश्लोकविवृत्तिः समाप्ता॥ ग्रन्थसंख्या १०५० मुद्रिका ४ =नैपालदेशीया शिक्का १ = गोषदिशान्नैपालदेशं गत्वा श्रीश्रीश्रीमद्रणजितमलदेवराजधान्यां भक्तपत्तनाख्ये

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जम्मा ५२ पत्र उल्लेख गरिएको यस ग्रन्थमा २९ पत्र भनी २ वटा पृष्ठमा पत्राङ्कन गरिएकाले ५३ पत्रको यो ग्रन्थ रहेको छ। ग्रन्थको ५२ औं पत्रमा एक हात, दुई हात आदि आयाम भएको कुण्डको क्षेत्रफल उल्लेख गर्दै तालिकामा १० हात सम्मको कुण्डको खात सहित क्षेत्रफल वताइएको छ।अन्त्यमा ग्रन्थोत्पत्तिकाल उल्लेख गरिएको छ। जस अनुसार यस ग्रन्थको रचना वि. सं. १५०६ मा भएको हो। नैमिषारण्यस्थ रामचन्द्र वाजपेयीले रचना गरेको यस ग्रन्थका पाण्डुलिपिकार धुंडिराज गह्वर हुन्। जम्मा ७४ श्लोक भएको यस ग्रन्थको आधिकारिक र प्रामाणिक व्याख्या लेखक स्वयंले गरेका हुन्। प्रस्तुत ग्रन्थको पाण्डुलिपि शक सं १७४४ मा गरिएको हो। आफ्नो वन्धुवान्धवको कर्मको लागि प्रेरित भएर रामचन्द्रले यस कुण्डनिर्माण विधिको रचना गरी व्याख्या समेत गरेका हुन्। आफ्नै रचनाको व्याख्या अत्यन्त शास्त्रीय ढंगले आधिकारिक रूपमा गरेका छन्। उनी ज्योतिषशास्त्रको रेखागणित विधाका प्रकाण्ड विद्वान् हुनाका साथै उनको आफ्नै व्याख्यावाट वेद, व्याकरण, धर्मशास्त्र, मीमांसा तथा न्यायशास्त्रका समेत आधिकारिक विद्वान् हुन् भन्ने कुरा स्पष्ट हुन्छ।

शास्त्रसम्मत ढंगबाट कुण्डको निर्माण नभएमा त्यस्तो कुण्डमा हवन गर्नाले यज्ञकर्ता दोषी हुन्छन्। त्यसैले यही दोषको डरले गर्दा प्राय स्थण्डिल (वेदी) वनाएर हवन गर्ने क्रम वढ्दो रूपमा देखिन्छ। कुण्डनिर्माण सम्वन्धी ज्ञान भएका व्यक्तिको अभाव तथा त्यस विधिको समेत अभावले गर्दा हवनादि कार्यमा या त कुण्डनिर्माण नै नगर्ने या त मनोमानी ढङ्गले खाडल बनाएर हवन गर्ने क्रम पनि यत्र तत्र देखिने वर्तमान समयमा यस प्रकारको आधिकारिक पद्धतिको अत्यधिक महत्त्व देखिन्छ। यस प्रकारको आधिकारिक पद्धतिलाई सर्वसुलभ हुने गरी प्रचार प्रसार गर्न सकिएमा धार्मिक यज्ञ अनुष्ठानको शास्त्रीयता र आधिकारिकता थपिने कुरा स्पष्टै छ।

सार्ने क्रममा कतै कतै अक्षर छुटेको छ भने ग्रन्थको भाषा शुद्ध र पाठ स्पष्ट छ। पहिलो पत्रको अगाडि भागमा र पछिल्लो पत्रको पछाडि भागमा सामान्य रूपमा हेर्दा यस ग्रन्थको स्वामित्व दुई व्यक्तिमा थियो या दुवै नाम भएका व्यक्ति एकै हुन् भन्ने सामान्य शङ्का देखिन्छ।

॥ अथ रामवाजपेयिकृतकुंडनिर्माणः ॥

॥पुस्तकमिदं गह्वरोपनामो रेश्वरभट्टस्य ॥

इति रामवाजपेयिकृतकुंडनिर्माणः ॥

पुस्तकमिदं गह्वरोपना. मुरारिभट्टस्य॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२९. कुण्डसिद्धि

विषय संख्याः- वै. क. ष. ५७३ रिल सं. लगत सं. ६/५०४०

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-४

आकारः- ग्रन्थावस्थाः- प्रकीर्ण लेख्य सामग्रीः- कागज

ग्रन्थसमीक्षाः

अभिलेखमा कुण्डसिद्धि भनी नामकरण गरिएता पनि यस ग्रन्थका जम्मा ४ ओटा पत्रहरूमध्ये ९ र १९ पत्राङ्कन गरिएका २ पत्रहरू मात्र कुण्डसिद्धिसँग सम्बन्धित छन् । २५ पत्राङ्कन गरिएको पत्रमा सिद्धान्तकौमुदी र २७ पत्राङ्कन गरिएको पत्रमा रामायणको पाठ देखिन्छ। ग्रन्थमा प्रयुक्त अक्षरहरू पनि फरक-फरक व्यक्तिहरूद्वारा लिखित हुन् भन्ने कुरा सजिलै थाहा पाइन्छ। त्यसैले यो एउटा प्रकीर्ण ग्रन्थ हो।

३०. कुण्डनिर्माणश्लोकविवृति

विषय संख्याः- वै. क. ष. ३१४ रिल सं. A १२९९/३४- A १३००/१ लगत सं. ६/२५११

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-४०

आकारः- २३.० x १०.० रचनाकालः- वि सं १५०६ लेख्य सामग्रीः- कागज

लेखन समयः- वि सं १९६५ ग्रन्थकारः-पं रामचन्द्र वाजपेयी लेखकः-पं चक्रपाणि

राजाः रणजित् मल्ल

आदिपाठः

///[क]र्तव्यः। अरत्नेश्चतुर्विंशत्यंगु[[ल]]त्वविधानाद्धस्तसमत्वमत्रेष्यते। श्रुतिश्चात्राग्निरहस्ये। यान्वै तान्सप्तपुरुषानेकं पुरुषमकुर्वंन्नित्युपक्रम्यतं वा उद्बाहुना पुरुषेण मिमीत(!) इत्यादि ॥ (fol. 5r1-3)

अन्त्यपाठः

विक्रमार्ककालात् पंचदशशतेषु ष(द्ध)[ड्व]र्षाधिकेषु गतेष्वयं ग्रंथोऽभूत्। स च यज्ञफलदे यज्ञभोक्तरि परमपुरुषे सुराधीशे नारायणेऽर्पितोऽस्तु प्राकृतमर्पणं पुनः क्रियत इति आदरातिशयात्॥ (fol. 48v3-6)

पुष्पिकावाक्यः

इति नैमिषारण्यस्थरामवाजपेयिकृता स्वकृतकुण्डनिर्माणश्लोकविवृत्तिः समाप्ता ॥ ग्रन्थसंख्या १०५० मुद्रिका ४ =नैपालदेशीया शिक्का १ = गोषदिशान्नैपालदेशं गत्वा श्रीश्रीश्रीमद्रणजित्मलदेवराजधान्यां भक्तपत्तनाख्ये

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

,षौमाज् टोलायामिन्द्राणीपीठ सन्निधौ श्रीचक्रपाणिपण्डितेन लेखापितमिति (!)। ...

तृतीयाद्द्वादशांशास्यान्मेखलास्थितिरीदृशीति। (fols. 48v6-49r7)

ग्रन्थसमीक्षाः

यो अपूर्ण कुण्डनिर्माणश्लोकविवृत्ति ग्रन्थको सुरुको १-४ पत्र र विचको २७-३२ सम्मका पत्रहरू हराएका छन्। पाँचौ पत्रदेखिको भागमा परिणामन गर्ने प्रमाण आदिको परिभाषा कथन, कुण्डनिर्माणका क्रममा यजमानको हस्तादि अवयवका आधारमा निर्माण विधि, दिक्साधन विधि, उत्तम, मध्यम तथा अधम मण्डपको स्वरूप कथन, मण्डपको स्वरूप अनुसारका अग्निकुण्ड निर्माण विधि, मण्डपका विविध संज्ञा र लक्षण कथन, हवन संख्याका आधारमा कुण्डको प्रमाण कथन, कुण्डको आकार आदि स्वरूपका आधारमा पृथक-पृथक् फलकथन, कर्मको उद्देश्य अनुसारका कुण्डका आकृति र लक्षण, वर्ण अनुसार पृथक्-पृथक् आकृति विशेषका कुण्डका लक्षण, मण्डपमा कुण्डको स्थान निर्धारण र दिशा अनुसारका कुण्डको फलकथन, लगायतका विषयहरू समावेश गरिएका छन्।

४९ पत्रमा पूर्ण भएको यस ग्रन्थको सुरु र मध्यतिर गरी १० पत्रहरू हराएको हुँदा यस ग्रन्थमा हाल ३९ पत्रहरू मात्र देखिन्छ। त्यसैले ग्रन्थ अपूर्ण हुन गएको छ। ग्रन्थको ४८ औं पत्रमा ग्रन्थ रचनाको प्रसङ्ग र प्रयोजन उल्लेख गरिएको छ। वि. सं. १५०६ मा नैमिषारण्यनिवासी प. रामचन्द्र वाजपेयीले आफ्नो बन्धुबान्धवको संस्कार विशेषमा सहायता होस् भन्ने आशयले प्रेरित भई यो ग्रन्थ रचना गरेका हुन्। आफ्नो वंश परिचयका क्रममा उनले यो कुरा उल्लेख गरेका छन्। यो ग्रन्थको रचना र व्याख्या उनी आफैंले गरेका हुन्। व्याख्याका क्रममा भविष्यपुराण, शारदातिलक, कामिक, कात्यायन शुल्वसूत्र जस्ता कतिपय ग्रन्थ तथा ग्रन्थकारका साथै अन्य पूर्वाचार्यहरूका विचार समेत प्रमाणस्वरूप उपस्थापन गरेका छन्। यिनको व्याख्यावाट यिनी विशिष्ट विद्वान् हुन् भन्ने कुरा स्पष्ट हुन्छ। ग्रन्थमा मूल श्लोकहरू जम्मा ७३ छन् साथै व्याख्या विशद् रूपमा गरिएको छ। ग्रन्थ अपूर्ण भएता पनि अन्त्यपाठ भने प्राप्त छ। ४८ औं पत्रको अन्त्यवाट ग्रन्थसंख्या १०५०, मुद्रिका ४ = नेपालदेशीया, शिक्का १ = भनी लेखिएको छ। गोर्खा देशवाट नेपाल देशमा गएर देवराजधानी भक्तपुरमा खौमानटोलको इन्द्रायणी पीठ नजिक श्री पं. चक्रपाणीले १०० मुरि धान फल्ने राम्रो खेत राजाबाट पाएको कुरा समेत उल्लेख छ। त्यसै गरी तीन प्रकारका मेखलाको प्रमाण र स्थिति पनि वताइएको छ। पत्रको पछाडिपट्टि अरिष्ट विनाश गर्नका लागि पीपलको सेवा, तिलपात्र दान, गाई स्पर्श, ब्राह्मणतुष्टि, गंगा माहात्म्य तथा महाभारतको पाठ गर्नुपर्ने एवं गंगास्नान, ब्राह्मणभक्ति, गोग्रास दान तथा भारत श्रवण गर्नाले अपमृत्यु निवारण हुने कुरा प्रसङ्गान्तरवाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उल्लेख गरिएको छ। यो ग्रन्थ र ल. सं. ५/ ७२३८, वि. सं. ४८८ को ग्रन्थमा वर्णित विषयवस्तु एउटै हो। दुवैको मूलग्रन्थ र ग्रन्थकार एकै हुन्। लिपिकर्ताहरू फरक-फरक हुन्।

३१. पनौतिक्वाथप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. ८३४	रिल सं. A २३२/६	लगत सं. १/७५९
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ५६
आकारः- ३२.५ x १७.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ श्रीगणेशायै(!) नमः ॥ श्रीगुरुभ्यो नमः ॥ ॥ श्रीचण्डिकादेव्यायै(!) नमः ॥ पनोतिया क्वाठ प्रतिष्ठाया पिथुपूजा ॥ ॥ यजमानपुष्पभाजन याचके ॥ ॥ अद्यादि ॥ वाक्य ॥ मानवगोत्रयजमानस्य श्रीश्रीजयभूपतीन्द्रमल्लवर्म्मण(!) श्रीइस्वेष्टदेवताप्रीत्यर्थं श्रीचण्डिकादेव्या नवगृहप्रवेशप्रतिष्ठानवपीठ-अष्टमातृका-आराधन[[विघ्नि(!)हरणवल्यार्चन]](!) कर्तुं पुष्पभाजनं समर्प्पयामिः(!) ॥ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

अम्वे पूर्व्वगतं पदं भगवति चैतन्यरूपात्मिका
ज्ञानेच्छा वहुला तथा हलि(!)हरौ व्रह्मामरीचित्रयम्।
भास्वद्भैरवपंचकं तदनु च श्रीयोगिनीपंचकम्
चन्द्रार्क्कौ(!) च मरीचषट्कममलं मां पातु नित्यं श्रीकुजा ॥ ॥[६]
वलि विसर्ज्जन ॥ वलि छोय ॥ ॥ साक्षि थाय ॥ नोसिय ॥ (fol. 56r5-9)

पुष्पिकावाक्यः

इति पिथुपूजा समाप्तः(!) ॥ ॥ शुभम् ॥ श्रीश्रीजयभूपतीन्द्रमल्लदेवसन पनोतिया ⟨⟨ष्य⟩⟩खो होम चोङ क्वाथ प्रतिष्ठायता, थ्व साफलि दयका जुलोः ॥ ॥ ॥ ॥ ॥ (fol. 9-11)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्रमल्लले श्रीचण्डिकादेवीको मन्दिरको प्रतिष्ठा गर्ने सन्दर्भमा आफ्नो इष्टदेवीको प्रसन्नताको लागि गरेका बलिपूजाविधिको लेखनवाट प्रारम्भ भएको यस ग्रन्थमा देवताको ध्यान,

---

[६] अधिकमात्रा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अङ्गन्यासको विधि, आत्मपूजाको विधि, मालिनीदण्डकस्तोत्र, योगिनीको बलिविधि, पञ्चबलिपूजा, त्रिदवेपूजा लगायतका पूजाविधिहरू छन्। शिवशक्तिसमरसत्त्वमहामायास्तोत्र, समयबलि, विविध प्रकारका मुद्राहरू, विभिन्न देवदेवीका गायत्री, क्षेत्रपालको विशेष पूजाविधि, गणेशपूजा, कलशशोधनविधि, कौमारी पूजा, जलपात्रपूजा, मानेश्वरी चामुण्डा पूजा, मानेश्वरी पीठपूजा, नित्येश्वरपूजाविधि, महालक्ष्मी पीठपूजा आदि विधिहरू उल्लेख गरिएका छन्। राजा भूपतीन्द्रमल्लले गरेको पनौति किल्लाको प्रतिष्ठा विधि र त्यस अन्तर्गतका चण्डिका देवी लगायतका मन्दिरको प्रतिष्ठा विधिहरू उल्लेख गरिएको यस ग्रन्थमा यदा कदा नेवारी भाषाको प्रयोग गरिएको छ। भाषामा केही त्रुटिहरू भेटिन्छन्। कुटाक्षरी मन्त्रहरूको प्रयोग पनि गरिएको छ र पूजाविधिमा विशेष गरी मुद्रा, बलि र सम्बन्धित देवदेवीका गायत्रीमन्त्रको उल्लेख गरिएको छ। लेखन समय र लेखकको नाम उल्लेख छैन।

३२. पनौतिक्वाथप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. ८३३	रिल सं. A २४२/५	लगत सं. १/७४१
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ३५
आकारः- ३२.० x १७.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ ॐ नमः श्रीमहागणेशाय नमः ॥ श्रीगुरुभ्यां नमः ॥ अथ पनातिया ख्वहोश चोङ क्वाठप्रतिष्ठा याता कर्म्मबलि विय विधिः ॥ ॥ यजमानपुष्पभाजनयाचके ॥ अद्यादि ॥ वाक्य ॥ मानवगोत्रयजमानस्य श्री३जयभूपतीन्द्रमल्लवर्म्मण(!) श्री३स्वेष्टदेवताप्रीत्यर्थं श्रीचण्डिकादेव्या नवग्रहप्रवेशप्रतिष्ठाकर्म्मबल्याचण (!) कतुं(!) पुष्पभाजनं समर्पयामिः(!) ॥ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

वन्धमोक्षकरी देवी षोडशान्ता व्यवस्थिते ॥

भ्रमनी(!) शक्तिशूलेन महाव्यूहसमन्विते ॥

भ्रमणी भ्रामणी गौरी माया यत्र प्रवाहिनी ॥

स्वच्छन्दभैरवी देवी क्रोध-उत्मत्तभैरव (!)

पंचासत्वर्ण्णरू –(fol. 35v9-11)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले पनौतिको किल्ला(घर) प्रतिष्ठाका सन्दर्भमा आफ्नो इष्टदेवताको प्रसन्नताको लागि चण्डीदेवीको मन्दिर निर्माण गरी प्रतिष्ठा गरेका विधि उल्लेख गरिएको प्रस्तुत ग्रन्थ अपूर्ण छ। आदिवाक्यमा सामान्य फरक देखिए पनि यसमा वर्णित विषयवस्तु ता. क. ८३४, ल. सं. १/ ७५९ मा सङ्ग्रहीत ग्रन्थमा वर्णित विषयवस्तुसँग मिल्दोजुल्दो छ। ग्रन्थको पाठ र भाषागत विशेषताहरू पनि समान छन्।

३३. गृहप्रतिष्ठा

विषय संख्याः- ता. क. ४६२	रिल सं. A २३४/१६	लगत सं. १/६९०
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ६०
आकारः- ३२.० x १७.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

]] ॐ नमः श्रीश्महागणेशाय नमः॥ श्रीगुरुपादुकाभ्यां नमः॥ अथ भोटया ववाथ प्रतिष्ठायता दयका॥ ॥ पतवासन चोय वास्तुसुद्धा वलि मालको चोय॥ ॥ यजमान पुष्पभाजन याचके॥ अद्यादि॥ वाक्य॥ मानवगोत्रयजमानस्य श्रीश्जयभूपतीन्द्रमल्लवर्म्मणः श्रीश्स्वेष्टदेवताप्रीत्यर्थं श्रीश्चण्डिकादेव्या नवगृहप्रवेशप्रतिष्ठावलार्चन(!) कतुं(!) पुष्पभाजनं समर्प्पयामिः(!)॥ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

सुप्रतिष्ठा वरदा भवन्तु॥ ॥ कुह्मरपूजा च्छोय॥

सर्व्वमङ्गलमाङ्गल्य(!) शिवे सर्व्वार्थसाध(!)के।

शरण्य(!) त्रे(!)म्विके गौरी(!), नारायणी(!) नमोस्तु ते॥

कौमारीदेव्यै स्वस्थानवासो भवन्तु॥ साक्षि थाय॥ ॥ पेह्नुतो यजमान आरोग्यं आलसं थ्व च्छेसः॥ (fol. 60r3-6)

पुष्पिकावाक्यः

इति गृहप्रतिष्ठाशान्तिवल्या(!)र्चनविधिः समाप्तः॥ ॥ शुभमस्तु सर्वदा॥ ॥ ॥ ॥(fol. 60r6-7)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले बनेपाको किल्ला (घर) प्रतिष्ठा गर्ने सन्दर्भमा इष्टदेवताको प्रसन्नताको लागि चण्डिका देवीको मन्दिर प्रतिष्ठाका साथै उक्त मन्दिर प्रवेशको तान्त्रिक विधि उल्लेख गरिएको यस ग्रन्थमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्णित विधि ल. सं. १/७५९, रिल सं A २४२/६ र ल. सं. १/७५४, A २३७/११ मा संग्रहीत ग्रन्थहरूमा वर्णित विधिसँग मिल्दोजुल्दो छ। नेवारी भाषाको समेत प्रयोग भएको यस ग्रन्थमा भाषिक त्रुटिहरू प्रशस्तै भेटिन्छन् तथापि यो ग्रन्थ नेपालको मल्लकालीन इतिहासको अध्ययनकर्ताहरूको लागि स्रोत सामग्री हुनसक्दछ। यस ग्रन्थमा लेखकको परिचय र लेखन समय उल्लेख गरिएको छैन।

३४. जीर्णोद्धारसुवर्णकलशारोहणभैरवाग्नियज्ञविधि

विषय संख्याः- ता. क. १२२३	रिल सं. B १८४/७	लगत सं. १/१५७१
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- १२९
आकारः- ३०.० x १२.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ श्रीगणेशाय नमः॥ श्रीगुरुभ्यो नमः॥ ॥ यजमानपुष्पभाजनम्॥ ॥ अद्यादि॥ वाक्य(!)॥ मानवगोत्रय[[ज]]मानस्य श्रीरजयभूपतीन्द्रमल्लवर्म्मणः श्रीइस्वेष्टदेवताप्रीत्यर्थं, जीर्ण्णोद्धारप्रासादोपरिसूवर्ण्णध्वजावलो(!)हन(!)भैरवाग्नियज्ञ[[पंचोपचारदेवार्च्चण(!)पूजा(!) कर्त्तुं पुष्पभाजनं समर्प्पयामि॥]]
(fol. 1v1-3)

अन्त्यपाठः

अम्वे पूर्व्वगतं पदं भगवति चैतन्यरूपात्मको(!)
ज्ञानेच्छा वहुधा तथा हरिहरव्रह्मामरीचिर्भ्भयम्।
भ(!)स्वतभैरवपंकजतदरुचे श्रीयोगिनीपञ्चकम्
चन्द्रार्क(!) च मरीचिषट्कविमलं मां पातु नित्यं कुजः॥ ॥
मोहनी तीचके॥ स्वान विय, जजमान आदिनं मालकोस्ताः॥ ॥ वलिविसर्ज्जनं॥ साक्षी थाय॥ ॥
(fols. 32v4-33r1)

पुष्पिकावाक्यः- x

ग्रन्थसमीक्षाः-

राजा भूपतीन्द्र मल्लद्वारा जीर्णोद्धार गरिएको मन्दिरमा सुवर्णध्वजारोहण एवं भैरवाग्नि यज्ञ सम्पन्न गर्ने सन्दर्भका तान्त्रिक विधिहरू उल्लेख गरी लेखिएको यस ग्रन्थमा वर्णित विधिहरू १/७५४, रिल सं. A २३७/११, लगत स. १/७५९ रिल सं. A २४२/६, लगत स. १/६९० र रिल सं. A २३४/१६ मा संग्रहीत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थहरूमा उल्लेख गरिएका विधिहरूसँग मिल्दोजुल्दो छ। कुटाक्षरी मन्त्रहरू पनि प्रयोग भएका छन् भने भाषागत त्रुटिहरू पनि प्रशस्तै भेटिन्छन्। लेखनकाल र लेखक उल्लेख गरिएको छैन। अन्तिम पत्रको पछिल्लो पृष्ठमा फरक हस्ताक्षरद्वारा वाराहीजीर्णोद्धारसुवर्णकलशार्चन भनी लेखिएको छ। मूल ग्रन्थमा स्पष्ट रूपमा वाराही मन्दिरको जीर्णोद्धार गरिएको प्रसङ्ग नभेटिए पनि वर्णित विषयवस्तुका आधारमा वाराही भनी किटान गरिएको हुनसक्छ।

३५. गणेशप्रासादचूलिकास्थापनविधि

विषय संख्याः- ता. क. ३९१	रिल सं. A २३६/३	लगत सं. १/१३२२
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ३६
आकारः- ३१.० x ९.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- ने. सं. ८२०	राजाः- भूपतींन्द्र मल्ल	

आदिपाठः

❖ श्रीꣵगणेशाय नमः॥ अथ गणेशप्रासादचूलिकास्थापनकलशार्चनविधिर्लिख्यते॥ ॥

यजमानपुष्पभाजन(!)॥ अद्यादि॥ वाक्य(!)॥ श्रीसम्वत्ता(!)॥ वैष्णवीविष्णुमायां च॥ रत्नो(!)षधी॥ हन्तार्षाक्षो॥ सिद्धिरस्तु॥ ... ऐँ ५

अखण्डमण्डलाकारं व्याप्तं येन चराचरम्।

तत्पदं दर्शितं येन, तस्मै श्रीगुरवे नमः॥

... वलि स, पद्मासनपादुकाम्॥ थवतं कूर्म्मासनपादुकाम्॥ (fol. 1v1-2r3)

अन्त्यपाठः

वलि विसर्ज्जन॥ यजमान अभिषेक॥ हृङवन ह्मस्कन तय॥ कलशया लंखन हाय॥ ॐकारं वायुवीजं॥ चेत॥ श्रीखण्डचण्डचन्दनं दिव्यम्॥ सिन्दूर॥ वीरेश्वरी महावीर॥ मोहनी॥ त्रैलोक्यै मोहनीभ्या(!)॥ सग्वन॥ सिद्धार्थं दधि॥ स्वान॥ हन्तार्षाक्षा॥ पूर्ण्णचन्द्रयाय॥ कौमारीविसर्ज्जन॥ सर्व्वमङ्गलमाङ्गल्ये॥ साक्षीथाय॥ ॥ (fol. 23r1-4)

पुष्पिकावाक्यः

इति चूलिकास्थापनविधि(!) समाप्तः॥ ॥ सम्वत् ८२० आषाढशुक्लतृतीया पुष्यनक्षत्र शनी(!)श्चरवार थ्वकुन्हु श्रीꣵछुमोलस चूलिका छाय याता श्री श्री जयभूपतीन्द्रमल्लदेव प्रभु थाकुलसन दयका दिन जुलो॥ ॥ ॥ श्रीꣵगणपति(!) प्रीणातु॥ ॥ (fol. 23r5-7)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले गणेशको मन्दिर निर्माण गरी चूलिका स्थापना गरेको सन्दर्भ उल्लेख गरिएको यस ग्रन्थमा स्थापित चूलिकाको स्थीरताको लागि गरिने तान्त्रिक पूजा पद्धतिको उल्लेख गरिएको छ। समग्रमा यस ग्रन्थमा न्यासविधि, आत्मपूजाविधि, जलपात्रपूजाविधि, बलिविधि, मुद्राविधि, कलशपूजाविधि, मूर्तिकलशपूजाविधि लगायत मन्दिरको भित्र र बाहिर गरिने पुजाविधिहरू निर्देश गरिएको छ। स्तोत्रहरू बाहेक यसमा वर्णन गरिएको अन्य विधिहरू लगत सं. १/७५४, रिल सं. A २३७/११, लगत स. १/७५९, रिल सं. A २४२/६, लगत स. १/६९०, रिल सं. A २३४/१६ र रिल सं. B १८४/७ लगत सं. १/१५७१ मा संग्रहीत ग्रन्थहरूमा वर्णित विधिहरूसँग मिल्दोजुल्दो छ भने अन्त्यमा चूलिकाप्रतिष्ठाको सफलता र सिद्धिको कामना गरिएको छ।

यो ग्रन्थको लेखन समय नेपाल संवत् ८२० साल आषाढ शुक्ल तृतीया तिथि हो। ठाउँ ठाउँमा कुटाक्षरी मन्त्र र नेवारी भाषाको प्रयोग गरिएको यस ग्रन्थमा भाषागत त्रुटिहरू पाइन्छन्। लेखकको नाम उल्लेख गरिएको छैन। यस ग्रन्थको समापन २३ औं पत्रमा भएता पनि त्यसपछिका १३ पृष्ठहरूमा चूलिकास्थापनविधिका लागि आवश्यक पर्ने सामग्रीहरूको सूची नेवारी भाषामा लेखिएको छ।

३६. जीर्णोद्धारविधि

विषय संख्याः- ता. क. परि. १०४ ख	रिल सं. A १२२९/३०	लगत सं. १/१६९६/३६७
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः-
आकारः- २१.९ x ९.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- ठ्यासफु
लेखन समयः- ने सं ८३०	राजाः- भाष्कर मल्ल	

आदिवाक्यः

ॐ अथर्व्ववेदाय स्वाहा ॥ ॥ ॐ दिग्भ्य(!) स्वाहा ॥ ॐ चन्द्रमसे स्वाहा ॥ ॐ कृष्णवर्णाय स्वाहा इति वेदाहुतिः ॥

ततष्प(!)ञ्चवारुणः ॥ ॐ भूः स्वाहा ॥ ॐ भुवः स्वाहा

अन्त्यपाठः

❖ संवत् ८३० आश्विन शुक्ल द्वितीयां थ्वकुन्हु श्रीश्रीभास्करमल्लश्रीभुवनलक्ष्मी थ्व सने ह्ममा वासेन श्रीश्रीपचरिभैलवया रुचा कील ..यागुलिसे ङाव रुया कोलप्रतिष्ठा याङ विज्या ङाव दुंन्तायात् पंचचन थ्वस ..रिन ॥ ...] जजमानस्य जिर्णार्द्धारसुवर्णरिपि तक म्हप्रतिष्ठा भैलवाग्नि जुर ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

यो अपूर्ण ग्रन्थको सुरुको भाग खण्डित भएको देखिन्छ। ठ्यासफुको दुवैतिर लेखिएको यस ग्रन्थमा सुरुमा गरिने वेदाहुतिको अन्तिम भाग मात्र प्राप्त छ। त्यसपछाडि क्रमशः घृताहुतिविधि, तिलाहुतिविधि, दिक्पालपूजाविधि, अष्टसमुद्रपूजा विधि, स्नानविधि, देवदशक्रियाविधि, न्यासविधि उल्लेख छ। *इति श्रीसदाशिव भैरवप्रतिष्ठाकलशावरोहणविधिः समाप्तः* भन्ने वाक्यबाट श्रीसदाशिवभैरवको जीर्णोद्धार गरी कलशारोपण तथा ध्वजावरोहण गरिएको भन्ने बुझिन्छ। यसै गरी कुमारी पूजा, तन्त्रमत अनुसारको चतुर्थीविधि, हेरम्ब (गणेश)प्रतिष्ठाविधि उल्लेख छ। त्यस्तै यज्ञभूमिमा गरिने अग्निकुण्ड तथा अन्य वेदीहरूको मेखला रचना गरिएको दुइओटा चक्रहरू छन्।

ठ्यासफुको अर्को भागमा सामग्रीहरूको सूची उल्लेख गरिएको छ। सुरुमा ग्रन्थ लेखनकाल उल्लेख गरिएको छ। केही पत्र खाली छोडी अघिल्लो भागको प्रतिष्ठा विधिलाई जोडिएको छ। यस क्रममा द्वारप्रतिष्ठा, चूलिकाप्रतिष्ठा, नवग्रहप्रतिष्ठाविधि समेत लेखिएको छ। वरुणपूजाविधि, पञ्चविंशतितत्त्वन्यासविधि, यवोदकविधि, भुतवल्यर्चनविधि, अष्टकलशपूजाविधि, मण्डपसंस्कारविधि, चलासनविधि, शिवशक्तिकलशपूजाविधि, दिक्कलशपूजाविधि, गुरुकलशपूजाविधि, मृत्युञ्जयकलशपूजा विधि, आदित्यकलशपूजाविधि, नागराजपूजाविधि, यक्षपक्षिणी पूजाविधि, श्रीलक्ष्मीपूजाविधि, गोमयलिङ्गपूजनविधि, आवरणपूजा विधि, मूलकलश पूजा विधि, कर्मकलशपूजाविधि, वागीश्वरी पूजाविधि, लोकपालपूजाविधि, अग्निसंस्कारविधि तथा हवनको विधि उल्लेख गरिएको छ।



नेपाल संवत् ८३० आश्विन शुक्ल द्वितीयामा लेखिएको यस ग्रन्थको लेखकको नाम भने खुलेको छैन। ठ्यसफुको दुवै तर्फ क्रम नमिलाई लेखिएको यस ग्रन्थमा भाषिक त्रुटिहरू भेटिन्छन् एवं कुटाक्षरहरू पनि लेखिएका छन्। यस ग्रन्थमा श्रीभाष्कर मल्ल र भुवनलक्ष्मीको नाम उल्लेख गरी पचलीभैरवको प्रतिष्ठाको सन्दर्भ उल्लेख गरिएकाले यी दुइ जना संलग्न भई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पचली भैरव मन्दिरको जीर्णोद्धार गरी प्रतिष्ठा गरेको भन्ने कुरा बुझिन्छ। सामग्री सूचीहरू उल्लेख भएको पाठ भने फरक हस्ताक्षरमा छ।

३७. जीर्णोद्धारविधि

विषय संख्याः- ता. क. परि. १०३ | रिल सं. A १२२९/२८ | लगत सं. १/१६९६/७०६

भाषाः- संस्कृत, नेवारी | लिपिः- नेवारी | आकारः- २४.० x ९.० से.

मी. ग्रन्थावस्थाः- जीर्ण | लेख्य सामग्रीः- ठ्यासफु

आदिपाठः

///नमः ॥ देवदेवं महादेवं, सर्व्वभूत.. .. .. र,

... कर्मस्य लक्षण(!) ॥ ईश्वरोवाच(!) ॥ शृणु देवी(!) प्रवक्ष्यामि महाप्राज्ञ सान्ति(!)

अन्त्यपाठः

स्वस्वमन्त्रेन /// धूपदीप जा१ ॥ स्तोत्र ॥ थवर स /// कीलनविधि ॥

ग्रन्थसमीक्षाः

यो ग्रन्थ अत्यन्त जीर्ण छ। किराले खाएर अत्यन्त जीर्ण भएको यस ग्रन्थको प्राय अक्षरहरू पढ्न सक्ने अवस्थामा छैनन्। भूमिशोधन, मण्डपनिर्माण, दिक्पूजाविधि उल्लेख गरिएका स्थानमा केही बुझिने भए पनि ग्रन्थ खण्डित भएकाले अपूर्ण छ। ठ्यासफुको दुवैतिर लेखिएको यस ग्रन्थको पढ्न सकिएको पाठको आधारमा भगवान् शिवको मन्दिर जीर्णोद्धार गर्ने विधि उल्लेख गरिएको छनक पाइन्छ। नेवारी भाषाको पनि प्रयोग भएको छ।

३८. आकाशमहाभैरवजीर्णोद्धार

विषय संख्याः- ता. क. परि. ६ | रिल सं. A ६१३/३ | लगत सं. १/५०९

भाषाः- संस्कृत, नेवारी | लिपिः- नेवारी | पत्र संख्याः- ३४

आकारः- ४१.० x १२.६ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः-कागज

आदिपाठः

❖ श्रीगुरुभ्यो नमः॥ ॥ ततो यथाकर्म्म कुर्य्यात्॥ विधिथ्यं यज्ञ याय॥ चरुसाधन॥ घृताहुति॥ तिलाहुति॥ कलशप्रतिष्ठा॥ संख्याहुति॥ ॥ मूलदारस॥ वं सोय, देव दतसा॥ गजुरि जुरसा॥ ॥ नृम्म्र्च्छन॥ ह्वः अस्त्राय फट्॥३॥ ॥ (fol. 1-3)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

श्रुत्वा वाधोमुखं कृत्वा ॥ आसंसा ॥ एकानेकस्याशीर्व्वाद ॥ ॥ व्रह्मापणीत, विसर्ज्जनं अस्त्रेण ॥ ॥ प्रणिताभिषेकं ॥ ॥ व्रह्मामोचनं ॥ ॥ अक्षपातन उपयमनकुश, घृतप्लतेन जुहुयात् ॥ ॥ हस्ते प्रतर्प्पणं ॥ कवचन ॥ ॥ भस्मतिरक काय ॥ ॥ यजमानादि, चंदनादि, अभिषेक विय ॥ ॥ शुभ ॥
(fol. 34v6-8)

पुष्पिकावाक्यः- x

ग्रन्थसमीक्षाः

आकाशमहाभैरवजीर्णोद्धार उल्लेख गरिएको यस ग्रन्थ आकाश महाभैरवको जीर्णोद्धार कर्म गर्दा गर्नुपर्ने हवनात्मक विधिको निर्देश गर्दै स्वस्तिवाक्यको उल्लेख वाट सुरु भएको छ। त्यस पश्चात् देवादिस्नानविधि, दिक्कलशपूजाविधि, न्यासविधि,अर्घ्यपात्रपूजाविधि, मुद्राविधि, आत्मपूजाविधि,मृत्तिकापूजाविधि, वलिविधि, भैरवको स्नान, पूजा तथा दशकर्मविधि, हवनविधि, जीवन्यास विधि, विश्वकर्मापूजा विधि, उल्लेख गरिएको छ। राजा भूपतीन्द्रमल्लले आफ्नो इष्टदेवको प्रसन्नताको लागि शिला तथा पाको इँटाद्वारा मन्दिर निर्माण गरी आकाश भैरवलाई समर्पण गरेको र त्यसरी जीर्ण मन्दिरको नवनिर्माण गरी समर्पण गर्दाको सन्दर्भ-क्रम यसमा उल्लेख छ। उक्त कुरा ग्रन्थको २३ औं पत्र वाट स्पष्ट हुन्छ। यिनले मन्दीरको जीर्णोद्धार गरी आकाश भैरवको पुनः प्रतिष्ठा गरेका हुन्। यसरी प्रतिष्ठा गर्दा गरिएका ग्रहयाग लगायतका यावत् पूजाका विधिहरू यसमा उल्लेख गरिएका छन्। यसमा उत्तराङ्ग न्यासका विधिहरू पनि विस्तृत रूपमा देखाइएको छ। मालिनीन्यास, शव्दराशिन्यास, षडङ्गन्यास, ग्रन्थीन्यास, नवात्मान्यास, प्रायश्चित्त होम आदि विधिहरू उल्लेख गरिएको छ। यज्ञ समाप्तिको क्रममा गरिने कर्महरूको विधि निर्देश मात्र गरिएको छ। ग्रन्थ पूर्ण छ। भाषागत रूपमा सामान्य त्रुटिहरू छन्। कतै-कतै नेवारी भाषा र कुटाक्षरी मन्त्रको पनि प्रयोग भएको छ। लेखक र लेखन समय उल्लेख छैन।

३९. तुलजामन्दिरकलशारोपणवर्षवर्धनविधि

विषय संख्याः- ता. क. ५५५	रिल सं. B १८६/१४	लगत सं. १/७९८
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ७८
आकारः- २१.५ x ८.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ श्रीगणेशायै(!) नमः ॥ श्रीगुरुभ्यो नमः ॥ ॥ श्रीश्रीतलेजुया गजुलि छायाया वर्षवर्द्धनविधिः ॥ ॥ ज्येष्ठवदि ५ थ्वकुन्हु ॥ ॥ थ्वते वसपे विधि ॥ ॥ ... मानवगोत्रयजमानस्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीश्रीजयभूपतीन्द्रमल्लवत्मणः(!) श्रीश्रीश्रीस्वेष्टदेवताप्रीत्यर्थं जीर्ण्णोद्धारप्रासादोपरिसुवर्ण्णकलशध्वजावलोहन(!)वर्षवर्द्धण(!)ध्वजावलोहन(!)यज्ञालम्भ(!)निमी(!)त्यर्थं कतुं(!) पुष्पभाजनं समर्प्पयामि ॥ (fols. 1v1-2v3)

अन्त्यपाठः

ह्वसकन ॥ ह्कवने तयाव कलषाभिषेक ॥ वाक्य ॥ ... ॐ यदद्यक ॥ ॥ सिधर ॥ ॐ त्वजविष्ठहा ॥ ॥ सग्वन ॥ ॐ दधिकाव्नो ॥ ॥ आशिर्व्वाद ॥ ॐ रायन्तमल्वराणा ॥ ॥ आरति ॥ ॐ तेजोसि ॥ ॥ प्रतिष्ठा ॥ ॐ मनो जुति ॥ साक्षि थाय ॥ ॥ (fols. 77v1-78r1)

पुष्पिकावाक्यः

इति श्रीश्रीश्रीतलेजुयागजुलिछायावर्षवर्धनविधि समाप्तः ॥ ॥ शुभमस्तु सदा सर्व्वः(!) ॥ (78r1-2)

ग्रन्थसमीक्षाः

भाषिक अशुद्धता प्रशस्त भेटिने र अधिकांश पाठ संस्कृत भाषामा लेखिएको यस ग्रन्थमा नेवारी भाषाको सम्मिश्रण भएको पाइन्छ। राजा भूपतीन्द्र मल्लले आफ्नो इष्ट देवता तुलजा भवानीलाई खुशी तुल्याउनका लागि जीर्णोद्धार गरिएको तुलजा भवानीको मन्दिर माथि स्वर्णकलश रोपण गर्ने सन्दर्भको तान्त्रिक विधि विवेचना गरिएको यस ग्रन्थमा सुरुमा बलिविधिको चर्चा गरिएको छ। त्यसपछि अग्निकुण्डको निर्माण र कुण्डपूजन, वेदिस्थापन, ध्वजापूजा, हवनविधि, देशापटनविधि, कालापाटनविधि आदिको सविस्तार चर्चा गरी देश र राजा भूपतीन्द्रमल्लको शुभलाभको कामना सहित ग्रन्थ समापन गरिएको छ। ग्रन्थको बिच बिचमा नेवारी भाषामा लेखिएका शब्दहरू भेटिन्छन् भने ग्रन्थको आदि र अन्त्य नेवारी भाषामा नै छ। ७४ औं पत्रको पहिलो पृष्ठको चौथो हरफबाट लेखिएको *"अस्मद्राष्टाधिपतिश्रीश्रीजयभूपतीन्द्रमल्लदेवस्य खड्गासिद्धिरस्तु ॥ मानवगोत्रयजमानस्य श्रीश्रीजयभूपतीन्द्रमल्लदेववर्मणः श्रीश्री ...यज्ञानिमित्यर्थेन यथा शास्त्रोक्तफलदायिनो भवन्तु ॥"* , संस्कृत भाषाको पाठमा शास्त्रोक्त फल प्राप्ति होस् भन्ने कामना गरिएको छ। राजा, रानी र सम्पूर्ण परिवारका साथै देश र जनताको लागि आशीर्वादको याचना गरिएको छ। इष्टदेवको वरप्रसादबाट सम्पूर्ण राष्ट्रमा सुख शान्ति र समृद्धि हवोस् भन्ने कामना गरिएको छ। यो ग्रन्थ तान्त्रिक वस्तुपद्धतिको ज्ञान प्राप्त गर्न मात्र उपयोगी नभएर ऐतिहासिक दृष्टिले पनि महत्त्वपूर्ण देखिन आउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४०. उद्याननिर्माणविधि

विषय संख्याः- वै. क. २८८	रिल सं. B ३६०/७	लगत सं. २/२०१
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- १
आकारः- २८.० x १३.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिवाक्यः

श्रीगणेशाय नमः ॥ गोदानादि अनेक पुण्य मिल्छ भनि बगैंचा वनाउन्या विधि लेखिन्छ ॥ घरदेखि पूर्व पश्चिम उत्तर इ तिन दिशामा बगैंचा लाया पुत्र फल हुन्छ ॥ अरु दिशा नलाउनु ॥

अन्त्यवाक्यः

अथ सानैमा फल फल्न्या जुक्ति ४ हात गैह्रो खाडल खनि तसैभित्र इंदार जस्तो गारो लाउनु, माटाले पूरनु. तसमा वृक्ष लाउनु, अति सानैमा फल्छ ॥

पुष्पिकावाक्यः

इति सारंगधरे ॥ बगैंचा वनाउन्या विधि समाप्ता शुभम् ॥ ।

ग्रन्थसमीक्षाः

धार्मिक मान्यता अनुसार इष्ट र पूर्त कर्महरूद्वारा जुन फल प्राप्ति हुन्छ भनी प्राचीन ग्रन्थहरूमा बताइएको छ त्यही धार्मिक आस्था र विश्वासका साथ प्रस्तुत उद्याननिर्माणविधि लेखिएको कुरा ग्रन्थको आरम्भबाटै थाहा हुन्छ । सारङ्गधर संहिता मूल स्रोतग्रन्थ भएको यस ग्रन्थको आरम्भमा उद्याननिर्माणको दिशा वास्तुशास्त्र अनुसार बताइएको छ। उद्यान निर्माणका लागि भूमिशोधन, वीजरोपण, विरुवा निर्माण, वृक्षारोपण विधि वताइएको यस ग्रन्थमा वृक्षायुर्वेदका सम्वन्धमा पनि विचार गरिएको छ। बगैंचामा कस्तो कस्तो वृक्षहरू लगाउंदा उपयुक्त हुन्छ? रूख विरुवामा लाग्ने विभिन्न रोगहरूको उपचार कसरी गर्ने? मीठो र धेरै फलहरू कसरी फलाउने? एउटा वृक्षमा फरक वृक्षको गुणको आरोप कसरी गर्ने? फलफुलको प्रकृति र गुणस्तर कसरी परिवर्तन गर्ने? जस्ता विभिन्न उपायहरू उल्लेख गरिएको यस ग्रन्थमा केराको बोटमा आंप, दारिम जस्ता पृथक् फल फल्ने चामत्कारिक र अति वैज्ञानिक विधि समेत उल्लेख गरिएको छ। मानिस लगायतका प्राणीमा जस्तै वनस्पतिको सन्दर्भमा पनि त्रिदोषजन्य रोग र त्यसका लक्षणका वारेमा पनि विचार गरिएको छ।

समग्र रूपमा हेर्दा वास्तुलक्षण अनुसार बगैंचा निर्माण गर्ने र त्यसलाई सदैव आकर्षक र स्वच्छ बनाइराख्ने विभिन्न उपायहरू वर्णन गरिएको यो ग्रन्थ नेपाली कागजको ठूलो आकारको दुई पत्रमा एक पत्रको एकातर्फ र अर्को पत्रको दुवैतर्फ लेखिएको छ भने यसमा प्रयुक्त नेपाली भाषा प्राचीन खालको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्णविन्यासका दृष्टिले आधुनिक मानक नेपाली भाषासंग नमिल्ने यस ग्रन्थमा लेखकको परिचय र लेखन समय पनि खुलेको छैन।

रासायनिक प्रयोग र तज्जन्य दुष्परिणामका कारण प्रभावित वर्तमान मानव समाजका निम्ति प्राकृतिक रूपबाटै गरिने वृक्षायुर्वेद चिकित्सा विस्तृत रूपमा वर्णन गरिएकाले जैविक वगैंचा निर्माण गर्न चाहने व्यक्तिका लागि अति उपयोगी सिद्ध हुन्छ भने बोटविरुवाका साथै विभिन्न फलहरूको अध्ययन अनुसन्धान गर्ने अनुसन्धाताहरू र विद्यार्थीहरूको लागि पनि यस ग्रन्थले केही अनुसन्धानयोग्य विषयहरू पनि उजागर गरेको छ। वनस्पतिशास्त्र (Botany) र कृषि (Agriculture) अध्यन गर्नेहरूका लागि यो ग्रन्थ निकै उपयोगी देखिन्छ।

४१. राजवल्लभवास्तुशास्त्र

विषय संख्याः- ज्यो. ११५९	रिल सं. A ४३०/८	लगत सं. ५/११००
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-९९
आकारः- २८.१ x १०.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

ग्रन्थकारः- मण्डन सूत्रधार

आदिपाठः

श्रीगणेशाय नम ॥ श्रीमन्मङ्गलमूर्त्तिर्जयति ॥
आनन्दं वो गणेशार्कविष्णुगौरीमहेश्वराः ॥
देवाः कुर्युः श्रियं सौख्यमारोग्यत्वं गृहे सदा ॥१ ॥
देवं नमामि गिरिजात्मजमेकदन्तम्।
सिंदूरचर्च्चितवपुः सुविशालशुण्डम् ॥
नागेन्द्रमण्डिततनुं युतसिद्धिबुद्धिम्।
सेव्यं सुरोरगनरैः सकलार्थसिद्धयै ॥२ ॥ (fol. 1v1-3)

अन्त्यपाठः

गणपतिगुरुभक्त्या भारतीपादतुष्ट्या
मुनिमतमिदमुक्तं वास्तुशास्त्रं सुवृतम् ॥
गणितममितसारं शाकुनं सारभूतम्।
भवति चतुरयोग्यं विश्वकर्मप्रसादात् ॥४४ ॥ (fol. 45r4-5)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति श्रीवास्तुशास्त्रे राजवल्लभमण्डने शाकुनलक्षणं नाम चतुर्दशोध्यायः ॥१४ ॥ १२१० ॥ ॥ शुभम् ॥
(fol.45r6)

ग्रन्थसमीक्षाः

१४ अध्यायहरूमा विभक्त यस ग्रन्थको पहिलो अध्यायमा ४० श्लोकहरू छन्। यस अध्यायमा घरको प्रयोजन र महत्त्व, गृहारम्भ र प्रवेशमा शुभमुहूर्तको महत्त्व, मास अनुसार गृहारम्भको पृथक्-पृथक् फल, सूर्यको स्थिति अनुसार गृहारम्भको फल, दिशा अनुसरको सूत्रन्यासविधि तथा दिशा फरक पर्दाको फल, वर्ण अनुसारको प्रशस्त भूमिलक्षण, भूमिशोधन विधि, खन्दा देखिएका वस्तु अनुसार शुभाशुभ लक्षण, द्वार तथा द्वारवेधका लक्षण आदि विषयहरू वताइएका छन्। ३८ श्लोकहरू भएको दोश्रो अध्यायमा अन्धकासुर र शिवजीको संग्राममा शिवजीको खसेको पसिनावाट भएको वास्तुपुरुषको उत्पत्तिको कथाको सङ्केत, ग्राम, राजप्रासाद, नगर तथा सम्पूर्ण भवन अनुसरको वास्तुविन्यासविधि, वास्तुचक्रस्थित देवताहरूको क्रम, वास्तुयन्त्रको पद निर्धारण शतपदवास्तु तथा सहस्रपदवास्तुकथन आदि कुराहरू छन्। तेश्रो अध्यायमा २४ श्लोक छन्। यसमा गृहको आयाम आदिको लक्षण बताइएको छ। घर, मन्दिर, राजप्रासाद आदिको मान, उन्मान तथा विन्यास गरिने चित्र आदिका स्थान एवं लक्षणहरू वताइएको छ। चौथो अध्यायमा ३७ श्लोकहरू छन्। यसमा दुर्गको प्रमाण तथा लक्षण, नगरको १२० गुणहरूको कथन, प्रमाण एवं लक्षण तथा ८ किसिमका यन्त्रका प्रमाण, वापी-कूप तडाग आदिको लक्षण उल्लेख गरिएको छ।

४७ श्लोकहरू भएको पाँचौ अध्यायमा राजाको गृहको प्रमाण तथा लक्षण बताइएको यसमा विभिन्न प्रकारका राजाहरूको गृहप्रमाण फरक फरक ढंगबाट बताइएको छ। यसका साथै राजप्रासादको अवयवहरूको विन्यासक्रम, ध्वजा, तोरण आदि विभिन्न वस्तुहरूको लक्षण एवं न्यासक्रम बताइएको छ। छैटौ अध्यायमा ध्रुवादि षोडश गृह, रम्यादि अष्टगृह, सुन्दरादि षोडशगृह, अलंकृतादि षोडशगृह, प्रभवादि षोडशगृह, चुडामण्यादि षोडशगृह आदिका वारेमा उल्लेख गरिएको छ। १०४ प्रकारका एकशालागृहको लक्षण पछि १६ द्विशालागृह लक्षण एवं प्रकार उल्लेख गरिएको छ। यसमा ४६ श्लोकहरू छन् तर श्लोक संख्याङ्कनमा निरन्तरता छैन।

सातौं अध्यायमा १६ प्रकारका सूर्यादि द्विशालागृहका लक्षनवारे विस्तारमा उल्लेख गरिनुका साथै त्रिशाल, चतुशालगृहको लक्षण एवं विविध प्रकारका वर्णन गरिएको छ। यसमा २० श्लोक छन्।

आठौं अध्यायमा राजा, राजकुमार, मन्त्री, सेनापति, राजगुरु तथा ब्राह्मणादिवर्णको शयनको लक्षण तथा प्रमाण, सिंहासनको लक्षण एवं प्रमाण, छत्रलक्षण एवं प्रमाण, गवाक्षको लक्षण एवं प्रमाण, सभाको प्रमाण,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदी तथा दीपको लक्षण एवं प्रमाण उल्लेख गरिएको छ। यसमा १८ श्लोकहरू छन् तर संख्याङ्कनमा त्रुटि देखिन्छ।

नवौं अध्यायमा २९ श्लोकहरू छन् जसमा राजगृहको विन्यासक्रम वर्णन गरिएको छ। यसमा वाटिका, अश्वशाला, राजशाला, वेश्या, कञ्चुकी, शिल्पी आदिको गृह लक्षण र प्रमाण वताइएको छ। दशौं अध्यायमा २४ श्लोकहरू छन् जसमा मापन सम्वन्धी परिचर्चा गरिएको छ। यसैगरी मापित क्षेत्रको लक्षण एवं फलहरूको विवेचना गरिएको छ। ३६ श्लोकहरू भएको एघारौं अध्यायमा तिथिको नन्दा आदि संज्ञा सम्वन्धी परिभाषा तथा गृहारम्भको लागि तिथिशुद्धि, गृहनिवेश निमित्त भूमिपरीक्षण, शोधन, वास्तुशान्तिविधि, वास्तुको मुहूर्तशुद्धि लगायत गृहप्रवेश मुहूर्त्त, विवाहमुहूर्त आदि विषयवस्तु वताइएको छ। ३२ श्लोकहरू भएको वाह्रौं अध्यायमा शरीरमा हुने स्वरोदय वर्णन, वालकुमार, युवा, वृद्ध, मृत पाँचस्वरको लक्षण तथा फल, कोटलक्षण, शकुनविचार जस्ता विषयवस्तुहरू वर्णित छन्। तेह्रौं अध्यायमा नक्षत्रहरूको अधोमुखादिसंज्ञा तथा हरेक नक्षत्रहरूमा गरिने कर्महरू र सिद्धि असिद्धिका वारेमा वर्णन गरिनुका साथै संस्कारविशेष तथा अन्य व्यावहारिक कर्महरूको सिद्धिका लागि शुभाशुभ वार तथा नक्षत्रहरूका वारेमा उल्लेख गरिएको छ। समग्रमा ज्योतिषीय अवयवका लक्षणहरूका वारेमा प्रकाश पारिएको छ। यसमा ३१ श्लोकहरू छन्। चौधौं अध्यायमा ४४ श्लोकहरू छन्। यसमा तिथि, वार आदि सवै उपयुक्त भए पनि शकुन शुभ भएमा कार्यसिद्धि हुने कुरा उल्लेख गरिएको छ। दिशाको दग्धा आदि परिभाषा उल्लेख गर्नुका साथै प्राकृतिक लक्षणका आधारमा तथा विभिन्न पशुपन्छिहरूका चेष्टा गतिः स्थिति आदिका आधारमा शुभाशुभ शकुनको विचार गरिएको छ।

१४ अध्यायमा विस्तार भएको यस ग्रन्थमा भाषा शुद्ध, पाठ स्पष्ट र उच्चकोटिको काव्यात्मक शैली पाइन्छ। विविध शास्त्रीय छन्दको प्रयोग, ज्योतिषीय विषयवस्तुमा पनि सुललित पदावली तथा काव्यात्मक भाषा शैलीको प्रयोगले गर्दा ग्रन्थलाई उच्च कोटिको तुल्याएको छ। पद्यहरू श्रुतिमधुर छन्। मौलिक रूपमा प्राचीन एवं आर्षग्रन्थ वर्णित विषयवस्तु उल्लेखित छन्। ग्रन्थसँगै राखिएको सूचीपत्रमा शाकुन लक्षण र नेपाली-जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजनाले तयार परेको प्रारम्भिक सूचीमा वास्तुशास्त्र भनी लेखिएको यस ग्रन्थमा वास्तु वा शाकुनसम्वद्ध विषय मात्र नभई अन्य कतिपय ज्योतिषीय विषयवस्तुहरू समेत समाविष्ट भएका छन् तर धेरै विषयवस्तु भने वास्तुसम्वद्ध छन्। प्रत्येक अध्यायका अन्त्यमा भएका उपपुष्पिका वाक्यहरूले अध्यायमा वर्णित विषयवस्तु प्रकाशित गरेका छन्। सूत्रधार मण्डन रचित यस ग्रन्थको पाण्डुलिपिकार र लेखन समय भने उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

४२. राजवल्लभवास्तुशास्त्र

विषय संख्याः- ज्यो. ११६३ रिल सं. B ३५२/१४ लगत सं. ५/१०९६

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-३२

आकारः- २४.५ x १०.६ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

ग्रन्थकारः- मण्डन सूत्रधार लेखकः- दामोदर सूत्रधार

आदिपाठः

श्रीगणेशाय नमः ॥

आनन्दं वो गणेशार्कविष्णुगौरीमहेश्वराः

देवा कुर्युः श्रियं सौख्यमारोग्यं च गृहे सदा १

देवं नमामि गिरिजात्मजमेकदन्तम्

सिन्दुरचर्चितवपुः सुविशालशुण्डम्

नागेन मण्डिततनुं युतसिद्धिवुद्धयम् (!)

सेव्यं सुरोरगनरै(!) सकलार्थसिद्धयै २ (fol. 1r1-3)

अन्त्यपाठः

†तानति† गुरुभक्तया भारतीपादतुष्टया

मुनिमतमिदमुक्तं वास्तुशास्त्रं सुवृत्तम्

गणितमपि च सारं शाकुनसारभूतम्

भवतु भवतु योग्यं विश्वकर्मप्रसादात् ॥ ४५ ॥ (fol. 32v3-5)

पुष्पिकावाक्यः

इति श्रीसूत्रधारमण्डनविरचितायां वास्तुशास्त्रे राजवल्लभे शकुनलक्षणं नाम चतुर्दशमं प्रकरणं १४ श्रीरस्तु शुभमस्तु

यावल्लवणसमुद्रो यावन्तक्षत्रमण्डितो मेरुः

यावचंद्रादित्यौ तावदिदं पुस्तकं जयतु

❖ श्रीसूत्रधारदामोदरेण लिखितमिदं शुभं भूयात् ।

हद्दाचक्रं प्रवक्ष्यामि सूर्यभाचंद्रभे फलम् (fol. 32v5-9)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

सूत्रधारमण्डनविरचित यस ग्रन्थका पाण्डुलिपिकार दामोदर हुन्। १४ प्रकरणमा विस्तार भएको यस ग्रन्थ अन्त्यमा फरक सन्दर्भको हदाचक्रवारे वर्णन गर्ने क्रममा अपूर्ण रहेको देखिन्छ। जीर्ण अवस्थामा रहेको यस ग्रन्थको सुरुको १२ पत्र सम्मको हस्ताक्षर र १३ पत्र देखिको हस्ताक्षर फरक रहेको छ। पछिल्लो हस्ताक्षरले लेखिएको पाठ अघिल्लो हस्ताक्षरको भन्दा शुद्ध छ।छैटौं प्रकरणको समाप्ति पश्चात् २ पत्रहरूमा ग्रन्थको सन्दर्भ भन्दा भिन्न पाठ दिइएको छ। सामान्य पाठभेद वाहेक यस ग्रन्थमा वर्णित विषयवस्तु ५/११०० को ग्रन्थमा वर्णन गरिए जस्तै छ। अन्तिम पृष्ठमा एउटा चक्र रचना गरिएको छ। यस ग्रन्थको लेखन समय भने उल्लेख गरिएको छैन।

४३. राजवल्लभवास्तुशास्त्रटीका

विषय संख्याः- ज्यो. ११६४	रिल सं.	लगत सं. ५/१०९७
भाषाः- संस्कृत, मराठी	लिपिः- देवनागरी	पत्र संख्याः-४०
ग्रन्थावस्थाः- जीर्ण	लेख्य सामग्रीः- कागज	ग्रन्थकारः- मण्डन सूत्रधार

आदिपाठः

///तृतीय अध्यानि टिका लखिछे

श्लोकः आयर्क्षव्ययति १ गृहादिकनें विषें आय १ व्ययर ... अविंतो धांन्य सुख यशनी वृद्धि अधिक होइं (fol. 1v1-2)

अन्त्यपाठः

गुणपतिगुणभक्त्या भारतीपादतुष्ट्या

मुनिमतमिदमुक्तं वास्तुशास्त्रं सुवृत्तम्॥

गणितमपि च सारं ‹सा ›[शा]कुनं सारभूतम्

भवतु चरणयोग्यं विश्वकर्मा(!)प्रसादात्॥ ४४॥

अर्थः श्रीगणेशनी भक्ते क+मुनिने समस्तमाने गणितमणि तनुसारभूतनास्तु शास्त्र कहूतें सज्जननाचरणयो गाहोए एटलु पार्थ्यू छे सही॥ (fol.98r14-v2)

पुष्पिकावाक्यः

इति श्रीवास्तुशास्त्रे राजवल्लभे शकुनलक्षणं चतुर्दश(!) समाप्तम्॥ ॥ (fol. 98v2)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो ग्रन्थ राजवल्लभवास्तुशास्त्रको चित्रसहितको टीका हो॥ यस ग्रन्थमा मूल पाठ संस्कृत भाषामा लेखिएको छ भने टीका मराठी भाषामा लेखिएको छ। जम्मा ४० पत्रहरू मात्र प्राप्त यो ग्रन्थ जीर्ण, पत्रहरू प्वाल परेका, च्यातिएका र ढुसी लागेको अवस्थामा छ। कतिपय पत्रहरू एक आपसमा टाँसिएर रहेका छन्। टाँसिएका पत्रहरू नछुट्याइकन प्राप्त पाठहरूलाई आधार मान्दा यस ग्रन्थमा राजवल्लभवास्तुशास्त्रमा गरिएको भाषा टीकाको ३, ४, ५, ७,९ १०, ११, र १४ अध्यायका आंशिक पाठहरू उपलब्ध छन्। यस ग्रन्थको त्रुटिपूर्ण तरिकाले पुनः पत्राङ्कन गरिएको छ। पत्रहरू अव्यवस्थित रूपमा रहेका छन्। यस ग्रन्थको सुची हराएकाले रील संख्या प्राप्त हुन सकेको छैन।

४४. ठिमिगृहप्रतिष्ठाशान्तिवल्यर्च्चनविधि

विषय संख्याः- ता. क. ५३०	रिल सं. A २३७/११	लगत सं. १/६७४
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ९५
आकारः- ३२.० x १२.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ ॐ नमः श्री३महागणेशाय नमः॥ श्रीगुरवे नमः॥ अथः थेमिया गृहे प्रवेसया, वलि विय विधिः॥ आचार्य्यया॥ ॥ पतवासन चोय वास्तुसुद्धा, वलि मालको यत खटकुणचा॥ ॥ यजमान पुष्पभाजन याचके॥ अद्यादि, वाक्य॥ मानवगोत्रयजमानस्य श्रीश्रीजयभूपतीन्द्रमल्लवर्म्मण(!) श्री३स्वेष्टदेवताप्रीत्यर्थं, नवगृहे(!)प्रवेशवल्या(!)र्च्चनकतुं(!) पुष्पभाजनं समर्प्पयामि॥ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

प्रतिष्ठा॥

प्रतिष्ठितोऽसि देवेशी(!) सुप्रतिष्ठा भुवनत्रयम्।

सानिध्यं प्रतिगृह्णामि यजमानादिवृर्द्ध(!)ये।

सन्नोऽस्तु द्विपदे नित्यं सन्नो राज्यस्तथैव च॥

यजमानसंभूतोऽयं सुपुत्रपशुबान्धवः।

रक्ष त्वं सर्व्वकाले⟨खु⟩[षु] देशनभैरव नमोस्तुते॥[७]

...

---

[७] अधिकमात्रा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साक्षि थाय ॥ ॥ पेह्वुतो श्रीश्रीयजमान आरोग्यं, आलसं थ्वछेसं ॥ ॥ (fols. 94v7-95r5)

पुष्पिकावाक्यः

इति गृहे प्रतिष्ठाशान्तिवल्या(!)र्च्चनविधिः समाप्तः ॥ ॥ ❀ ॥ ॥

] यादृष्टं (!) पुष्ट(!)कं दृष्ट्वा, तादृसं(!) लिषि(!)तं मया ।

यदि शुर्द्धमसूद्धं (!) वा मम दोषो न दीयते ॥ ॥

श्रीश्रीजयभूपन्द्रमल्लदेवप्रभु थाकुँ[[र]]सन, थेमिया गृहप्रतिष्ठाया, शान्तिवल्या(!)र्च्चनविधिः साफलि दयका जुरो ॥ ॥ शुभं भवतु सर्व्वदा ॥ ॥ (fol. 95r7-95v1)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लद्वारा ठिमिको आफ्नो नयाँ घरमा प्रवेश गर्ने क्रममा इष्टदेवता प्रीतिको लागि गरिएको प्रवेश विधि दर्शाइएको यस ग्रन्थमा वलि पूजा विधिवाट सुरु गरिएको छ भने त्यस पश्चात् मालिनीदण्डकंस्तोत्रको पाठ दिइएको छ। ११ औं पत्रको पछिल्लो पृष्ठवाट वास्तुपूजा आरम्भ भएको छ। सुरुमा सङ्कल्प, त्यसपछि वास्तुमण्डलको निर्माण गरी वास्तुमण्डलपूजा गर्ने विधि उल्लेख गरिएको छ। ३२ कोष्ठमा ३२ ओटा देवताहरूको पूजा गर्ने प्रक्रिया उल्लेख छ। क्रमैले दश दिक्पालपुजा, त्रिमेखायुक्त कुण्डमा पूजित देवताको हवन, बलिविधि, यजमानद्वारा गरिने सर्वौषधिस्नान विधि उल्लेख गरी वास्तुपूजाविधि समाप्त भएको देखाइएको छ। १८ औं पृष्ठको सुरुमा पुनः कलश पूजा, आत्मपूजा, गोग्रासपूजा विधिहरू उल्लेख गरिएका छन्। अष्टाविंशति कर्म पूजा, त्रिखण्डपूजा, मूलस्थान पूजा विधिहरू र सम्वन्धित पूजा पछि गरिने वलिकर्मको विधि तथा पूजाका क्रममा प्रदर्शन गरिने मुद्राका विधिहरू उल्लेख गरिएका छन्। तान्त्रिक कर्मकाण्ड विधि अनुसार गरिने तान्त्रिक वास्तुपूजाको विधि भएकाले स्थान-स्थानमा कुटाक्षरी मन्त्रहरूको उल्लेख, मुद्राविधि, देवता अनुसारका विशेष बलिविधिहरू उल्लेख गर्ने क्रममा अजरादिभैरववलि, चतुषष्टी योगिनी बलि, महाकालबलि, शन्तिबलि, उग्रचण्डावलि, सिद्धिलक्ष्मी वलि तथा महावलिको विधिलाई देखाइएको छ। यसै क्रममा शिवशक्तिसमरसत्वमहामायास्तोत्र पनि प्रस्तुत छ। पूजा तथा बलिको विधिका क्रममा हरेक देवदेवीका गायत्रीहरू पनि उल्लेख गरिएका छन्।

राजा भूपतीन्द्र मल्लले नव गृहप्रवेश गर्ने क्रममा गरिएको वास्तुपूजाको सन्दर्भ उल्लेख गरी लेखिएको यस ग्रन्थमा भाषागत त्रुटिका साथै नेवारी भाषाको पनि प्रयोग भएको छ। ठाउँ-ठाउँमा विधिनिर्देश गर्ने क्रममा पनि नेवारी भाषाको प्रयोग छ भने ग्रन्थको आदि र अन्त्यमा चाँहि नेवारी भाषाकै प्रयोग छ। ग्रन्थको लेखक र लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४५. प्रासादपादस्थापनकलशार्चनविधि

विषय संख्याः- ता. क. परि. ३०७ | रिल सं. A १२४३/१९ | लगत सं. १/२२०

भाषाः- संस्कृत, नेवारी | लिपिः- नेवारी | पत्र संख्याः-९

आकारः- ३२.० x ९.८ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः-कागज

लेखन समयः- ने सं ८२० | राजा भूपतीन्द्रमल्ल

आदिपाठः

❖ॐ नमः श्रीगुरुभ्यो नमः॥ ॥ ततो भैरवक्रमेन(!) पादस्थापनविधि(!) लिख्यते॥ ॥ ब्राह्मणस्य कलशार्चन(!)॥ यजमान(!) पुष्पभाजन(!)॥ अद्यादि॥ वाक्य॥ श्रीसंवर्त्तामण्डला(!)त्यादि॥॥ रत्नोषधिसकतिर्थेत्यादि (!)॥ ह्याकाशत्यादि (!)॥ सिद्धिरस्तु त्यादि(!)॥ यथावनत्यादि (!)॥ ॥ त्रितत्वेनाचम्य॥ सूर्यार्घ(!)॥ अद्यादि॥ वाक्य॥ वर्णान्तं वीजमुद्धृत्य त्यादि(!)॥ ॥ गुरुनमस्कार(!)॥ (fol. 1v1-4)

अन्त्यपाठः

ह्वसकन, हृङ्वनेत याव यजमान कलशाभिषेक विय॥ ॐ कारं वायुवीजं॥ चेत॥ श्रीखण्डचन्दनं दिव्यं॥ ॥ सिंदुर॥ विरेश्वरी महावीर॥ ॥ मोहनी॥ त्रैलोक्य मोहनि स्यामि॥ ॥ सगोन॥ सिद्धार्थ दधिपावनं च सकलं॥ ॥ स्वान तय॥ ॥ पूर्णचंद्र॥ ॥ कोमारी विसर्ज्जनं॥ वलि थवथायस छोय॥ साक्षि थाय॥ ॥ (fols. 8v7-9r3)

पुष्पिकावाक्यः

सं ८२० वैशाख शुदि १२ श्रीश्खंपुया भैरव॥ श्रीश्रीजयभूपतीन्द्रमल्लदेवसनथो साफुलि दयका जुरो॥ ॥ शुभमस्तु॥ ॥ ॥ (fol. 9r3-4)

ग्रन्थसमीक्षाः

नेपाल संवत् ८२० वैशाख शुक्ल द्वादशीका दिन राजा भूपतीन्द्र मल्लद्वारा भैरवमन्दिरको पादस्थापन गरी कलशार्चन गरिएको विधि उल्लेख भएको यस ग्रन्थमा सूर्यार्घ्य विधि, न्यासविधि, लोकपालपूजा विधि, वलिविधि, आत्मपूजा, गोग्रासपूजा विधि, प्रतिमाको चतुसंस्कार, विश्वकर्मपूजा, आदि विधिहरू उल्लेख गरिएका छन्। स्वस्तिवाचनको निर्देश तथा आचार्य पूजा गरी ग्रन्थ समाप्त भएको छ।

ठाउँ ठाउँमा नेवारी भाषाको प्रयोग र कुटाक्षरी मन्त्रहरूको समेत प्रयोग गरिएको छ। ऐतिहासिक तथ्यहरूको अनुसन्धाताका लागि यो ग्रन्थ महत्त्वपूर्ण हुने देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४६. प्रासादपादस्थापनविधि

विषय संख्याः- ता. क. परि. ३०९ रिल सं. B ५२६/७ लगत सं. १/१६९६/४५५

भाषाः- संस्कृत, नेवारी लिंपिः- नेवारी आकारः- २६.० x ८.० से.

मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- ठ्यासफु लेखन समयः- ने सं ९१२

लेखकः- रामकृष्ण

आदिपाठः

/// स्थितं तत्र आप्यायतां निं..यतां तत्ते शुद्धयतु शमहोभ्यः ॥ ओषधे त्रायस्व स्वधितै मयि न.. हि..सी ॥ अभ्युक्षणम् ॥ ॐ त्यमग्नेद्युभिः ॥ ॥

अन्त्यपाठः

यजमानस्य यथादेव प्रतिष्ठार्थं प्रासादस्थापन, पादस्थापनसंपूर्णमिति ॥ ॥ ब्राह्मण यजमानास्वगृहं गत्वा ॥ यथाशक्ति भोजं(!) च ॥

पुष्पिकावाक्यः

इति प्रासादपादस्थापनविधि(!) समाप्तः ॥ ॥

❖ यजमानस्य सर्प्पप्रवेशोत्(!) भव-अलि(!)ष्टशान्तिकामनार्थं शान्तियज्ञ(!) कर्त्तुं सूर्य्यार्घं(!) नमः । सम्वत् ९१२ वैशाष शुक्ल, दशमी ॥ रामकृष्ण जुष्या देवल, वोसा धन दिन ॥ न .. ..

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस अपूर्ण ग्रन्थमा अपूर्ण पञ्चगव्यसाधनविधि, नवबलि प्रदान गर्ने विधिको निर्देश र पूजाविधि,भूमिशोधनविधि, मण्डपविधि, वेदीस्थापन, मण्डपस्तम्भ विधि, चलासनपूजाविधि, विश्वकर्मापूजा, पादस्थापन अघिको चतुसंस्कार विधि, स्वस्तिवाचनको निर्देश, दिक्पूजा, स्थिरासनपूजाविधि आदि उल्लेख गरिएको छ। अन्त्यमा सर्पप्रवेशजन्य अनिष्टशान्तिको यज्ञविधि उल्लेख गर्न खोजिएको वाक्य फरक हस्ताक्षरमा छ। प्रासाद पादस्थापन विधि भने पूर्ण छ।

नेपाल संवत् ९१२ वैशाख शुक्ल दशमी तिथिका दिन रामकृष्ण नाम भएका व्यक्तिले यो ग्रन्थ लेखेका हुन् भन्ने जानकारी ग्रन्थान्त्यवाट स्पष्ट हुन्छ। भाषागत त्रुटिहरू पाइन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४७. प्रासादप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. परि. ३०८ रिल सं. A १२४३/२० लगत सं. १/६९०

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्र संख्याः-५६

आकारः- ३२.५ x १६.६ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ श्रीगणेशायै(!) नमः ॥ श्रीगुरुभ्यो नमः ॥ ॥ श्रीचण्डिकादेव्यायै(!) नमः ॥ ॥ भोतया क्वाठ प्रतिष्ठाया पिथुपूजा ॥ ॥ यजमानपुष्प भाजन याचके ॥ ॥ अद्यादि वावय ॥ मानवगोत्रयजमानस्य श्रीश्रीजयभूपतीन्द्रमल्लवर्म्मण(!) श्रीइस्वेष्टदेवताप्रीत्यर्थं श्रीचण्डिकादेव्या नवगृहप्रवेशप्रतिष्ठानवपीठ-अष्टमातृका-अराधन(!) कर्तुं पुष्पभाजनं समर्प्पयामिः(!) ॥ (fol. 1v1-5)

अन्त्यपाठः

अम्वे पूर्व्वगतं पदं भगवति चैतन्यरूपात्मिका

ज्ञानेच्छा वहुला तथा हलि(!)हरौ व्रह्मामरीचित्रयम् ।

भास्वद्भैरवपंचकं तदुन च श्रीयोगिनीपंचकम्

चन्द्रार्क्कौं च मरीचषट्कममलं मां पातु नित्यं श्रीकुजा ॥ ॥[८]

वलिविसर्ज्जन ॥ बलि च्छोय ॥ ॥ साक्षि थाय ॥ नो सिय ॥ (fol. 55v10-56r2)

पुष्पिकावाक्यः

इति पिथुपूजा समाप्त(!) ॥ ॥ शुभं ॥ श्रीश्रीजयभूपतीन्द्रमल्लदेवसन, भोतया क्वाठ प्रतिष्ठायात थ्व साफुल दयका जुलो ॥ ॥ श्रीरस्तु ॥ ॥ (fol. 56r2-3)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले श्री चण्डिकादेवीको मन्दिर निर्माण गरी प्रतिष्ठा गरिएको विधि उल्लेख भएको यस ग्रन्थमा सुरुमा कुलमार्तण्ड भैरवको पूजा गरिएको प्रसङ्ग उल्लेख छ। यसै गरी करन्यास, अर्घपात्रपूजा, जलपात्रपूजा, आत्मपूजा, मालिनीदण्डकस्तोत्र, पञ्चवलिविधि, इन्द्रादिपूजा, जयादिपूजा, वलिविधि, शिवशक्तिसमरसत्वमहामायास्तोत्र, भूतशुद्धि, मुद्राविधि, व्रह्माणी पीठपूजाविधि, वाराहीदेवी पीठपूजाविधि, महालक्ष्मी पीठपूजा विधि, तिनिंङो भगवती भैरवपूजा विधि आदि उल्लेख गरिएको छ।

---

[८] अधिकमात्रा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुटाक्षरी मन्त्रहरूको प्रयोगका साथै कतै कतै नेवारी भाषामा पूजा विधि निर्देश गरिएको छ। भाषिक त्रुटिहरू भेटिन्छन्। लेखन समय र लेखक उल्लेख गरिएको छैन।

४८. दुर्गाप्रासादकम्पनशान्तिविधि

विषय संख्याः- ता. क. परि. १५३ रिल सं. A १२८१/२ लगत सं. १/३१५

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी संख्याः-६८

आकारः- ३२.२ x १६.५ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

लेखन समयः- ने. सं. ८२८

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्यो नमः॥ श्रीश्रीश्रीगणेशाय नमः॥ ॥ सम्वत् ८२८ भाद्रपदकृष्णचतुर्द्दशीपर-अमावाश्यामघपरपूर्व्वफाल्गुणीनक्षत्र(!), वृहस्पतिवारे, रात्रिया पहर १ थ्वकुह्नु चोल पुलंया क्वाठ खाता सोपाल खाक॥ ॥ अथ दुर्ग्गप्रासादकंपितशान्तिवल्यार्चनविधिर्लिख्यते॥ ॥ अस्थान आदिन मालक्व वा थेलके॥ (fol. 1v1-3)

अन्त्यपाठः

वियाकंठनं थवर दिसस छोय॥ मूलहनुमन्त्रवलि जुक्व, शत्रुया भूस, फलेतो वाङाव, स्वकचका, कायाव होले वलिशत्रुया नगर सोचकं ताथे॥ ॥ अस्थानसं वलि विसर्ज्जन याय॥ वलि छोय थव २ दिसस॥ ॥ होरावलि जुको क्वाठ ङुयकं होरके॥ ॥ साक्षि थाय॥ ॥ (fol. 74v6-9)

पुष्पिकावाक्यः

इति श्रीदुर्ग्गप्रासादकम्पितशान्तिवलि(!) समाप्तः॥ ॥ श्रीश्रीश्रीस्वेष्टदेवता प्रीणातु॥ ॥ शुभमस्तु॥ ॥ पू१॥ दक्षिणादं॥ फसि ह्मं १॥ थ्वते अस्थानयाता, पूजाविधिः॥ ॥ शुभमस्तु॥ ॥ (fol. 75v1)

ग्रन्थसमीक्षाः

यस ग्रन्थमा र ता. क. परि. ३०८, ल. सं. १/६९०, A १२४३/२० को ग्रन्थमा वर्णित विषयवस्तु एउटै रहेको छ। तर यसमा ७ ओटा पत्रहरू हराएको देखिन्छ। यसको लेखन समय ने. सं. ८२८ भाद्र कृष्ण चतुर्दशि, वृहस्पतिवार रहेको छ । यस ग्रन्थको प्रतिलिपि ल. सं. १/ ४७५ मा संग्रहीत ने. सं. ८२८ को ग्रन्थ भने पूर्ण छ। यसको अर्थ प्रतिलिपिकरण पश्चात् यस मूल ग्रन्थको पत्रहरू हराएका हुन् भन्ने तथ्य स्पष्ट हुन आउँछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४९. दुर्गाप्रासादबलिविधि

विषय संख्याः- ता. क. ७२२	रिल सं. A २३९/१९	लगत सं. १/७२८
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- ४७
आकारः- २७.० x ९.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- ने. सं. ८३४	राजाः- भूपतीन्द्र मल्ल	

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्यो नमः ॥ ॐ नमः श्रीश्रीश्रीगणेशाय नमः ॥ ॥ अस्थानस पूजा याचके ॥ वसपे विधिः ॥ पतवासन षट्कोण चोय ॥ त्रिकोण चोय ॥ भेवत वलिपाते१ वोय ॥ अर्घा अर्घपात्र तय ॥ जा पुजा वोय गणवटुकादिन ॥ अर्द्धचन्द्र सिधरन चोय ॥ ध्वते वसपे ॥ ॥ ...

मानवगोत्रयजमानस्यदुर्ग्गाप्रासादशान्तिवल्या(!)र्चनस्वसैन्यरक्षापरसैन्यभञ्जनार्थं

श्रीरउग्रचण्डा(!)देवार्चननिमित्त्यर्थं पुष्पभाजनं समर्प्पयामि ॥ (fols. 1v1-2r1)

अन्त्यपाठः

ह्रीं आचमनीय स्वाहा ॥ ॥ वलि छोय ॥ वियाकं थन थव थव दिसस छोय ॥ मूलहनुमन्त्रवलि जुक्व शत्रुया भूस फलेतो वाङाव स्वचका कायाव होले वलि शत्रुया नगर सोचकं ताथे ॥ ॥ ⟨⟨ल⟩⟩होलावलि जुक्व क्वाथ ङोयकं होलके ॥ ॥ साक्षि थाय ॥ ॥(fol. 47r5-v3

पुष्पिकावाक्यः

इति दुर्ग्गप्रासादवलिः समाप्तः ॥ ॥ संवत् ८३४ प्रतिष्ठायातं श्रीश्रीजयभूपतीन्द्रमल्लदेव सन दुवु क्वाथ प्रतिष्ठा याङा जुरो ॥ ॥ शुभः ॥(fol. 47v3-5)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले आफ्नो सैन्यको रक्षा तथा परसैन्य भङ्गका लागि दुर्गाप्रासादमा पूजा एवं वलि गरेको विधिलाई यस ग्रन्थमा उतारिएको छ। तान्त्रिक पद्धति अनुसार पूजा एवं वलि प्रदान गर्दा गरिने क्षेत्रपालवलि, चौसठ्ठी योगिनी बलि, अजराभैरव वलि, महावलि, पञ्चवलि लगायतका वलिविधि तथा मालिनीदण्डकस्तोत्र, शिवशक्तिसमरसत्वमहामायास्तोत्र पनि उल्लेख गरिएको छ। यसमा विशेष उग्रचण्डामहादेवीको मन्त्राङ्ग स्तुति एवं मातृकाविजयस्तोत्र पनि उलेख गरिएको छ। ग्रन्थारम्भ र ग्रन्थान्तमा नेवारी भाषाको प्रयोग छ भने अन्यत्र पनि कतै.कतै विधि निर्देशात्मक वाक्यहरू नेवारी भाषामै छन् । स्थान स्थानमा भाषागत त्रुटिहरू छन्। नेपाल संवत् ८३४ मा प्रतिष्ठा गरी वलिपूजा गरेको कुरा ग्रन्थको पुष्पिका वाक्यवाट स्पष्ट हुन्छ। लेखक र लेखनसमय उल्लेख गरिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५०. दुर्गाप्रासादप्रतिष्ठाविधि

विषय संख्याः– ता. क. ७२० रिल सं. A १२६५/१० लगत सं. १/६८८

भाषाः– संस्कृत, नेवारी लिपिः– नेवारी पत्र संख्याः– ७८

आकारः– २८.५ x ११.१ से. मी. ग्रन्थावस्थाः– सामान्य लेख्य सामग्रीः– कागज

राजाः– भूपतीन्द्र मल्ल

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्यो नमः ॥ श्रीगणेशाय नमः ॥ ॥ अथ दुर्ग्गाप्रासादप्रतिष्ठाशान्तिवल्या(!)र्च्चनविधिर्लिख्यते ॥ ॥ अस्थानअदिन मालवव, वा थेलके ॥ ॥ वसपे विधि ॥ पवासन षट्कोण मालको चोय ॥ जापूजा वोय गणवटुक आदिन पञ्चवलिं ॥ हनुभैरववलि स, कर्ण्णपताका, पञ्चपताका, दृष्टि, अदुवाल, जजमा, स्वान, सिंध्रकुरे, थ्वते वसपे ॥ ॥ अथ वल्यार्च्चनम् ॥ ... यजमानस्य दुर्ग्गाप्रासादस्वसैन्यरक्षापरसैन्यभञ्जनार्थं शान्तिवल्या(!)र्च्चननिमित्त्यर्थं पुष्पभाजनं समर्प्पयामि ॥(fol. 1v1-7)

अन्त्यपाठः

ह्रीं आचमनीय स्वाहा ॥ ॥ वलि छोय ॥ विद्याकण्ठणं थवर दिसस छोय ॥ मूलहनुमन्त्रवलि जुक्व शत्रुया भूस, फलेतो वाङाव, स्वकचका, कायाव होले, बलि शत्रुया नगर सोचकं ताथे ॥ ॥ अस्थानसं वलि विसर्जन याय ॥ वलि छोय थवरदिससे ॥ ॥ होरा वलि क्वाथ ङुयकं होरके ॥ ॥ साक्षि थाय ॥ ॥(fol. 77r6-v3)

पुष्पिकावाक्यः

इति श्रीदुर्ग्गाप्रासादप्रतिष्ठा(त)शान्तिवलि(!) समाप्तः ॥ ॥ क्वलपा क्वाथ प्रतिष्ठाया संफुलि ॥ ॥ शुभ ॥(fol. 78v3-4)

ग्रन्थसमीक्षाः

दुर्गाप्रासादप्रतिष्ठा विधिको उल्लेख गरिएको यस ग्रन्थ पञ्चवलिपूजाविधिवाट आरम्भ भएको छ। आफ्नो सैन्यको रक्षण र परसैन्यको भङ्ग गर्नका निमित्त सङ्कल्प गरी पूजाक्रम सुरु गरिएको यो दुर्गाप्रासादप्रतिष्ठा विधि पनि राजा भूपतीन्द्रमल्लद्वारा दुर्गाप्रासाद प्रतिष्ठा गर्ने सन्दर्भमा तयार गरिएको हो। यस ग्रन्थमा न्यासविधिः, जलपात्रपूजा, आत्मपूजा, मालिनीदण्डकस्तोत्र, पञ्चवलिविधि, त्रिदेवपूजाविधि, कूर्मपूजाविधि, मूलस्थानपूजा, षडङ्गवलि, महावलि, योगिनीवलि, पञ्चवक्रपूजा, षडङ्गवलि, महावलि, पूजाका क्रम प्रदर्शन गरिने विविध मुद्राहरू, होरावलिपूजा, रुद्रशान्तिवलि, विष्णुशान्तिवलि, महाकालवलि, उग्रचण्डावलि, सिद्धिलक्ष्मीवलि लगायतका शान्ति वलिविधिहरू उल्लेख गरिएका छन्। पूजाका क्रममा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रदक्षिणा क्रम अनुसार पूर्वादि दिशावाट गरिने विस्तृत पूजाविधि उल्लेख गरिएको छ। हलायुध विरचित हनुभैरवस्तोत्र पनि लेखिएको छ।

दुर्गाप्रासादमा कम्पन उत्पन्न भएपछि दुर्गाप्रासादकम्पनजन्य अनिष्ट निवारण गर्नाका साथै परसैन्य भङ्ग र आफ्नो सैन्य सङ्गठित तथा वलशाली हवोस् भन्ने कामनाले देवप्रासाद कम्पनजन्य उत्पात निवारणका लागि प्रासादप्रतिष्ठा गरी राजाको खड्गसिद्धिको प्रयास गरिएको कुरा चौहत्तरौं पत्रमा लेखिएको पाठवाट स्पष्ट हुन्छ। यस ग्रन्थमा कुटाक्षरी मन्त्रको प्रयोग ठाउँ-ठाउँमा गरिएको छ। यसै गरी नेवारी भाषाको प्रयोग पनि आदि र अन्त्यका साथै अन्यत्र पनि प्रशस्तै भेटिन्छ। यस ग्रन्थमा वर्णित विषयवस्तुको क्रम एउटै भए पनि फरक फरक हस्ताक्षरको प्रयोग भएको पाइन्छ। भाषामा कतै-कतै वर्णविन्यासगत त्रुटिका साथै संरचनागत त्रुटि समेत पाइन्छन्। लेखक र लेखन काल भने उल्लेख छैन।

५१. दुर्गाप्रासादकम्पनशान्तिवल्यर्चनविधि

विषय संख्याः- ता. क. परि. १५१	रिल सं. A १२३१/३१	लगत सं. १/४७५
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः-८९
आकारः- २७.६ x १४.६ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- ने. सं. ८२९		

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्यो नमः॥ ॐ नमः श्री३गणेशाय नमः॥ ॥ सं ८२९ वैशाख वदि ३ पूर्व्वाषाढनक्षत्र(!) आदित्यवार(!) थ कुह्नु या रात्रिस, तिगिन क्वाठ पूर्व्वखे चोङ गुलिखता॥ ॥ अथ दुर्ग्गप्रासादकंपितशान्तिवल्यार्चनविधिर्लिख्यते॥ ॥ अस्थान आदिन मालक्व वा थेलके॥ (fol. 1v1-3)

अन्त्यपाठः

मूलहनुमन्त्रवलि जुवव, शत्रुया भूस, फलेतो वाङाव, स्वकं चका, कायाव होले, वलि शत्रुया नगरसोचकं ताथे॥ ॥ अस्थानसंवलिविसर्ज्जनयाय॥ वलिच्छोय थवर दिस स॥ ॥ होरावलि क्वाथदुयकं होरके॥ ॥ साक्षिथाय॥ ॥ (fol. 88v1-4)

पुष्पिकावाक्यः

इति श्रीदुर्ग्गप्रासादकंपितशान्तिवलि(!) समाप्तः॥ ॥ शुभमस्तु॥ ॥ ॥(fol. 88v4-5)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

दुर्गाप्रासादमा कम्पनजन्य उत्पात निवारणका लागि गरिने शान्ति विधि उल्लेख गरिएको यस ग्रन्थमा वर्णित विषयवस्तु र लगत १/६८८, रिल नं. A १२६५/१० को ग्रन्थमा वर्णित विषयवस्तु समान छ। विशेष गरी यसमा ठिमी भैरवपूजा, हनुभैरवपूजा, घोरावलिविधि, अजरादिभैरववलि, चौषठायोगिनी वलि, उग्रचण्डा वलि, सिद्धिलक्ष्मी वलि, ठिमिको नाटचेश्वरभैरव पूजाविधि, हनुभैरवस्तोत्र, शिवशक्तिसमरसत्वस्तोत्र, महासंग्रामसिद्धिसाधन, उग्रचण्डा महादेवीको मन्त्राङ्गस्तुति, मातृका विजयस्तव, आदि विषयसम्वद्ध पाठहरू लिपिवद्ध गरिएका छन्। ८५ औं पत्रमा राजा भूपतीन्द्र मल्लको खड्गसिद्धिको कामना गरिएको छ। भूपतीन्द्र मल्लको राज्यकालमा दुर्गाप्रासादमा कम्पनजन्य उत्पात हुँदा शान्तिको लागि वलिपूजा गरिएको कुराको जानकारी यस ग्रन्थवाट हुन आउँछ। अन्तिम पत्रमा पूजा गर्दा चाहिने सामग्रीको सूची उल्लेख गरिएंको छ। यो ग्रन्थको लेखन समय ने. सं. ८२९ वैशाखकृष्ण तृतीया आइतवार रहेको छ भने लेखन समय उल्लेख छैन। नेवारी भाषाको पनि प्रयोग भएको यस ग्रन्थमा भाषागत त्रुटिहरू भेटिन्छन्। यसरी नै कुटाक्षरी मन्त्रहरूको प्रयोग पनि गरिएको छ।

५२. दुर्गाप्रासादशान्तिवल्यर्चनविधि

विषय संख्याः- ता. क. ७२१ रिल सं. A २३९/२० लगत सं. १/७३१

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्रः- १३५

आकारः- २७.५ x ११.० से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ ॐ नमः श्रीङ्गणेशाय नमः॥ श्रीगुरवे नमः॥ ॥ अथ दुग्गार्प्रासादगृहे(!)प्रवेस(!)प्रतिष्ठावल्यर्च्चनविधिः॥ ॥ पतवासन चोय वास्तुसुद्धा वलि मालको याता, खटकुण चोय॥ ॥ यजमान पुष्पभाजन याचके॥ अर्घ्यादि, वाक्य॥ मानवगोत्रयजमानस्य श्रीजयभूपतीन्द्रमल्लवर्म्मणः श्रीङ्स्वेष्टदेवताप्रीत्यर्थं दुग्गार्प्रासादप्रतिष्ठासा(!)न्तिवल्यार्च्चन(!) कर्तुं पुष्पभाजनं समर्प्पयामि॥ ॥(fol. 1v1-6)

अन्त्यपाठः

यजमानसंभूतोऽयं सुपुत्रपशुवान्धवः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रक्ष त्वं सर्व्वकालेखु(!) देशनभैरव(!) नमोस्तुते ॥[१]

सुप्रतिष्ठा वरदा भवन्तु ॥ ॥ कुह्मरपूजा च्छोय ॥

सर्व्वमङ्गलमागल्य(!), शिवे सर्व्वार्थसाधके(!) ।

शरण्य(!) त्रम्बिके(!) गौरी(!) नारायणी(!) नमोस्तु ते ॥

कौमारीदेव्यै(!), स्वस्थानवासो भवन्तु ॥ ॥ साक्षि थाय ॥ ॥ पहुता श्रीश्रीयजमान आरोग्यं, आलसं थ्व छसं ॥ ॥(fol. 133v4-134r3)

पुष्पिकावाक्यः

इति गृहप्रतिष्ठाशान्तिवल्या(!)र्च्चनविधिः समाप्तः ॥ ॥

यादृष्टं(!) पुष्ट(!)कं दृष्ट्वा तादृसं(!) लिषितं मया ।

यदि शुद्धमसुद्धं वा मम दोषो न दीयते ॥ ॥

श्रीश्रीजयभूपतीन्द्रमल्लदेव प्रभु थाकुरसन, क्वाथ प्रतिष्ठाया शान्तिवल्यार्चनविधिः साफुलि दयका जुरो ॥ ॥

शुभं भवतु सर्व्वदा ॥ ॥ ॥ ॥ ❁ ॥ ❁ ॥(fol. 134r3-v2)

ग्रन्थसमीक्षा

राजा भूपतीन्द्र मल्लले दुर्गाप्रासादप्रतिष्ठा गरी शान्तिको लागि वलिपूजा गर्ने क्रममा लेखिएको यस ग्रन्थमा सामान्य विषयवस्तुहरू ता. क. ७२०, ल. सं. १/ ६८८, रिल सं. ए १२६५/१० मा संग्रहीत ग्रन्थमा उल्लिखित जस्तै छन्। यस ग्रन्थमा विशेष नवगृह प्रवेशका लागि गरिने वास्तुपूजाको विधि उल्लेख गरिएको छ। भगवती पूजाको विधिलाई विस्तृत रूपमा देखाइएको छ। शिवशक्तिसमरसत्वमहामाया स्तोत्र पनि उल्लेख गरिएको छ। त्यस्तै मालिनीदण्डक स्तोत्र पनि सुरुतिरकै भागमा उल्लेख छ। अन्तिम पत्रको अघिल्लो पृष्ठमा एकाशीतिपदवास्तु कोष्ठ र अर्को एउटा यज्ञमण्डपको रङ्गवली जस्तो देखिने आकर्षक चित्र छ। राजाले मात्र नभई सामान्य व्यक्तिले गृहप्रवेश गर्दा पनि प्रयोग गर्न सकिने गरी यो ग्रन्थको लेखन भएको छ र सङ्कल्प वाक्यहरू पनि त्यस्तै खालका छन्।

भाषागत त्रुटिहरू भेटिने यस ग्रन्थमा कुटाक्षरी मन्त्रहरूको प्रयोग स्थान-स्थानमा गरिएको छ। लेखक र लेखन समय उल्लेख गरिएको छैन।

---

[१] अधिकमात्रा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५३. दुर्गाप्रासादप्रतिष्ठाशान्तिबलिपूजाविधि

विषय संख्याः- ता. क. ७१९ रिल सं. A २३९/२२ लगत सं. १/७६४

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्रः- ९३+१=९४

आकारः- २६.५ x ९.५ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ ॐ नमः श्रीगुरुभ्यो नमः॥ श्रीगणेशाय नमः॥ ॥ अथ दुग्गर्गाप्रासादप्रतिष्ठाशान्तिवल्या(!)र्च्चनविधिल्लिते(!) ॥ ॥ अस्थान आदिन मालक्व, वा थेलके॥ ॥ वसपे विधि॥ पतवासन षट्कोण मालको चोय॥ जापुजा वोय गणवटुक-आदिनव पञ्चवलिं॥ हनुभैरव बलिस, कर्णपताका, पञ्चपताका दृष्टि, अदुवाल, जजमका, स्वान सिंधुरन कुते, थ्वते वसपे॥ ॥ अथ वल्या(!)र्च्चनं॥ (fol. 1v1-5)

अन्त्यपाठः

विद्याकण्ठणं थव २ दिसस छोय॥ मूलहनुमन्त्रवलि जुक्व शत्रुया भूस, फलेतो वाङाव, स्वकचका, कायाव होले, वलि शत्रुया नगर सोचकं ताथे॥ ॥ अस्थानसं वलि विसर्ज्जन याय॥ वलि छोय थव थव दिगस सायाव ताथेमाल॥ ॥ होरावलि क्वाथ ङुयकं हारके मार॥ ॥ साक्षि थाय॥ ॥ (fol. 93r5-v3)

पुष्पिकावाक्यः

इति श्रीदुग्गर्गाप्रासादप्रतिष्ठाशान्तिवलि(!) समाप्तः॥ ॥ दुवु क्वाठ प्रतिष्ठाया ङाय संफलिः॥ ॥ शुभमस्तु सर्व्वदा॥ ॥ ॥(fol. 93v3-5)

ग्रन्थसमीक्षाः

यस दुर्गाप्रासाद प्रतिष्ठा शान्तिवलि पूजाविधिमा उल्लेख भएको सम्पूर्ण विषयवस्तु रील सं. A २३९/२० लगत सं. १/७३१ को ग्रन्थमा उल्लेख भएको विषयवस्तुसँग मिल्दोजुल्दो छ। यसमा राजाको नाम र वास्तुचक्रको उल्लेख छैन। ४२ औं र ४३ औं दुवै पत्रमा ४२ नै भनेर पत्राङ्कन गरिएको छ भने त्यसपछिका पत्रहरूमा क्रमशः ४३ देखि पत्राङ्कन गरिएको छ तर पाठको निरन्तरता भने कायमै छ। यसका साथै पातलो नेपाली कागजको एउटा सानो पत्रमा विवाहमा शाखोच्चार गर्दा आवश्यक पर्ने, नन्दलाल सिंह भन्ने व्यक्तिको च्यारपुस्ते व्यहोरा र अर्को एउटा पत्रमा ने. सं. ८८५ र ८८६ को चन्द्रग्रहण सम्वन्धी जानकारी सचित्र उल्लेख गरिएको छ। यी दुवै मूल ग्रन्थसँग सम्वन्धित छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषागत त्रुटिहरू यस ग्रन्थमा पनि भेटिन्छन् र कुटाक्षरी मन्त्रहरूको प्रयोग पनि छ। लेखक र लेखन समय भने उल्लेख गरिएको छैन।

५४. सिद्धाग्निकोट्याहुतिदेवलप्रतिष्ठा

विषय संख्याः- ता. क. १३५८ रिल सं. A २४९/५ लगत सं. १/१११५

भाषाः- संस्कृत। नेवारी लिपिः- नेवारी पत्रः- २६४

आकारः- ४६.५ x १२.० से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

❖ श्रीॐगणेशाय नमः॥ ॥ श्रीश्रीजयभूपतीन्द्रमहाराजाधिराजन सिद्धाग्निकोट्याहुतियज्ञ याङाव, ङातापोलदेवल प्रतिष्ठा यङाया(!) धरोत॥ ॥]] सम्वत् ८२२ कार्त्तिक, शुक्ल, तृतीया, ज्येष्ठनक्षत्र, अतिगण्डयोग, वृहस्पतिवार, थ्वकुन्हु, सिँ, छे चकल छाया दिन॥ ॥(fol. 1r1-2)

अन्त्यपाठः

पारु पा १, दुवाल्याथ पु१, कर्णपताका जु१ तव जु२ दथुजे, पंचपताका जु ८, अदुवार पा ३, कंशख्वला ग्व १, अर्घाग्व १ ङ्य, अर्घामाच पु १ ङ्य, अर्घपात्र ग्व १ ङ्य, न्यानधारा ग्व १ ताने, सवुनपेश्मा ग्व १ ताने, ङासलै १ (264r3-4)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

यस वृहत्काय ग्रन्थमा राजा भूपतीन्द्र मल्लले भक्तपुरमा न्यातपोलको मन्दिर स्थापना गरी कोटिहवन गर्दा यज्ञमा गरिएको कार्य विभाजन, पण्डितहरूको विवरण, हवनसंख्याको विवरण, यज्ञ सम्पादन गर्दा सहयोग गर्ने राजा सहितका अन्य व्यक्तिहरूको नाम तथा तिनीहरूले गरेका दान सम्वन्धी विवरण, यज्ञमा सहभागी भक्तजनहरूको नामावली, सम्पादन गरिएका वस्तुहरूको विवरण, यज्ञ सम्पन्न गर्दा विभिन्न स्थानवाट आएका भक्तजन र सहयोगी व्यक्तिहरूको नामावली उल्लेख गरिएको छ। ने. सं. ८२२ ज्येष्ठ शुक्ल नवमीवाट यज्ञ सुरु गरिएको कुरा ३७ औं पत्रवाट बुझिन्छ। ग्रन्थको सुरुमा यज्ञारम्भदेखि यज्ञ सम्पन्न गर्दा सम्मका विभिन्न सन्दर्भका मितिहरू कार्यसहित उल्लेख गरिएका छन्।

ने. सं. ८२२ कार्त्तिक कृष्ण प्रतिपदाका दिन सँगै एउटा घर सित न्यातपोल देवल निर्माण गर्न कार्यविभाजन गरी विभिन्न व्यक्तिहरूलाई राजाले जिम्मा दिएको कुरा २६१ औं पत्रवाट थाहा हुन आउँछ। ने. सं. ८१९ श्रावण कृष्ण त्रयोदशीका दिन यज्ञको लागि पीठार्चन गरिएको कुरा २६२ औं पत्रमा उल्लेख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको छ। कोटिहवन सहित न्यातपोल मन्दिरको प्रतिष्ठा गरिएको भन्ने जानकारी ग्रन्थारम्भवाट नै थाहा हुन्छ।

यस ग्रन्थको अन्तिम तिरका पत्रहरूको माथिल्लो किनारा खण्डित छ। नेवारी भाषाको प्रयोग प्रचूर मात्रामा गरिएको पाइन्छ। भाषागत त्रुटिहरू पनि भेटिन्छन्। यज्ञ सम्पन्न गरिसकेपछि सम्पूर्ण विवरणहरू एकत्रित गरी एउटै ग्रन्थमा लेखिएको अनुमान गर्न सकिन्छ।

वर्तमान समयमा गरिने ठूला यज्ञ अनुष्ठानका स्मारिका निकाले जस्तै यो ग्रन्थ पनि राजा भूपतीन्द्र मल्लद्वारा गरिएको कोटिहवन र न्यातपोल देवल निर्माण तथा प्रतिष्ठाको स्मारिकाको स्वरूपमा देखापरेको छ।

५५. वास्तुपूजाविधि

विषय संख्याः- ता. क. परि. ४३३	रिल सं. A १२४८/१९	लगत सं. १/१६९६/६९८
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	आकारः- १८.० x ९.० से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	लेखन समयः- ने सं ८०२
लेखकः- जयसिंह कर्माचार्य		

आदिपाठः

❖ अथ गृहप्रतिष्ठाविधि(!) लिक्षते(!)॥ छश करेङ, क्वथा दको वा थेलमार॥ यजमान खरि स्नान यायमाल॥ ॥ वसपे विधि॥ करशताहारघग्वतु १॥ ह्लसकन॥ सिन्धुमुङ॥ क्वठोल पूजा जु१॥ ताय, पटवास॥

अन्त्यपाठः

सन्तिलि सो चाक खरस, खासिस जा थुयक॥ भवत पाट३ मूलदथु क्षेत्र॥ जवलासकं फाति वाराहीमूल॥ खवलास, एता वैष्णवीमूलन॥ स मयजु३ धाराग्वत्र३॥ दाते, जव, खव, वोस्यंते॥ वलिविधिथें॥ वलि छोय थायर स॥ दवथे सकलस्यनं, भोज्य यायमाल॥ ॥

पुष्पिकावाक्यः

ध्वते चङ्गुया ध्वजा छायाया विधि समाप्तः॥ ॥ ॥ सम्वत् ८०२ फाल्गुणकृष्ण ९ लिषितं, कर्म्मार्चार्य, जयसिंह॥ ॥ शुभं, भवतु सर्व्वदा॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस गृहप्रतिष्ठा विधिमा पूजारम्भमा गरिने न्यासविधि, बलिविधि, कलशपूजा विधि, गोग्रासपूजा विधि, कौमारी पूजा विधि उल्लेख गरिएको छ। ग्रन्थारम्भमा गृहप्रतिष्ठा र अन्त्यमा गृहप्रवेश विधि भनी उल्लेख गरिएको छ। गृह प्रवेश विधि पछि हाथारपूजाविधि उल्लेख गरिएको छ। यसैगरी चङ्गुयाध्वजाच्छायाविधि उल्लेख गरिएको छ।

यस ग्रन्थमा नेवारी भाषाको प्रयोग पनि गरिएको छ भने भाषिक त्रुटिहरू पनि छन्। ने. सं. ८०२ फाल्गुन कृष्ण नवमीमा जयसिंह कर्माचार्यद्वारा लेखिएको भन्ने व्यहोरा अन्त्यमा उल्लेख गरिएको छ। अन्त्यमा ग्रन्थमा लेखिएका विषयहरूको सूची दिइएको छ।

५६. वास्तुशान्तिप्रयोग

विषय संख्याः- वै. क. १८६०	रिल सं. B ३७७/५०-३७८/१	लगत सं. ५/१५७
भाषाः- संस्कृत	लिपिः- देवनागरी	आकारः- १७.४ x ९.५ से. मी.
	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- ठ्यासफु

आदिपाठः

श्रीगणेशाय नमः ॥ अथ वास्तुशांन्ति (!) ॥ गृहप्रासा[दा]रम्भादौ ⟨जजमास⟩ [यजमान] साध्यानुकूले नक्षत्रे वारे राशलग्ने(!) यथोक्तां भूमिं समीक्षत्रं (!) गत्वा कृतनित्यक्रियः ॥ ॐ आपोहिष्ठेति पंचगव्येन भूमिं प्रोक्ष्य ॥

अन्त्यपाठः

तत्पश्चिमे नैर्ऋत्यकोणपदे वृषणयोर्विबुधाधिपम् ॥ ॐ इन्द्रम्विश्वाऽवीवृध समुद्रव्यवसंङ्गिरः ॥ रथीना नम ... सत्पतिम्पतिम् ॥

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस वास्तु शान्तिविधिमा वास्तुशान्ति गर्नु भन्दा अघिल्लो दिन गर्नुपर्ने अधिवासन विधिलाई आरम्भमा प्रस्तुत गरिएको छ। त्यसपछि राति सुतेर उठेपछि स्वप्नको शुभाशुभ लक्षण विचार गरी विधिपूर्वक वास्तुशान्ति गर्नको लागि निर्विघ्नताको कामनाका साथ गणेशपूजा गर्नुपर्ने कुरा उल्लेख गर्दै त्यसको विस्तृत पूजा विधानलाई बताइएको छ। पुण्याहवाचनको प्रचलित भन्दा पृथक् र अति विस्तृत विधान बताइएको यस वास्तुशान्ति विधानमा पुण्याहवाचनमा राखिएको वैदिकसूक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाचनपूर्वक यजमानलाई कलशद्वारा अभिषेक गर्नुपर्ने विधि पनि उल्लेख गरिएको छ। अभिषेकको क्रममा धेरै वैदिक सूक्तहरू उल्लेख छन् भने अन्त्यमा वर्तमानमा पनि प्रयोग भइराखेका केही पौराणिक श्लोकहरू उल्लेख छन्। यसरी अभिषेक गरिसकेपछि निराजन गर्नुपर्ने र त्यस पश्चात् मात्र पुण्याहवाचन समाप्त हुने देखाइएको छ। पुण्याहवाचनको समाप्ति पछि षोडशमातृका पूजाविधि र नान्दीश्राद्धको क्रम देखाएर पूर्वाङ्गकर्मको समाप्ति देखाइएको छ। पूर्वाङ्गकर्मपछि मन्त्रपूर्वक एकाशीतिपदवास्तुको निर्माण गरिने विधि र क्रम उल्लेख गरिएको यस पद्धतिमा अग्निस्थापना गरी ग्रहमण्डलको स्थापना र पूजाको निर्देश गरिएको छ। वास्तुमण्डलस्थ देवताको क्रम अनुसार मन्त्रपूर्वक आवाहन क्रमले गर्ने पूजाविधि निर्देश गरी आवाहनको विधि क्रमशः उल्लेख गर्दै जाने क्रममा अपूर्ण रहेको प्रस्तुत ग्रन्थको स्रोत समेत उल्लेख छैन।। पद्धतिको आरम्भ भागको विस्तृति र आधिकारिकता विचार गर्दा प्रस्तुत ग्रन्थ पूर्ण भएको भए एउटा आधिकारिक पद्धतिको प्राप्ति हुन्थ्यो। सामान्य भाषिक त्रुटिहरू भेटिन्छन् भने लेखक र लेखन समय उल्लेख छैन।

५७. वास्तुशान्तिप्रयोग

विषय संख्याः- वै. क. ष. २५१	रिल सं. A १३८४/५	लगत सं. ६/२८८३
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-१३
आकारः- १७.५ x ९.८ से. मी.	ग्रन्थावस्थाः-	लेख्य सामग्रीः- कागज
लेखन समयः- वि सं १९१९	लेखकः-वलभद्र उपाध्याय लुइँटचाल	

आदिपाठः

श्रीगणेशाय नमः॥ अथ गृहवास्तुप्रयोगः॥ गृहप्रवेशदिनान्पूर्वेऽह्नि गृहारम्भादौ च देशकालौ स्मृत्वा वास्तोः शुभतासिद्ध्यर्थं सनवग्रहमखां वास्तुशान्तिं करिष्ये इति संकल्प(!)॥ तदंगत्वेन गणेशपूजनपुण्याहवाचनमातृकापूजननांदिश्राद्धाचार्यीर्त्विग्वरणान्यहं करिष्ये॥ (fol. 1v1-5)

अन्त्यपाठः

.. .. .. हा वास्तोष्पते विश्वारुपाण्या(!) विशन्॥ सखासु सेव .. धिनः॥ ४॥ वास्तोष्पते ध्रुवास्थुणां सत्रं सोम्यानाम्॥ द्रप्सो भेता पुरां शश्वतीनामिन्द्रो मुनीनां सखा॥ शुभम्॥ (fols. 12v7-13r2)

पुष्पिकावाक्यः

इति संवत् १९१९ साल मिति वैशाष शुदि ८ रोज ४ मा लिषितं मि(!)दं पुस्तकं श्रीश्वलभद्र उपाध्या लुजिट्याल शुभमस्तु कान्तिपुरवटुटोलवसत(!) लिषक (!) शुभम्॥

...

चतुःषष्टिपदम्वास्तु देवानांम्(!) परमं हितम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकाशीतिपदम्वास्तु गृहाणान्तु प्रशश्यते ॥ १ ॥

... गृहप्रवेशनं म(!)हं करिष्ये तदंगतया (!) गणपति ||=||=||=||=||=||=||=||=||=||=||=|| (fol. 13r2-v4)

ग्रन्थसमीक्षाः

वास्तुको शुभत्व सिद्धिका लागि गृहारम्भ र प्रवेशको पूर्व दिनमा वास्तुशान्ति गर्नुपर्ने विधि वर्णन गरिएको यस ग्रन्थमा क्रमशः भूतशुद्धि, पञ्चगव्यसेचन, हवनका लागि अग्निवेदी वा कुण्डनिर्माण, वास्तुवेदी निर्माण र शङ्कुरोपण तथा बलि, ग्रहवेदी निर्माण, वास्तुमण्डल निर्माण तथा प्रतिमास्थापन एवं आवाहनादि षोडश क्रमले पूजा गर्ने विधि निर्देश गर्दै वास्तुमण्डलस्थित भित्री र वाहिरी देवदेवताहरूको पूजाक्रम, हवन, दिक्पाल, क्षेत्रपाल र नवग्रहलाई दिइने बलिविधि जस्ता कुराहरू उल्लेख गरिएका छन्। यज्ञ समाप्तिका क्रममा यजमानलाई गरिने अभिषेक, रक्षोघ्नसूक्त र पवमान सूक्तद्वारा सूत्रले गृहवेष्टन गर्ने विधि, ब्रह्मस्थानमा पृथ्वीपूजा गर्ने विधि, वास्तु शुभाशुभ परीक्षणको विधि, वास्तुप्रार्थनाका विधिहरू वर्णन गरिएका छन्। त्यसपछि यज्ञ समाप्तिको क्रम देखाइएको छ।

वास्तुपूजाको समाप्तिपछि गृहप्रवेश गर्ने विधि बताइएको छ। समग्रमा यस ग्रन्थमा वास्तुपूजा र गृहप्रवेशको सम्पूर्ण मन्त्रसहित विधि उल्लेख नगरी गर्नुपर्ने विधिको प्राय निर्देश मात्र गरिएको छ।

यस ग्रन्थमा भाषामा कतै कतै त्रुटि भेटिन्छ। पुष्पिकावाक्य पश्चात् लेखिएको श्लोकमा देवताका मन्दिरहरूका लागि चतुष्षष्ठीपद वास्तु र घरका लागि एकाशीतिपद वास्तु उत्तम हुने कुरा गरिएको छ। यो ग्रन्थ वि. सं. १९१९ वैशाख शुक्ल अष्टमी बुधवारका दिन बलभद्र उपाध्याय लुइँटेलले लेखेका हुन्। उनी काठमाण्डौको वटुटोलमा बस्तथे।

५८. वास्तुपूजाप्रयोग

विषय संख्याः- ता. क. परि. ४३२	रिल सं. A १२४८/१७	लगत सं. १/१६९६/२१७४
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	आकारः- २५.५ x १०.७ से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	लेखन समयः- ने सं ८११

राजाः- जितामित्र मल्ल

आदिपाठः

अथ गृहप्रतिष्ठाविधि रिक्षते ॥ छेश कलेङ, क्वथा दक्व, वा थेलेमाल ॥ यजमान ख..स्नान याचके ॥ वसपे विधि ॥ कलश ताहारप्व, ग्वड १ ॥ पू १ माच ॥ ह्नसकन ॥ सिन्ध्रमुङ ॥

अन्त्यपाठः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ प्रणाय स्वाहा ॥ पूतनायै नमः ॥ ॐ नमः संगवे च ॥ पापराक्षसे नमः ॥ ॐ अघ्यवो चद ॥ थ्वते ई[[शा]]नादि ॥ ॥]] स्कन्दाय नमः ॥ ॐ नमः संभवाय ॥ अर्यमाय नमः ॥ ॐ याते रुद्र ॥ जंभकाय नमः ॥ ॐ सदो याते ॥ पिलिपिच्छायै नमः ॥ ॐ वाममद्य ॥ थ्वते पूर्व्वादि ॥ ॥

सम्वत् ८११ कार्त्तिकशुदि २ थ्वकुह्नु ॥ श्रीश्रीसुमतिजयजितामित्रमल्लदेवसन दयका जुरों ॥ शुभमस्तु सर्व्वदा ॥

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस गृहप्रतिष्ठा विधिमा ध्यानविधि, कलशपूजा विधि लगायतका विधिहरू उल्लेख गरी गृहप्रवेशको विधि प्रस्तुत गरिएको छ। नेपाल संवत् ८०२ देखि ८११ सम्म राजा जितामित्र मल्लको पालामा गरिएका वास्तु पूजासम्बन्धी कार्यहरूलाई एकत्रित गरी यस ग्रन्थमा लेखिएको छ। यसै गरी यसमा हाथारपूजाविधि र चङ्गुयाध्वजोच्छायविधि पनि उल्लेख गरिएको छ।

यस ग्रन्थमा फरक हस्ताक्षरमा मूलपाटबलिपूजाविधि भनी तलेजु भगवती पूजाको सन्दर्भमा उल्लेख गरिएको छ। मासाहुति विधि पनि वताइएको छ।

यसपछि वास्तुपूजा विधिको सङ्कल्प र प्रयोग देखाइएको छ। यस ग्रन्थमा स्थान स्थानमा नेवारी भाषाको प्रयोग समेत गरिएको छ। भाषिक त्रुटिहरू भेटिन्छन्। धेरै समयको अन्तरालमा लेखिएको फरक फरक विवरणमा तीन किसिमका हस्ताक्षरहरू प्रयोग भएका देखिन्छन्।

५९. गृहवास्तुविधि

विषय संख्याः- वै. क. ६९२	रिल सं. B ३६५/७	लगत सं. ४/८७०
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- ३२
आकारः- १९.४ x १०.२ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- शक. सं. १७०२		

आदिवाक्यः

श्रीगणेशाय नमः ॥ अथ वास्तुपद्धतिः ॥

नत्वां(!) गुरुं गणपतिं वास्तूपशमपद्धतिम् ॥

नानाविधं धनालोका यथामति वितन्यन्ते ।

तत्र वास्तुकालामत्स्यपुराणे ॥

अथातः संप्रवक्ष्यामि गृहकालविनिर्णयम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यथाकालं शुभं ज्ञात्वा तथा भवनमारभेत् ॥२॥ (fol. 1v1-3)

अन्त्यपाठः

ॐ बलभद्रप्रियाये(!) प्रहरणाय नमः। इति मूशले शयनीकाये(!) नमः॥ पृष्ठे पुन्नागाय नमः॥ वंशेषु किन्नराय नमः। गृहनक्षत्रपालाय नमः॥ करंडे रक्षो जनेभ्यो नमः॥ (fol. 32r9-10)

पुष्पिकावाक्यः

इति गृहप्रवेशविधिः॥ समाप्तम्॥ शुभम्॥ ॥ ❀ ॥ (fol. 32r10-11)

ग्रन्थसमीक्षाः

आरम्भमा गृहारम्भको महिना, नक्षत्र तथा वार अनुसार शुभाशुभ फल बताइएको यस ग्रन्थमा जीर्णगृह मर्मत, उद्यान निर्माण, गृहपरिवर्तन, द्वार परिवर्तन आदि कार्यमा पनि वास्तुको उपयुक्त मुहूर्त हेर्नुपर्ने र शान्ति गर्नुपर्ने कुरा उल्लेख छ। वास्तुपूजा तथा शान्तिको महत्त्व समेत बताइएको छ। गृह वास्तुपूजा विधिको आरम्भमा भूमिपरीक्षण, भूमिशोधन, पृथ्वीपूजनको विधि बताइएको छ। दिक्पालपूजा, गृहपूजा तथा बलिदान पश्चात् सन्ध्या कालमा आचार्य र सूत्रधार दुवै गृहारम्भ गर्ने भूमिमा वसी लक्षण विचार गर्नुपर्ने कुरा लेखिएको यस ग्रन्थमा गृहप्रवेश अगाडि नै शुभ दिनमा वास्तुशान्ति गर्नुपर्ने कुरा छ।

गृहारम्भदेखि नै विशेष तरिकाले कार्य सम्पन्न गर्दै जानुपर्ने कुरा देखाइएको यस ग्रन्थमा पहिलो पत्रको सुरुमै एकाशीतिपद वास्तुचक्र लेखिएको छ। गृहवास्तु एकाशीति पदको वनाई सोही अनुसार स्थापित हरेक पदस्थ देवता, लोकपाल आदिको विशेष पूजाविधि उल्लेख गरिएको छ। विशेष गरी वास्तुपुरूषको अङ्गभूत समस्त देवताहरूको पूजाविधि विस्तृत तरिकाले बताइएको छ भने हरेकको पूजा गर्दा छुट्टाछुट्टै मन्त्रहरूको प्रयोग देखाइएको यस पद्धतिमा वास्तुपूजा गर्दा स्थापित गरिएका अन्य पीठस्थ देवताको पूजाविधि पनि विस्तृत छ। साथै पूजाविधि पछि बलिदान विधि पनि मन्त्रसहित उल्लेख गरिएको छ।

जम्मा ३२ पत्रमा लेखिएको यस ग्रन्थको भाषा संस्कृत र लिपि देवनागरी छ भने एकाधस्थान वाहेक सम्पूर्ण भाषा शुद्ध र पाठ स्पष्ट एवं लेख प्राञ्जल छ। यस ग्रन्थमा लेखक उल्लेख गरिएको छैन। साथमा राखिएको एउटा मात्र काठको गातामा शक सं. १७०२ लेखिए पनि त्यसमा लेखिएको श्लोकहरू विषयान्तरका भएकाले यसको लेखन समय यही हो वा होइन भन्नेमा एकीन गर्न सकिन्न।

मत्स्यपुराणको आधारमा गृहारम्भकालको शुभाशुभ फल बताइएको यस वास्तुविधिमा शान्तिविधि तथा प्रवेशविधि विस्तृत रूपमा मन्त्रसहित निर्दिष्ट गरेकाले वर्तमानमा यस्ता पद्धतिको विशेष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महत्त्व हुने कुरा देखिन्छ। प्रामाणिक र आधिकारिक पद्धतिको अभाव भएको आजको समयमा यस्तो समृद्ध पद्धति सर्वसुलभ भएमा सबैका लागि उपयोगी हुने देखिन्छ।

६०. गृहवास्तु

विषय संख्याः- वै. क. ६९१	रिल सं. B ३६५/६	लगत सं. १/७८५७
भाषाः- नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- २०
आकारः- ४०.० x ७.४ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

थ्वते छे तु दर, पश्चिमस छे छ षा, पश्चिम स, छे छषा, पक्षिमुख नाम धाय, थ्व च्छे स वास यातसा ध मोयुव ॥

उत्तरस दिगस छे छ खा दन सा यम मुख नाम धाय, नायकह्मं सियीव ॥

❖ पूर्व्व दिस छे छ षा दनसा प्रेतमुख धाय मोचातो शियिव ॥ (fol. 1v, figures 1, 2 and 3)

अन्त्यपाठः

पूर्व्व स छ षा दक्षिण सं छ षा, धननाश, रोगवतादि

कुन त्वं मूलवङ, खवस रकन सहितन धनं, जनं लाभ। (fol. 11v, figures 98 and 99)

ग्रन्थसमीक्षाः

यस गृहवास्तु ग्रन्थको जम्मा २० पत्रहरू मध्ये २ वटा पत्रहरू अन्य ग्रन्थवाट छुट्टिएर यसमा परेका छन्। ती दुई पत्रहरूको आकार अन्यको भन्दा सानो छ तथापि यी पत्रहरूमा रहेको विषयवस्तु, भाषा, लिपि आदिमा भने समानता छ। पत्राङ्कन भने फरक रहेको छ। यस ग्रन्थमा विभिन्न दिशातर्फ फर्केको घरको नाम र उक्त घरवाट प्राप्त हुने शुभ र अशुभ फलका वारेमा जम्मा ९९ वटा कोठामा चित्रसङ्केत सहित विवेचना गरिएको छ भने त्यस पछिका पत्रहरूमा वास्तु भन्दा भिन्न सम्यक् महादान कर्मका लागि आवश्यक पर्ने सामग्रीहरूको सूची दिइएको छ। त्यस्तै धूप वनाउनको लागि चाहिने सामग्रीहरूको विवरण पनि यसमा मिसिएको छ। ग्रन्थको आरम्भमा पश्चिमतर्फ मुख फर्केको घरको नाम पंक्षिमुख र सो घरमा वसोवास गर्दा धनको कमी हुने, त्यस्तै उत्तरतर्फ मुख फर्केको घरको नाम यममुख हुने र त्यस्तो घरमा वसोवास गरेमा ज्येष्ठ सदस्यको मृत्यु हुने कुरा वताइएको छ। यसै गरी पूर्व तर्फ एउटा घर र दक्षिण तर्फ एउटा घर छ भने त्यस्तो घरमा वस्ने व्यक्तिको धनको नाश हुनाका साथै रोगले पनि सताउने कुरा उल्लेख गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६१. वास्तुविधि

विषय संख्याः- वै. क. १८५८ | रिल सं. B ३७७/४८ | लगत सं. ४/१४८५
भाषाः- नेवारी | लिपिः- नेवारीं | आकारः- १८.५ x ९. ० से.
मी. ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः-ठ्यासफु

आदिपाठः

ॐ नमो श्रीविश्वकर्माय नमः॥ ॥ ह्वापां भोजदेव राजाया आज्ञा कास्यं, गृह आरभ यायतः॥ अस्तवर्गस स्वया ध्वजस लाचकंह्रि घद स्वने संपति लायी॥१॥ धूमस लातसा रोगी जुयी ओ, थ्व थायस भूतुलि दयके भिन्य॥ २॥ सिंह कोथास लातसा लक्ष्मि वधय जुयी सत्रुहानि जुयी राजाया क्वाथ आदिं दयके भिं॥३॥ स्वान कोथास लातसा, सत्रुया भय, थ्वकुथि दयके भिन्य ४॥ वृष कोथास लातसा नाना संपति फल, पसल दयके भिं॥ ५॥

अन्त्यपाठः

विस्कम्भ प्रीति आयुष्मान्, सौभाग्यसोभनं तथा
अतिगंध सुकर्म्मं च धृतिसूरं तथा
गंधवृधि ध्रुवं च व्याख्यातहर्षण तथा
वजसिद्धि व्यतिपातं च वलियानपरिघसिवं तथा
सिद्धिसाध्यसुभं च सुकर्म व्रष्ण इन्द्र वैधृति[१०],

पुष्पिकावाक्यः

इति जोगजुल सुभं॥ ॥

---

[१०] *शुद्ध पाठ यस प्रकार हुन्छ-*
विष्कम्भः प्रीतिरायुष्मान् सौभाग्यः शोभनस्तथा।
अतिगण्डः सुकर्मा च धृतिः शूलन्तथैव च॥
गण्डो वृद्धिर्ध्रुवश्चैव व्याघातो हर्षणस्तथा।
वज्रसिद्धिर्व्यतीपातो वरीयान् परिघः शिवः॥
सिद्धिः साध्यः शुभः शुक्लो ब्रह्म ऐन्द्रश्च वैधृतिः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः





ठ्यासफुमा लेखिएको यस ग्रन्थमा सुरुमा अष्टवर्ग हेरेर त्यसको शुभाशुभ फल विचार गरी गृहारम्भ गर्नुपर्ने कुरा निर्देश गरिएको छ। त्यसपछि यस ग्रन्थमा परापूर्वकालको एक कथा मार्फत् कश्यप ऋषिका छोराहरू राहु र वास्तवलाई वास्तुसँग जोडिएको छ। त्यस्तै यस ग्रन्थमा शिलान्यास गर्दा शेषनागको अङ्ग विचार फल, गृहारम्भ महिना अनुसारका फल, वर्ण अनुसारका फल, नक्षत्र र वार अनुसारका फल, गृहका देव देवताको लक्षण, काठका प्रकार र जात आदिको व्याख्या गर्दै अन्त्यमा गृह निर्माण गर्दा घरको अवस्थिति सूचक चित्रहरू र फल सहितको व्याख्या दिइएको छ। यो ग्रन्थ पुरानो नेपाल भाषा र नेवारी लिपिमा लेखिएको छ भने लेखन समय र लेखकको नाम उल्लेख छैन।

६२. गृहप्रवेशवास्तुविधि

विषय संख्याः- वै. क. वि. २७	रिल सं. A ११४७/४२	लगत सं. ४/३२५५
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-१६
आकारः- २०.६ x १६.२ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- वि सं १९८८	लेखकः- भुवनेश्वर शर्मा	

आदिपाठः

श्रीगणेशाय्य नमः ॥ अथ गृहवास्तुपूजाविधिः ॥ गृहस्य नैर्ऋत्यदिशि(!) गत्वा कुशादीन्यादाय हरिः ॐ अद्येह मम गृहवास्तुकर्मणि मण्डलदेवतापूजनमहं करिष्ये इति संकल्प्य ॥(p. 8, ll. 1-3)

अन्त्यपाठः

ये देवानां याज्ञिया याज्ञियानां मनोर्यजत्रा अमृतो ऋतज्ञाः ॥ तेनो रासन्तामुरुगापमद्ययूयंपोत स्वस्तिभिः सदो नः ॥२५॥ (P. 23, 11-13)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति शन्नसूक्तम् ॥ ॥ ॐ इलेद्यावापृथिवीसूक्तम् च ॥ १९९० साल ज्येष्ठ २२ गते रोज १ शुभ्म्(!) ।

लिखितमिदं भुवनेश्वरशर्मणा श्रीरामः ।

तैलाद्रक्षेज्जलाद्रक्षेद्रक्षेच्छिथि[ल]वन्धनात् ॥

मूर्खहस्ते न दातव्यं एवं वदति पुस्तकम् ॥१ ॥ (P. 23, 13-16)

ग्रन्थसमीक्षाः

यस ग्रन्थमा गृहवास्तुपूजाविधिको लेखन सुरु गर्नु भन्दा अघिका ७ ओटा पृष्ठसम्म एउटा चित्र सहित शीतलाष्टक स्तोत्र लेखिएको छ । १६ पाना भएको कापिको चौथो पानाको पछिल्लो पृष्ठवाट लेख्न सुरु गरिएको यस गृहवास्तुपूजाविधिमा घरको नैऋत्य भागमा गरिने वलिविधि, वास्तुपुरुषको विशेष पूजाविधि, वास्तुमण्डलस्थित देवताको हवनविधि, वास्तुवलिविधि, दशदिक्पालको ध्वजारोपण तथा पूजा एवं विशेष वलिविधि, सन्ध्याकालम वास्तुको नैऋत्य भागमा गरिने विशेष वलिविधि, गृहवेष्टनविधि, वास्तुको आग्नेय भागमा खाडल निर्माण एवं जल तथा माटोद्वारा वास्तुको शुभाशुभ परीक्षण विधि उल्लेख गरी वास्तुपूजा समापनको निर्देश गरिएको छ । यसै गरी गृहवेष्टनको क्रममा पढिने पवमानसूक्त, रक्षोघ्नसूक्त, शन्नसूक्त उल्लेख गरिएको छ । गृहवास्तुपूजाविधिको सुरुको भागमा अग्निको आवाहान तथा यज्ञ विसर्जनको विशेष विधिका साथै स्कन्दपुराणको शीतलाष्टक स्तोत्र पनि लेखिएको छ । चौथो पानाको अघिल्लो पृष्ठमा चतुषष्ठी पद वास्तुचक्र बनाइएको छ । १२ औं पत्रको पछिल्लो पृष्ठवाट पुनः वास्तुपद्धति सुरु गरिएको छ । यसमा वास्तुकालकथन वास्तुपूजाको महत्त्व, वास्तुचक्रनिर्माणविधि तथा वास्तुभूमिपरीक्षण, भूमिशोधन, भूमिपूजन, गृहप्रवेशको अघिल्लो दिनमा गरिने वास्तुशान्तिविधि सम्पूर्ण अङ्ग सहित गर्ने क्रमको निर्देश गरिएको छ । पञ्चगव्यद्वारा भूमिसेचन, वास्तुचक्र लेखन तथा वास्तु वास्तुमण्डलस्थित देवताहरूको पूजाको क्रममा अपूर्ण रूपमा दोस्रो वास्तुविधि सकिएको छ । यसमा वास्तुमण्डलस्थित देवताको पूजा गर्दा प्रयोग गरिने वैदिक मन्त्रको प्रतीक पनि सँगसँगै गरिएको छ । भुवनेश्वर शर्माद्वारा लिपिकृत यो ग्रन्थको शीतलाष्टकस्तोत्रसम्मको पाठ वि सं १९८८ को चैत्र शुक्ल तृतीयामा लेखिएको हो भने गृहवास्तुपूजाविधिको लेखन वि. सं. १९९० सालको जेठ २२ गते आइतवारका दिन समाप्त भएको हो । त्यसपछिका जम्मा ९ पृष्ठरूमा लेखिएको वास्तुपद्धति भने सो समय भन्दा पछि लेखिएको हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६३. वास्तुपूजाविधि

विषय संख्याः- वै. क. वि. ९८ | रिल सं. A ११४९/२३ | लगत सं. ४/३०३३

भाषाः- संस्कृत | लिपिः- देवनागरी | पत्र संख्याः-१७

आकारः- २२.३ x ८.७ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः-ठ्यासफु

लेखकः- भुवनेश्वर शर्मा भट्टराई

आदिपाठः

अथ गोमूत्रसाधनम्॥ ॥ अथ यज्ञप्रतिष्ठादौ वास्तुपूजादौ सूतकाशौचांते वा नित्यं कायपवित्रीकरणार्थ वावश्यकं गोमूत्रप्राशनं कर्तव्यम्॥ तत्र विधिरुच्यते॥

अथातः संप्रवक्ष्यामि पञ्चगव्यमतः परं॥

गोमूत्रं गोमयं क्षीरं दधि सर्पिः कुशोदकम्॥ [[१]]॥

निर्दिष्टं पञ्चगव्यं तु पवित्रं कायशोधनम्॥

पावनार्थे द्विजातीनामिहलोके परत्र च॥२॥

अन्त्यपाठः

रक्षोहणो वो वलगनो वस्तृणामि वैष्णवान्नक्षोहणौ वा वलगहना ... वैष्णवी वैष्णवमसि वैष्णवस्थ॥ ५

उपपुष्पिकावाक्यः

इति चतुर्थीकर्म॥

पुष्पिकावाक्यः

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस वास्तुपूजा विधिको आरम्भमा हिन्दु मान्यता अनुसार हरेक धार्मिक एवं सांस्कृतिक कर्मारम्भमा शरीर शुद्धिको उद्देश्यले पवित्रताको निम्ति पञ्चगव्य प्राशन गर्नुपर्ने कुरा उल्लेख गर्दै पञ्चगव्य निर्माणविधि गृह्यसूत्र अनुसार बताइएको छ। पञ्चगव्यको मेलन गर्नु अघि हरेक तत्त्व फरक-फरक वाट लिई कोष्ठक रचना गरी वेदोक्त मन्त्रद्वारा अभिमन्त्रण गरेर प्रमाण अनुसार मेलन गर्नुपर्ने विशेष विधि पछि भूतोत्साधनविधि देखाइएको छ भने अथ चतुर्थीकर्म भनी चतुर्थीकर्मको सङ्केत एवं रक्षोघ्नसूत्रको २ ऋचा लेखिएको छ। सूचीमा भनिए बमोजिम वास्तुपूजा विधिको खासै उल्लेख भएको छैन। भाषा प्रायः शुद्ध छ। यसका लेखक भुवनेश्वर शर्मा भट्टराई हुन् वा यो ग्रन्थ उनको स्वामित्त्वमा थियो भन्ने कुरा अग्र पृष्ठमा उनको नाम लेखिएको आधारमा भन्न सकिन्छ। यो ग्रन्थको लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६४. गृहप्रवेशवास्तुशान्ति

विषय संख्याः- वै. क. वि. ३० रिल सं. A ११४७/४५ लगत सं. ४/३०५१

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-१३

आकारः- २४.० x ११.१ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

लेखन समयः- वि. सं. १९३४ लेखकः- पद्मकेसर शर्मा

आदिपाठः

श्रीगणेशाय नमः ॥ ॥ अथ नित्यक्रियो विद्वान् भयोपशान्त्यर्थं मा(!)त्मरक्ष्यार्थं गृहवास्तुशान्तिमारभेत्। तद्यथा गणेशं वटुकं दुर्गां प्रणम्य स्वेष्टदेवं प्रणम्य माषभक्तदध्यक्षतादिवलिद्रव्याणि संपाद्यॐ तत्सदिति अमुकगोत्रस्यामुकप्र[व]रस्यामुकशर्मणो मम सकलपरिवराणामागन्तुकदोषोत्थाद्यखिलरोगभयोपशान्त्यर्थं ... परिग्रहमहं करिष्ये ॥ (fol. 1v1-6)

अन्त्यपाठः

यजमानो ब्राह्मणान्विते सदारपुत्रः तूर्यघोषेण गृहं प्रविश्य प्रधानगृहमध्ये धान्योपरि कलसं स्थापयेत् ॥ ततो गृहस्थैर्या(त्रा)र्थं स्वस्तिं वाचयित्वा पुण्याहं वाचयित्वा ब्राह्मणान्संपूज्य भोजयित्वा आशिषो गृहीत्वा सुहृद्युतो भुञ्जियात् ॥ (fol. 13r2-5)

पुष्पिकावाक्यः

इति गृहवास्तुशान्तिपूर्वकगृहप्रवेशविधिः समाप्तोऽयम् शुभम् ॥ संवत् १९३४ लिषितमिदं पुस्त[कं] पद्मकेसरशर्मणा दीर्घायुर्भूयात् ॥ ॥ श्रीहरये नमः ॥ ॥ ॥ (fol. r7-8)

ग्रन्थसमीक्षाः

गणेश, वटुक, दुर्गा, क्षेत्रपाल तथा दिक्पालको पूजा एवं बलिदानबाट प्रारम्भ भएको यस ग्रन्थमा उत्तान मुद्रा स्थित वास्तुपुरुषको पूजाको संक्षिप विधि पछि गृहप्रवेशको विधि उल्लेख गरिएको छ। पूर्वाङ्ग कर्मको संकेत गर्दै वास्तुमण्डलमा शंकुरोपण विधि, वास्तुमण्डल निर्माण विधि, तथ ग्रहमण्डल निर्माण विधिका साथै ग्रहपूजा एवं वास्तुमण्डलस्थित देवताहरूको पूजा विधि दर्शाइएको छ। वास्तुमण्डलस्थित देवताहरूको पूजा पछि विशेष वास्तुपुरुषको पूजाविधि, प्रत्येक दिशामा दिक्पालको प्रसन्नताको लागि पताकास्थापना, वास्तुपुरुषको प्रसन्नताको लागि महाध्वजस्थापना एवं हवनको विधि, वलिको विधि उल्लेख छ भने दिक्पालको वलिविधि विशेष प्रकारले उल्लेख गरिएको छ। यसैगरी सन्ध्याकालमा गरिने भूतवलिको विशेष विधि पनि उल्लेख गरिएको छ। यसपछि आचार्यादि ब्राह्मणहरूद्वारा कर्तालाई अभिषेक गरी वास्तुमण्डलमा ब्रह्मस्थानमा दिव्यस्त्रीरूपी पृथ्वीको पूजा गरेर घरलाई पवमान सूक्त, रक्षोघ्नसूक्तद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत्रवेष्टन गर्नुपर्ने कुरा लेखिएको छ। सूत्रवेष्टन गर्दाको लक्षण, आग्नेय कोणमा खाडल खनी त्यसमा जलपूरण गरेर गृहको शुभाशुभ लक्षण विचार गर्ने विधि वर्णित छ। वास्तुपुरुषको पूजा पश्चात् प्रार्थना गरी भोलिपल्ट गृहप्रवेश गर्ने विधि उल्लेख गरिएको छ।

यस पाण्डुलिपिको पाठ स्पष्ट र भाषा पनि शुद्ध छ। पहिलो पत्रको बाहिरी भागमा पं भुवनेश्वर भट्टराई भनी लेखिएकोले यो ग्रन्थ उनैको स्वामित्त्वमा थियो। यो ग्रन्थ पद्मकेशर शर्माले वि. सं. १९३४ मा लेखेका हुन्।

६५. गृहप्रतिष्ठावास्तुपूजनविधि

विषय संख्याः- वै. क. ६८०	रिल सं. B ३६५/१२	लगत सं. ४/७५१
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- २५
आकारः- २१.४ x ८.९ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- सं १८०४	ग्रन्थकारः-नीलकण्ठ भट्ट	

आदिपाठः

श्रीगणेशाय नमः।

प्रणम्य शिवयोः पादौ नीलकण्ठेन धीमता।

लोकानामुपकाराय क्रियते वास्तुपद्धतिः॥

तत्र शुभदिने यजमानेन गणेशपूजनं पुण्याहवाचनं कृत्वाचार्यवरणं कुर्यात्। ततो आचार्यः गृहादीशानभागे वास्तुमण्डलं लिखेत्॥ (fol. 1v1-3)

अन्त्यपाठः

न सर्पपीडा नान्योऽन्यं कलहान्यशुभानि च॥

पुत्रपौत्रधनारोग्यपशुदासीसमृद्धिभाक्॥

अरोगी विजयी ख्यात(!) चिरं जीवति तद्गृहे।

तस्मात् सर्वप्रयत्नेन कर्तव्यं शुभमिप्सता(!)॥ ॥ (fol. 25v6-7)

पुष्पिकावाक्यः

इति गृहप्रतिष्ठावास्तुपूजनविधिः समाप्तः। संवत् १८०४ वर्ष आषाढ कृष्ण ७ गुरुवासरे तस्मिन् दिने श्री नीलकंठभट्टेन काश्यां लिखितम्। श्रीभवानीशंकराभ्यां(!)न्नमः॥ (fol. 25v7-8)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

प्रस्तुत गृहप्रतिष्ठावास्तुपूजनविधि नीलकण्ठ भट्टद्वारा काशीमा वि. सं. १८०४ मा लेखिएको हो। गृहारम्भदेखि वास्तुशान्तिपूर्वक गृहप्रतिष्ठा तथा प्रवेशपर्यन्तको शास्त्रीय विधि उल्लेख गरिएको यस ग्रन्थमा एकाशीतिपद वास्तुपूजा विधिपूर्वक लेखिएको छ भने वास्तुको अङ्गभूत दिक्पालपूजा, गन्धर्वपूजा, लोकपालपूजा, क्षेत्रपालपूजा तथा देवताहरूको पूजा पश्चात् वलि दिने विधि पनि मन्त्रसहित उल्लेख गरिएको छ। यस ग्रन्थमा वर्णित पद्धति चिरस्थायी घर निर्माण तथा वसोवास गर्ने प्रयोजनका लागि वर्तमान समयमा पनि उत्तिकै उपयोगी देखिन्छ। भाषामा शुद्धता र लेखनशैलीमा स्पष्टता छ।

६६. वास्तुपूजापद्धति

विषय संख्याः- वै. क. १८५३	रिल सं. A ३७७/४३	लगत सं. १/१६९६/१११५
भाषाः- संस्कृत	लिपिः- नेवारी	आकारः- २१.० x ८.९ से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	

आदिपाठः

/// र्व्वलिं दत्वा, त्वेन्येषामिशतो हरेत्।

दक्षावर्त्तक्रमेणैव, वलिः सामान्यभाषितः।

सर्व्वेषां खलु वास्तूनां विशेषपदनिर्ण्णयः॥

क्षीरखण्डसमायुक्तं, पुष्पादिभिः सुशोभितम्।

गृहाणेमं वलिं हृद्यं, आपशान्तिं प्रयच्छ मे॥ ६॥

दधीदं गुडसंमिश्रं गंधादिसु समण्डितं।

गृहाणेमं वलिं वत्स, विघ्नमत्र विनाशय॥ ७॥

पिष्टकं सगुडं नाथ, रक्तगन्धादिपूरितं।

गृहाणेमं वलिं सूर्य्य, विघ्नमत्र प्रणाशय॥८॥

अन्त्यपाठः

मध्यकोष्ठे, ब्रह्मशिलापर्यन्तं शून्यविवरम् ॥७॥ ततो मण्डपारम्भ॥ अष्ट, दश, द्वादश ...

पद्मरागसवैदूर्य्यं, रावतं वज्रमेव च।

मरकटं च समायुक्तं, नवरत्नानि एव च।

थाने(!) थाने(!) प्रकर्त्तव्यमुद्धरेत् करशोदरे॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इति नवरत्नं ॥ ॥

वज्रेन्द्रनीलवैदूर्य्य(!), पद्मरागसमौक्तिकं ।

कीटपक्षसुवर्ण्णञ्च, महारत्नानि सप्त वै ॥ ॥

पुष्पिकावाक्यः

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस अपूर्ण ग्रन्थ वास्तुचक्रमा अवस्थित देवताहरूको पूजाक्रम पछि दिइने वलिविधिको प्रसङ्गवाट आरम्भ भएको छ। देवताहरूको प्रकृति अनुसार दिइने फरक-फरक वलिको विधिको उल्लेख गरी हरेक देवताहरूलाई पृथक्-पृथक् विकल्पका रूपमा पायस वलि दिन सकिने कुरा समेत उल्लेख गरिएको छ। वलि दिंदा प्रणव सहितको नाम मन्त्रले दिनुपर्ने कुरा लेखिएको छ। यसका साथै वास्तुपूजा र वलिको महत्त्व पनि वताइएको छ।

पादस्थापनको क्रममा आग्नेयकोणमा गरिने कूर्मपूजन, कुर्मशिला पूजन, रत्नपूजन, युग्मकलशपूजन, भूमिनिरीक्षण लगायतका भूमिसंस्कार, भूमिशोधन, कूर्मस्थापन, ताम्रकलश स्थापन, स्वर्णप्रतिमा स्थापनका विधिहरू क्रमशः उल्लेख गरिएका छन्। कूर्मशिलाको वरिपरि गरिने देवताहरूको पूजाविधि ध्यानसहित प्रस्तुत गरिएको छ। हवनको विधि निर्देश गर्दै प्रतिष्ठाको लागि पादस्थापन गरिएको भूमिमा गरिने पूजा, ध्यान, हवन, अभिषेकका विधिहरू समेत उल्लेख गरिएको छ। यसपछि ८, १०, १२, १४, १६ हात मध्ये कुनै एउटा प्रमाणको मण्डप निर्माण गरी आचार्यहरूले पूजन गर्ने क्रम वताइएको छ। दिशानिर्देश पूर्वक राशि, नक्षत्र, मास आदि उल्लेख गरिएको चतुष्षष्ठीपद कोष्ठ, एकाशीतिपदकोष्ठ वास्तुचक्र लगायतका ७ वटा रङ्गीन चक्रहरू कोरिएका छन्। पञ्चाभिषेक कोष्ठकको तल पञ्चाभिषेकको परिभाषा गरिएको छ। कतै कतै नेवारी भाषाका शब्द र वाक्यहरू प्रयोग गरिएको यसमा लेखिएको संस्कृत भाषा प्राय शुद्ध छ। लेखक र लेखन समयको उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६७. गृहप्रवेश

विषय संख्याः- वै. क. वि. २९ रिल सं. A ११४७/४४ लगत सं. ४/३२५३

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः-३७

आकारः- १८.८ x १५.३ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः ॥ श्रीसरस्वत्यै नमः ॥ अथ गृहप्रवेशाङ्गवास्तुशान्तिप्रयोगः ॥तत्र सर्वौषधिजलैः सुस्नातः परिहितनवयज्ञोपवीतः पीतपञ्चगव्यः ॥ कृतनित्यक्रियो यजमानः शुद्धासने उपविश्य आचम्य सर्षपाक्षतान् गृहीत्वा मण्डपदिग्विदिक्षु विकिरन्नक्षोऽपसारणं कुर्यात् ॥ (P. 1, ll. 1-6)

अन्त्यपाठः

ततोऽभिषेकपूर्वकं प्रसादं परिगृह्य कर्मेश्वरार्पणमच्छिद्रप्रार्थनां च कृत्वा भोजनादि(!) कुर्यात्।

वास्तुशान्तिदिन एव प्रवेशकरणे तु दक्षिणासंकल्पादय उपरि

विहितकर्मकलापा(!)ग्रहादिदेवविसर्जनसमयसान्निध्य(!) विधेय(!) दक्षिणादानसाकमेवेति शिवम् (P. 67, ll. 2-7)

पुष्पिकावाक्यः

इति नवगृहप्रवेशवास्तुशान्ति(!) समाप्तम् (!) ॥ (P. 67, l. 7)

ग्रन्थसमीक्षाः

गृहप्रवेशको अङ्गस्वरूप वास्तुशान्ति प्रयोगको निर्देशन गरी सुरु भएको यस विधिमा यज्ञारम्भका लागि कर्मपात्र निर्माण विधि, प्रायश्चित्तगोदान विधि, मङ्गलपाठ, देवप्रर्थना, प्रतिज्ञासङ्कल्प, ब्राह्मणवरण, ब्राह्मणप्रार्थना, पुण्याहवाचन, भूतोत्सारण, यज्ञमण्डपभूमिशोधन, अग्निस्थापन एवं पूजन, गृहवेदी एवं वास्तुवेदीको निर्माण तथा स्थापन, क्षेत्रपालपूजनविधि, क्षेत्रपालको वलिविधि, सन्ध्याकालमा गरिने भूतवलिको विशेष विधि देखाइएको छ। यसपछि गृहवेष्टनमा गरिने स्वस्तिवाचन मन्त्र, ब्रह्मस्थानको पूजन विधि, गर्तनिर्माण र शुभाशुभ परीक्षण र हवनको विधान देखाइएको छ। हवनको क्रममा क्रमैले पूजित देवताको हवनविधि देखाइएको छ। यसैगरी यज्ञान्तगोदानविधि र दक्षिणासङ्कल्पको विधि उल्लेख गरिएको छ। दक्षिणासङ्कल्पको विधिलाई सबैको उपयोगका लागि भन्दै विशेष रूपमा उल्लेख गरिएको छ। यस पछाडि गृहछेदिपूजन विधि उल्लेख गरी नयाँ घरमा प्रवेश गर्ने तरिका लेखिएको छ।

विशेष गरी गृहप्रवेशको प्रयोगका क्रममा वशिष्ठको वचन र मत्स्यपुराणको वचनलाई उल्लेख गरिएको छ भने वास्तुशान्ति गरेको दिन वा ज्योतिषी प्रदत्त अन्य शुभ मुहूर्तमा गृहप्रवेश गर्नुपर्ने निर्देश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको छ। गृहप्रवेश गर्दा गर्नुपर्ने कृत्यहरूको संकेत गरिनुका साथै प्रवेश गर्दा गर्नुपर्ने स्वस्तिवाचन, शान्तिपाठको पनि उल्लेख गरिएको छ।

मयूर अभ्यास पुस्तिका लेखिएको कापिमा लेखिएको गृहप्रवेश वास्तुशान्ति विधि एउटा कापिको ६४ पृष्ठमा र अर्को कापिको ५ पृष्ठसम्म लेखी एउटै वनाई सिलाइएको छ। कापिको अगाडिको आवरण पृष्ठमा पं. भुवनेश्वर भट्टराई भनी उल्लेख गरिएकोले यो ग्रन्थ यात उनको स्वामित्त्वमा थियो या त यस ग्रन्थका पाण्डुलिपिकार उनै हुन् भन्ने तथ्यको जानकारी हुन आउँछ। भाषा शुद्ध र स्पष्ट छ। अन्त्यमा मुहूर्त नभएका वखत गृहप्रवेश गर्नुपरेमा प्रवेश पूर्व गरिने गोदानको विधि र नान्दिश्राद्ध नगरी त्यसको अनुकल्प गर्दा गरिने विधि पनि उल्लेख गरिएको छ।

६८. गृहप्रवेशविधिः

विषय संख्याः- वै. क. ६९५	रिल सं. B ३६५/१०	लगत सं. ५/१५८३
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- ८
आकारः- १९.४ x १०.२ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- वि. सं. १८९३	, शक. सं. १७५८	लेखकः- विश्वनाथ ब्राह्मण

आदिपाठः

///ततिवृद्ध(!)पूर्वकं एतस्मिन् गृहे मत्पुत्रपौत्रादीनां सुखपूर्वकं चिरकालैश्वर्यप्राप्तिपूर्वकं स्थितिकामः करिष्यमाण(!) गृहप्रवेशकर्माङ्गत्वेन कृ(!)यमाणो वास्तुपूजाकर्मणि तथास्मिन् यज्ञे नवग्रहपूजनकर्मणि [[क्रि]]ते निर्विघ्नार्थं गणेशादिदेवपूजनाय तथा कृताकृतावेक्षणरूपब्रह्मकर्मकर्तुं यथाशक्ति मंत्रपाठपूर्वकं प्रज्वलिते हुताशन(!) हविषा होमकर्तुं ...(fol. 2r1-5)

अन्त्यपाठः

यजमा⟨णो⟩[नो] ब्राह्मणान्वितः सदारपुत्रः तुर्यघोषेण गृह(!) प्रविश्य प्रधानगृहे मध्ये धान्योपरि कलशं स्थापयेत्॥

ततो गृहस्थैर्य्यार्थं स्वस्ति(!) वाचयित्वा ब्राह्मणान्संपूज्य भोजयित्वा आशिषो(!) गृहीत्वा सुहुतो (!) भुंजीत (!)। (fol. 9v1-4)

पुष्पिकावाक्यः

इति श्रीवास्तुशान्तिपूर्वकं गृहप्रवेशविधिः समाप्तम् (!) शुभम् शाके १७५८ संवत् १८९३ साल मिति भाद्रवदि १७ रोज ३ लिखी(!)तमिदं पुस्तकम् विश्वनाथब्राह्मणेन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि शुद्धमशुद्धो(!) वा मम दोषो न दीयते ।
शुभम्॥ (fol. 9v4-7)

ग्रन्थसमीक्षाः

यस ग्रन्थको सुरुको १ पत्र उपलव्ध छैन। जम्मा ९ पत्र मध्ये ८ पत्रमा गृहनिर्माण पश्चात् वास्तुशान्तिपूर्वक विधिवत् गरिने गृहप्रवेशको विधि उल्लेख छ। ईशान भागमा वास्तुपुरुष रचना गरी त्यसको अङ्गविन्यास गरेर वास्तु पुरुषका अङ्गभूत देवताको पूजा विधि तथा वास्तुपूजाको अङ्गस्वरूप नान्दीकर्म तथा गृहपूजाविधि वर्णन गरिएको छ ॥ यस ग्रन्थमा उल्लेख गरिएको विधि वर्तमानमा पनि प्रचलनमा छ। वि. सं. १८९३ साल भाद्र कृष्ण द्वितीया मङ्गलवारका दिन लेखिएको यस ग्रन्थका लेखक विश्वनाथ हुन्। भाषामा सामान्य त्रुटिहरू भेटिन्छन्।

६९. वास्तुपूजा

विषय संख्याः- वै. क. १८५२ क	रिल सं. B ३६५/७	लगत सं. ५/१८५४
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- ४
आकारः- २४.५ x ११.२ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

अथ वास्तुपूजनम्॥ तदुक्तं प्रपञ्चसारे। शुभकर्मणि दीक्षायां मंड[प]पप्रकरणे गृहादिविधिषु तथा॥ विहितो वास्तुवलिः स्याद्रक्षाविघ्नोपशांतिसंपद्धयः॥ इत्युक्तत्वात् प(!)थमं वास्तुमंडलं विरच्य वलिर्देय इति॥ (fol. 1r1-2)

अन्त्यपाठः

चतुःषष्टिपदं वास्तु देवानां परमं हितम्॥
एकाशितिपदं वास्तु गृहाणां तु प्रकीर्तितम्॥
नित्यं शतपदं विद्धि सुस्थिराख्यं सुसिद्धिदम्॥(fol. 4v7-8)

उपपुष्पिकावाक्यः

इति सं⟨छे⟩[क्षे]पतो नारदोक्तं वास्तुपूजनम्॥ (fol. 4v5-6)

पुष्पिकावाक्यः

इति वास्तुमण्डलदेवतास्थापनम्॥ अथ मंडपास्तं-(fol. 4v8)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

जम्मा ४ पत्र मात्र भएको यस अपूर्ण ग्रन्थमा प्रपञ्चसार, विज्ञानरत्नावली लगायतका स्रोत ग्रन्थहरूवाट वास्तुपूजा विधि ग्रहण गरिएको देखिन्छ। लल्लाचार्य, नारद आदि ज्योतिषाचार्यहरूको मत उल्लेख गरिएको यस ग्रन्थको प्राप्त भागमा विशेष रूपमा नारदको मत अनुसार मन्दिरमा चतुषष्टीपद वास्तु र घरमा एकाशीतिपद वास्तु उपयुक्त हुने कुरा उल्लेख छ। यसको लेखक र लेखन समय खुलेको छैन। पाठ प्रायः शुद्ध र स्पष्ट छ।

७०. वास्तुपद्धति

विषय संख्याः- वै. क. १८५१	रिल सं. B ४५८/२०	लगत सं. ४/६३२
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- १०
आकारः- २३.५ x १०.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः॥ मंडपनैऋत्ये कोणे वास्तुमंडलं कर्तव्यम्। चतुरंगुलोन्नतां हस्तमितां वेदिं विधाय आचम्य प्राणानायम्य अद्येत्यादि वास्तुकर्माहं करिष्ये॥ ततः वास्तुमंडलचतुःकोणेषु शंकुचतुष्टयं इ(!)शानादिप्रादक्षिणक्रमेण रोपयेत्। (fol. 1v1-3)

अन्त्यपाठः

नवं जलपूर्णं पल्लवोपेतं दुर्वायुतं सुधालिप्तं च कलशमंजलिना गृहीत्वा यजमानो ब्रह्मणान्वितं(!) सदारसपुत्रस्तूर्यघोषेण गृहं प्रविश्य प्रधानगृहमध्ये धान्योपरि तं कलशं स्थाप्य, ततो गृहे विप्रैः पुण्याहवाचनम्॥ ब्राह्मणभोजन(!) कार्य(!)॥ ॥ ॥ ॥ (fol. 11v10-13)

पुष्पिकावाक्यः

इति वास्तुपद्धतिः समाप्ता॥ ॥ 》 ॥ (fol. 11v13)

ग्रन्थसमीक्षाः

एघार पत्रको यस ग्रन्थमा मत्स्यपुराणका आधारमा वास्तुकाल निर्धारण तथा मास, नक्षत्र आदिका आधारमा शुभाशुभफल वर्णन गरिएको छ भने त्यसपछि समन्त्र वास्तुपूजा विधि उल्लेख गरिएको छ। सानो आकारको ग्रन्थ भए पनि यसमा पूजाविधि विस्तृत रूपमा राखिएको छ। अन्त्यमा विनियोग सहित वास्तुको हवन विधि राखिएको छ। भाषा शुद्धप्रायः छ। खंदिलो रूपमा लेखिएको भए पनि पाठ स्पष्ट पढ्न सकिने छ। लेखक र लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७१. वास्तुपूजनप्रकार

विषय संख्याः- वै. क. १८५२ ख | रिल सं. A ४६७/३८ | लगत सं. ५/१८५४

भाषाः- संस्कृत | लिपिः- देवनागरी | पत्र संख्याः- १५

आकारः- ९३.० x १६.० से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीव्यंकटेशाय नमः ॥ वास्तुपूजनप्रकार(!) ॥ हस्ते अक्षतां गृहीत्वा आदौ रेखा(!) पूजयेत्। ॐ मनोरथायै नमः ॥१ ॥ ॐ सुभद्रायै। ॐ सुनन्दायै नमः ॥३ ॥ (fol. 1r1-3)

अन्त्यपाठः

नवगृहेषु संस्थाप्य शालावास्तु च मन्यते।
पूर्णाहुतिश्च कर्त्तव्यं स्मृतिवचनमब्रवीत् ॥ ३ ॥
नवगृहं च नो स्थाप्य(!) पूर्णाहुतिं(!)न्न विद्यते ॥
नवगृहैर्यत्र कर्मैं(!) पूर्णाहुति(!) विधीयते ॥४ ॥ ❀ ॥ (fol. 15r4-5)

पुष्पिकावाक्यः

इति श्रीगर्गविरचितानां(!) वास्तुपूजनपद्धतिः संपूर्णम् । श्रीव्यंकटेशार्प[ण]मस्तु ॥ 》 ❀ ॥ 》 ❀ ॥ 》 ❀ ॥ (fol. 15r6-7)

ग्रन्थसमीक्षाः

आरम्भमा वास्तुमण्डलस्थ रेखाको पूजा तथा वास्तुपुरुषको अङ्गस्थ देवताहरूको पूजाविधि उल्लेख गरिएको यस ग्रन्थमा विस्तृत रूपमा वास्तुपूजाको विधि प्रस्तुत गरिएको छ। वास्तु हवन, ग्रहपूजा, ग्रहवर्ण तथा प्रवेशको समय अनुसार पृथक् पृथक् फल बताइएको छ। वास्तुपुरुषको अंगस्थित देवताहरूको वर्ण पृथक् पृथक् रूपमा बताइनुका साथै चैत्रादि मासमा गृहारम्भ गर्दाको पृथक् पृथक् फल, अश्वशाला, गोशाला, रथशाला, वृषभशाला, उष्ट्रशाला, हरिणीशाला, विश्वामित्रीशाला, आरामशाला आदिको पूजन विधि समेत बताइएको छ। भाषामा कतै कतै त्रुटि देखिन्छ। १५ औं पत्रको अघिल्लो पृष्ठमै ग्रन्थ समाप्ति भएको छ तर पछिल्लो पृष्ठमा ग्रन्थ चोर्नेले यमदण्ड भोग्नुपर्ने कुरा उल्लेख गर्दै दुई ओटा श्लोकहरू लेखिएका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७२. वास्तुपूजा

विषय संख्याः- वै. क. १८५२	रिल सं. B ३७७/४४	लगत सं. ५/१५७८
भाषाः- संस्कृत	लिपिः- देवनागरी	आकारः- १४.० x १०.० से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- ठयासफु	लेखकः- वैकुण्ठ शमा

आदिपाठः

श्रीगणेशाय नमः॥ अथ सर्वकर्मणोंऽगभूतो प्रथमगणेशपूजा लिख्यते॥ कर्मदिनं(!) प्रातरुत्थाय स्नात्वा अहतधौते वाससी परिधाय नित्यकर्म विधाय॥ ॥ अर्घस्थापनं कुर्य्यात्॥ ॥ भुमौ गन्धादिना शंखचक्रादिकं विलिख्य जलमायुज्य॥

ॐ गंगे च यमुने चैव गोदावरि सरस्वती(!) ॥

नर्मदे सिंधुकावेरी(!) जलेऽस्मिन् सन्निधिं कुरु ॥

अन्त्यपाठः

स्वर्गपातालमर्त्यें च ये देवास्तत्र संस्थिताः॥

गृह(!)त्वमुं वलिं हृय तुष्टायां तु स्वमंदिरम्॥

भूतवेतालये(!) चान्ये ये चान्ये वलिकांक्षिणः॥

विष्णोः पारिषदा ये च तेऽपि गृह्वंत्वमं(!) वलिम्॥

पुष्पिकावाक्यः

इति वलिदानम्॥ ॥ ❁ ॥ ॥ ❁ ॥❁ ॥❁ ॥

ग्रन्थसमीक्षाः

ठयासफुमा लेखिएको यस ग्रन्थको ८ पृष्ठसम्म हिन्दु वैदिक परम्परामा कर्म निर्विघ्नपूर्वक समाप्त होस् भन्नाका लागि गरिने गणेशपूजालाई विस्तृत रूप उल्लेख गरिएको छ। पूजामा वस्तुपूर्व गरिने कृत्य समेत उल्लेख गरिएको यसमा वास्तुशान्तिप्रयोगका क्रममा दिक्पूजा गरी वास्तुमण्डल निर्माण, वलिदान तथा वास्तुपुरूषाङ्गभूत देवताहरूको पूजालाई संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ। बृषवास्तुप्रतिमा पूजन तथा स्थापनविधि एवं फल वताइएको छ। वास्तुशान्तिपूजा विधि पश्चात् गृहप्रवेशविधि र वास्तुवलिदानविधि उल्लेख गरिएको छ। भाषा स्थान स्थानमा त्रुटिपूर्ण देखिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७३. वास्तुविधान

विषय संख्याः- वै. क. १८५७ रिल सं. B ३७७/४७ लगत सं. ४/१३९३

भाषाः- संस्कृत लिपिः- देवनागरी पत्र संख्याः- ४५

आकारः- २५.० x १२.७ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

लेखन समयः- वि सं १९६१

आदिपाठः

श्रीगणेशाय नमः ॥ अथ वास्तुशान्तिविधिः ॥ गृहे प्रासादारम्भादौ यजमानः साध्यानुकूले नक्षत्रे वारे राशौ लग्ने यथोक्तां भूमिं समीक्ष(!) तत्र गत्वा कृतनित्यक्रियः ॥ तत्रादौ भूमिं शोधयेद्यथा ॥ भूमौ पञ्चगव्येन संप्रोक्ष्य ॥ ॐ आपोहिष्ठा ॥ भुमिमभिमंत्रयेत् ॥ (fol. 1v1-3)

अन्त्यवाक्यः

वास्तुपूजामकृत्वा तु प्रविशेन् नवमन्दिरम् ॥
रोगान्नानाविधान् क्लेशानश्नुते सर्वसंकटान् ॥
एवं यः कुरुते सम्यक् वास्तुपूजां प्रयत्नतः ॥
आरोग्यं पुत्रपौत्रादिधनधान्यं लभेन्नरः ॥ ॥
विक्रमाब्दचंद्रे रसरन्ध्रमिन्द्रे
मासोत्तमे माधवमासि कृष्णे
वह्नेश्च तिथ्यां दिननाथवारे
कुंछे(!) गृहस्थो हरिभक्तचित्तो
वैकुण्ठशर्मा हि तदात्मजेन
कुलोत्तमानन्दमहीसुरेण
वास्त्वो(!) विधानं च मिदं(!) व्यलेखि ॥ ॥ (fol. 43r3-4)

पुष्पिकावाक्यः

ग्रन्थसमीक्षाः

कलशको विस्तृत पूजाविधानवाट सुरु भएको यस वास्तुविधानमा अधिवासनविधि, गणेशपूजाद्वारा निर्विघ्नताको कामना प्रयोगरत्नको आधारमा विस्तृतरूपमा लेखिएको छ। पुण्याहवाचनको विधानलाई वर्तमानमा प्रचलित भन्दा विस्तृत र फरक किसिमवाट बताइएको छ। नान्दीकर्मको समाप्ति पछि वास्तुपुरुषाङ्गभूत सम्पूर्ण देवताहरूको आवाहनादिक्रमले गरिने पूजाविधानलाई विस्तृत रूपमा प्रस्तुत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिएको छ। पूजाको विधानपछि प्रतिष्ठा जपस्तोत्र, दिक्कलश पूजा, हवनविधि र वलिविधानलाई यथामन्त्र र क्रम अनुसार विस्तृत रूपमा उल्लेख गरिएको छ। यसै गरी वास्तुदेवताको उत्तराङ्गपूजा, यज्ञकर्मसमाप्ति, पावमानीयसूक्त र रक्षोघ्नसूक्त बताइएको यस ग्रन्थमा उक्त सूक्तहरूद्वारा गृहवेष्टनको विधान वताइएको छ। यसरी वेष्टन गर्दा सूत्र छिनेमा अशुभ हुन्छ भनिएको छ। आश्वलायनीय मङ्गलघोष वताइएको यस ग्रन्थमा तैत्तिरीय शान्तिपाठ उल्लेख गरिएको छ। शान्तिसारको आधारमा उद्धृत गरिएको यस वास्तुविधानमा सम्भव भएमा प्रतिसंवत्सर पूर्णरूपमा वास्तुशान्ति गर्नुपर्ने कुरा उल्लेख गरिनुका साथै अन्त्यमा उमासूक्त, जातवेदसूक्त, मुहूर्तगणपति, मुहूर्त्तचिन्तामणि, हेमाद्री आदि ग्रन्थका आधारमा अग्वासविचार तथा प्रतिवर्ष वास्तुविधान गर्नुपर्ने वशिष्ठको मत र वास्तुपूजा गर्दा नगर्दाको शुभाशुभ फल वताइएको छ।

जम्मा ४३ पत्रमा सम्पूर्ण विधि उल्लेख गरिएको यस ग्रन्थमा छुट्टै १ पत्रमा एकातिर भद्रासन र वास्तुचक्र तथा अर्कोतिर अवभृत स्नानमण्डलको रङ्गीन चक्र कोरिएको छ। यो ग्रन्थसँगै नेपाली कागजको छुट्टाछुट्टै २ पत्रमा एउटामा वास्तुयन्त्र र अर्कोमा वास्तुशान्तिको सरजाम लेखिएको छ। लेखनमा सामान्य भाषिक त्रुटिहरू भेटिन्छन्। यो ग्रन्थ वि सं १९६१ वैशाख कृष्ण तृतीया आइतवारका दिन लेखिएको भन्ने तथ्य अन्त्यपाठवाट खुल्न आउँछ।

७४. वास्तुप्रकरण

विषय संख्याः- वै. क. ११६०	रिल सं. B ३५२/२५	लगत सं. ३/६६
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-२१
आकारः- २५.५ x १०.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः ॥ ऋषय उचुः ॥

प्रासादं(!) भवनादीनां निवेशं विस्तराद्वदः ॥

कुर्यात् केन विधानेन कश्च वास्तुरुदाहृतः ॥ १ ॥

सूत उवाच ॥

भृगुरत्रिर्वशिष्ठश्च विश्वकर्मा मयस्तथा ॥

नारदो नग्न(वि)जिच्चैव विशालाक्षः पुरंदरः ॥

व्रह्मा कुमारो नंदीशः शौनको गर्ग एव च ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वासुदेवोऽनिरुद्धश्च तथा शुक्र(!) बृहस्पति(!) ॥ ।३ ॥

अष्टादशैते विख्याता वास्तुशास्त्रोपदेशकाः ॥

संक्षेपेनोपदिष्टं तन्मनवे मत्स्यरूपिणा ॥ (fol. 1v1-6)

अन्त्यपाठः

अध्यर्द्धांगुलविस्तारः शस्यतोऽधरपल्लवः ॥

अधिकं नेत्रयुग्मं तु चतुर्भागेन निर्दिशेत् ॥ ७० ॥

ग्रीवावल्लीश्च कर्त्तव्या किंचिदर्द्धांगुलोच्छ्रया ॥

एवं नारीषु सर्वासु देवानां प्रतिमासु च ॥ ७१ ॥

नवतालमिदं प्रोक्तं लक्षणं पापनाशनम् ॥ (fols. 2v7-21r3)

पुष्पिकावाक्यः

इति श्रीमत्स्यपुराणे देवनामानुकीर्त्तने प्रमाणविभागः ॥ ॥ ॥ (fol. 21r3)

ग्रन्थसमीक्षाः

मत्स्यपुराणको छ वटा अध्यायमा वताइएको भवनवास्तुसम्वन्धी विषयवस्तु भएको यस ग्रन्थको सुरुवात संवादात्मक शैलीवाट भएको छ। शौनकादि ८८ हजार ऋषिहरू र सुतनाम पौराणिक विचको सत्संगमा ऋषिहरूको जिज्ञासामा सुतजीले प्रासाद, भवन आदिको वास्तुविधान वताउने सन्दर्भमा वास्तुशात्रका प्रवर्तक तथा व्याख्याता १८ आचार्यहरूको नाम उल्लेख गरेका छन्। जस अनुसार भृगु, अत्रि, वशिष्ठ, विश्वकर्मा, मय, नारद, नग्नजित्, विशालाक्ष, पुरन्दर, ब्रह्मा, कुमार, नन्दीश, शौनक, गर्ग, वासुदेव, अनिरुद्ध, शुक्राचार्य र वृहस्पति वास्तुशास्त्रका व्याख्याता हुन्। वास्तुशास्त्र सर्वप्रथम मत्स्यरूप धारण गरेका भगवान् विष्णूले मनुलाई संक्षेपमा उपदेश गरेका थिए। पौराणिक कथा अनुसार अन्धकासुर दानवको वध गर्न घोर रूप धारण गरेका शिवजीको निधारवाट धेरै पसिना झर्यो। त्यसवाट भीषणाकृति एक पुरुष पैदा भयो र भुईंमा झरेको अन्धकको रगत पिउन थाल्यो। संग्राममा झरेको सवै रगत पिउँदा पनि तृप्ति नभएको त्यसले शिवजीको उग्र तपस्या गर्‍यो। भोकले व्याकुल भएको र तीनै लोकलाई खाउँला जस्तो गरेको त्यसले केही समयमा भैरव(शिव)लाई सन्तुष्ट गरायो र वरदान प्राप्त गरी तीनै लोकलाई ग्रास गर्ने अभिप्रायले स्वर्ग र मर्त्यलाई ढाकेर पृथ्वीपट्टि फर्केर रहन थालो। त्यसवाट डराएका ब्रह्मा आदि देवता तता राक्षसहरूले त्यस पुरुषलाई सवैतिरवाट समातेर थिच्न थाले। यसरी जस-जसले जहाँ-जहाँ समातेका थिए फेरि त्यो पुरुष त्यहाँ त्यहाँ प्रकट भयो र वस्न थाल्यो। त्यसलाई वास्तुपुरुष भनिन्छ। देवताहरूले निश्चल गराएपछि वास्तुपुरुपले केही आहाराको याचना गर्‍यो र ब्रह्मादि देवताहरूले वास्तुलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैश्वदेव यज्ञको अन्त्यमा बलि प्राप्त हुने कुरा बताए। यसरी नै यज्ञ उत्सवहरूमा, वास्तु पूजा नगरेको तथा अज्ञानपूर्वक गरिएका यज्ञहरू नै वास्तुको बलि हुने कुरा बताएपछि खुशी भयो। यसभन्दा पछाडि नै वास्तुपुरुषको शान्तिको लागि वास्तुयज्ञको थालनी गरियो।

यसरी पहिलो अध्यायमा १९ श्लोकमा वास्तुपुरुषको उत्पत्तिको रोचक कथा छ भने दोस्रोमा ५१ श्लोकमा वास्तु आरम्भको मुहूर्त तथा एकाशीति पद वास्तुको संरचना निर्णय गरिएको छ। तेस्रो अध्यायमा वास्तुको भेद तथा त्यस अनुसारको फल, वास्तुको प्रमाण एवं राजा, युवराज, सेनापति, मन्त्री आदि विशिष्ट व्यक्तिहरू तथा ब्राह्मणादि वर्णको वास्तुको प्रमाण बताइएको छ। यसमा ४० श्लोक छन् चौथो अध्यायमा वास्तुको स्तम्भ, उचाइ, द्वार आदिको लक्षण तथा फल एवं प्रमाण बताइएको छ। द्वारवेधको फल बताइएको छ। जम्मा २४ श्लोक छन्। पाँचौ अध्यायमा ३६ श्लोक छन्। यसमा घर निर्माण गर्दाको स्थिति अनुसारको फल, गृहनिर्माण गर्दाको सूत्रन्यास विधि, प्राप्त वस्तुको आधारमा फल, दिङ्निर्णय विधि तथा दिक्साधन स्पष्टनहुँदाको शुभाशुभफल बताइएको छ। त्यसै गरी वस्तुको दिशा बताइएको छ। चैटौं अध्यायमा ७१ श्लोक छन्। यसमा गृहस्थहरूलाई क्रियायोगका बारेमा बताउने क्रममा देवता प्रतिष्ठा गरी कीर्तन गर्नुपर्ने कुराको उल्लेख गरिएको छ। विष्णु, लक्ष्मी आदि देव देवी विशेषका विविध रूपका प्रतिमा प्रमाण एवं घरमा स्थापना गरिने प्रतिमाका प्रमाणका बारेमा बताइएको छ। घर एवं प्रासादमा स्थापना गरिने देव देवी विशेषका प्रतिमाका उत्तम मध्यम तता अधम परिमाण लक्षण एवं प्रतिमा विशेषका अवयव प्रमाण विस्तृत रूपमा उल्लेख गरिएको छ।

जम्मा ६ अध्याय र २१ पत्र भएको यस ग्रन्थको भाषा शुद्ध छ। कतै कतै अक्षरहरू छुटेका छन्। प्रत्येक अध्यायमा वर्णित विषयवस्तु झल्कने खालका उपपुष्पिकावाक्यहरू छन्। लेखकको नाम र लेखन समय उल्लेख छैन।

७५. वास्तुशास्त्र

विषय संख्याः- ज्यो. ११६१	रिल सं. B ३५२/१८	लगत सं. ५/१०९८
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-२३
आकारः- २७.७ x १२.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

ग्रन्थकारः- मण्डन सूत्रधार

आदिपाठः

श्रीगणेशाय नमः ॥ श्रीविश्वकर्मोवाच ॥ तस्मै निर्विघ्नसिद्धिहेतवे

आदि गौरी(स)समाभूतां तेजसा समवायवैं(!) ॥

महामायेति या गीता चिन्माये (!) मुनिसत्तमैं(!) ॥

करोतु वाग्विलासं मे जिह्वायां सा सरस्वती ॥१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रेष्ठाद्यसूत्रधारस्य प्रासादाद्विश्वकर्मणे ॥
प्रासादमंडनयुते सूत्रधारेषु मंडनम् ॥२॥
गृहेषु यो विधि(!) प्रोक्तो विनीवेशप्रसेवणे (!) ॥
वास्तु व दोषा कार्येषु देवताद्युतनं (सु)धि ॥ ३ ॥ (fol. 1v1-5)

अन्त्यपाठः

श्रीविश्वकर्मगणनाथमहेशाचंडी-
श्रीवि[श्व]रूपज[ग]दीश्वरसुप्रसा[दात्]
प्रासादमंडनमिदं रुचिरं चकार
श्री मंडनो गुणरतां भुवि सूत्रधारः ॥११५॥ (fol. 24r3-4)

पुष्पिकावाक्यः

इति श्रीसूत्रधारमंडनविरचिते वास्तुशास्त्रे प्रासादमण्डने अष्टमोध्यायः ॥८। श्रीः (fol. 24r4-5)

ग्रन्थसमीक्षाः

आठ अध्यायमा विस्तार भएको यो ग्रन्थको पहिलो अध्यायमा मिश्रक लक्षण भनी प्रासाद निर्माणको सन्दर्भ तथा लक्षण प्रस्तुत छ। देवमन्दिरको विषय भन्दा अघि गृहनिर्माण विधि रचना गरिएको भन्ने कुरा तेस्रो श्लोकवाट थाहा हुन्छ। प्रासादको लागि आंठ जातिका वनस्पति उत्तम मानिएको छ भने प्रासाद निर्माणको मुहूर्तमा लग्न र नक्षत्र आदि बलवान् भएको र निषिद्ध काल रहित अवस्थामा थाल्नुपर्ने कुरा वताइएको छ। सर्वत्र वा पूर्वपट्टि जल बग्ने उत्तम भूमिमा सुवर्णशलाकादिले ६४ पद वास्तु रचना गरी पूजा गर्ने, वलि प्रदान गर्ने आदि विधि निर्देश गरिएको छ भने प्रासादको शिलान्यास विधिको पनि निर्देश छ। श्लोकसंख्या उल्लेख छैन।

दोस्रो अध्यायमा ४७ श्लोक छ। यसमा सुरुमा प्रासादका विभिन्न प्रकार र तिनका प्रमाणहरू तथा प्रासाद एवं प्रतिमाका विभिन्न अवयवका प्रमाण तथा दिङ्निर्देश गरिएको छ। देवता विशेषका प्रतिमाहरू कता फर्काएर राख्ने र त्यसको फल के भन्ने विषयमा लेखिएको छ। त्यसैगरी पाञ्चायन विशेषका स्थापना प्रकार उल्लेख गरिएको छ साथै प्रमुख देवताका आधारमा मन्दिर विशेषको संरचना क्रम बताइएको छ। तेस्रो अध्यायमा मन्दिरको आधारशिला अत्यन्त सुदृढ हुनुपर्ने कुरा छ। आधारशिलाको माथि पीठको प्रमाण बताइएको छ र प्रमाण भन्दा कमको पीठ भएमा प्रासादको नास हुने कुरा बताइएको छ। मन्दिरको गर्भगृह, अर्धचन्द्रगृह, गर्भद्वारगृह, शाखाद्वार, शाखा आदिका प्रमाण वनाइनुका साथै स्थान निरुपण पनि गरिएको छ। यसमा ६३ श्लोक छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौथो अध्यायमा प्रासादको उर्द्धलक्षण, कलशलक्षण, ध्वजलक्षण आदि वताइएको छ। यसमा ४८ श्लोक छन्। पाँचौ अध्यायमा प्रासादका आन्तरिक विभिन्न ग्रहहरूका लक्षणहरू वताइएका छन्। यसमा ३५ श्लोकहरू छन्। छैटौ अध्यायमा ४६ श्लोक छ। यसमा केशरी आदि प्रासादको लक्षण तथा पञ्चक्षेत्रमा भएका मेरुलक्षण वताइएको छ। सातौं अध्यायमा ५० श्लोक छन्। यसमा मण्डपका प्रकार, लक्षण तथा मण्डपको उर्ध्व भागको संवरण विधि वताइएको छ। आठौं अध्यायमा ११५ श्लोक छ। यसमा जीर्ण प्रासदको पुनर्निर्माण गर्दाको फल वताइएको छ। पुनर्निर्माण गर्दा यथावत् हुनुपर्ने कुरा उल्लेखका साथै नभएमा, अधिक वा वढी भएमा अशुभ फल हुने कुरा उल्लेख गरिएको छ। यसै गरी प्रासादको विभिन्न दिशामा हुनुपर्ने वास्तुसंरचना, प्रतिष्ठाको मुहूर्त तथा विधि उल्लेख गरिएको छ। यस्तै प्रासादमा गरिने वास्तु शान्ति विधि तथा वास्तुपुरुष विन्यास क्रम छ।

भाषामा त्रुटि देखिन्छ भने पाठ प्रायः अस्पष्ट र ग्रन्थ जीर्ण अवस्थामा छ। जम्मा २४ पत्र छन्। प्रत्येक अध्यायको अन्त्यमा संक्षिप्त वस्तुनिर्देश गरिएका उपपुष्पिका वाक्यहरू छन्। यसका रचनाकार मण्डन सूत्रधार हुन्। पाण्डुलिपिकार र लेखन समय भने उल्लेख छैन।

७६. गृहवास्तुविधि

विषय संख्याः- वै. क. ष. ५३	रिल सं. A ११००/३३	लगत सं. ६/६६६
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-१०
आकारः- २४.७ x ११.३ से. मी.	ग्रन्थावस्थाः-	लेख्य सामग्रीः- कागज
लेखन समयः- वि सं १९६५	लेखकः- पं. बलभद्र शर्मा	

आदिपाठः

/// तित्रिनेत्रं पूजयेत्॥ यज्जाग्रत ई(!)ति सूक्तं भगवन्देवदेवेशेति त्रिंश्लोकाँश्च ज[[स्वा]] आचार्यः सूत्रधारकश्च कुशास्तरणे शयीत ततो निशां(!)[[न्ते]] जाते स्वप्नदृष्टशुभाशुभफले ज्ञात्वा यजमान सुस्नातः श्रीगणेशमातृकापूजाभ्युदयिके वसोर्धरा[[ः]] स्वस्तिवाचनं च कृत्वा॥ (fol. 2r1-3)

अन्त्यपाठः

पृथ्वीधरो मरीचिश्चस्तनयोः कुक्षिगौ पुनः
विवस्वान्मित्रनामा च पादयोः पितरस्तथा॥
पापाद्याश्चैव पूषाद्या सप्तसप्तोरूजंघके॥
इन्द्रो मेढ्रे स्थितस्तस्य जयो वृषणसंस्थितः॥ ॥ ॥ (fol. 11r8-v2)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपपुष्पिकावाक्यः

इति वास्तुशान्तिप्रयोगः ॥ (fol. 5r7)

इति गृहप्रवेशः ॥ (fol. 5v6)

पुष्पिकावाक्यः

इति संवत् १९६५ सालमिति वैशाखकृष्ण-एकादश्यां लिषितं पं वलभद्रशर्मा(!) ॥ ॥ ❀ ॥ ॥ ❀ [[गते १५ रोज १]] गृहवास्तू(!) समाप्तम् ॥ शुभम् ॥ (fol. 11v2-3)

ग्रन्थसमीक्षाः

पहिलो पत्र नभएको यस अपूर्ण ग्रन्थमा पहिलो पत्रमा वास्तुशान्तिको लागि भूमिपूजन लगायतका अधिवासन पूर्वका केही विधिहरूको निर्देश थियो भन्ने अनुमान दोस्रो पत्रको सुरुको पाठवाट सजिलै गर्न सकिन्छ। दोस्रो पत्रको सुरुको भागमा आचार्य र सूत्रधार वास्तुभूमिमा कुशको विछ्यौनामा सुती रातको अन्त्य भागमा स्वप्नका आधारमा शुभाशुभ लक्षण विचार गरी नित्यक्रिया सम्पन्न गरेको यजमानवाट आचार्यले गणेश पूजा, मातृका पूजा तथा आभ्युदयिकश्राद्ध गरी पूर्वाङ्गस्वरूप नान्दीकर्म गर्नुपर्ने कुराको निर्देशन गरिएको छ। त्यसपछिको पाठमा भूतोत्सारण विधि, पञ्चगव्यद्वारा भूमिसेचन विधि, ईशानभागमा ग्रहवेदीस्थापन र पूजनक्रम, आग्नेयभागमा वास्तुमण्डलनिर्माण, लोहशंकुरोपण, वलिविधि, एकाशीतिपद वास्तुचक्र रचना विधि, वास्तुचक्रस्थित शिखि आदि देवताहरूको पूजा विधि, वृषवास्तुको विशेष पूजाविधि, वास्तुकलश स्थापन एवं पूजाविधि, हवनविधि, वास्तुवलिविधि, ब्रह्मस्थानमा गरिने पृथ्वीपूजा विधि आग्नेय भागमा आकाशपदमा गर्त निर्माण र जल एवं मृत्तिकाद्वारा वास्तुको शुभाशुभ लक्षण ज्ञानविधि, वास्तुप्रार्थना क्रमश उल्लेख गर्दै प्रति वर्ष वास्तुशान्ति गर्नुपर्ने कुरा उल्लेख छ।

अघिल्लो दिन वास्तुशान्तिको प्रयोग गरी दोस्रो दिनमा गृहप्रवेश गर्नुपर्ने कुराको निर्देश गरिएको छ। यस क्रममा घरको मूल ढोकामा तोरणपताका सजाएर ग्रहपूजा गरी सुशोभित पूर्णकलश र परिवारसहित भएको यजमान ब्राह्मणसहित मङ्गल, माङ्गलिक वाद्यवादनका साथ नयाँ घरमा प्रवेश गरी प्रधानगृहको मध्यभागमा धानमाथि कलश राखी प्रधानदेवता, कुलदेवताको पूजा गरी स्थीरताको लागि ब्राह्मणद्वारा स्वस्तिवाचन पुण्याहवाचन गराउनु पर्ने कुरा उल्लेख गरिएको छ।

यसपछि वास्तुचक्रस्थित देवताहरूलाई गरिने वलिदानको विधि उल्लेख गरिएको छ। वलिदानको विधिपछि पवमानसूक्त, रक्षोघ्नसूक्त, ग्रहयागशान्ति अभिषेक विधि उल्लेख गरी जातवेदसूक्त, क्षेत्रपतिसूक्त समेत लेखिएको छ। गृहनिर्माण गरी दान गर्ने भएमा गृहदानको विधि पनि महाकपिलपाञ्चरात्रको अनुसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संकेत गरिएको छ। पाण्डुलिपिको पाठ प्राय स्पष्ट र भाषा पनि शुद्ध छ। पण्डुलिपि वि. सं. १९६५ वैशाख कृष्ण एकादशी, १५ गते पं. बलभद्र शर्माले लेखेका हुन् भन्ने कुरा पुष्पिका वाक्यवाट स्पष्ट हुन्छ।

७७. वास्तुविधि

विषय संख्याः- वै. क. वि. ९९	रिल सं. A ११४९/२४	लगत सं. ४/३०८५
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-४
आकारः- २२.५ x १०.४ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

श्रीगणेशाय नमः॥ ॥ अथ वास्तुविधिर्लिख्यते॥ ॥ गृहप्रवेशदिनात् पूर्वेऽह्नि गृहारम्भादौ च देशकालौ स्मृत्वा वास्तौ शुभतासिद्ध्यर्थं सनवग्रहमखां वास्तुशान्तिं करिष्ये(!)ति संकल्प। तदंगत्वेन गणेशमात्रिकापूजनाभ्युदयिकश्राद्धपुण्याहवाचनर्त्विगादिवरण्यहं करिष्ये॥ ऋत्विजश्चत्वारः। (fol. 1v1-4)

अन्त्यपाठः

ततः सम्पूर्णमछिद्रमस्तु इति व्राह्मणा वंदेयु, इत्याशि(!)षो गृहीत्वा पूर्व वास्तुशान्तिं विधाय गृहप्रवेशं कुर्यात्। स चेत्थं नवजलपूर्णं पल्लवोपेतं दूर्वायुतं सुधालिप्तं वस्त्रवेष्टितं सफलं कलशम् अंजलिना गृहि(!)त्वा यजमानो विप्राग्रे सरस्तूर्यघोषेण स्त्रियः म(!)ग्रतः कृत्वा गृहं प्रविश्य प्राधानगृहमध्ये धान्योपरि तं कलशं स्थापयेत्। ततः पुण्याहं वाचयित्वाशिषो गृहि(!)त्वा सुहृद्युतो भुंजीतः॥(fol. 4v8-12)

पुष्पिकावाक्यः

इति वास्तुशान्तिप्रयोगः॥

वास्तोस्पते तव मया लिखितं प्रयोग-
सच्चित्स्वरूपममलं जगदेकमान्यम्।
विश्वे त्वदंशभजतां हृदयस्थनित्यं
वुद्ध्या न लभ्यत(!) इति धिविवेकहीनां॥[११](fol. 4v12-13)

---

[११] अधिकमात्रा भएको।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थसमीक्षाः

यस ग्रन्थमा नवगृहमाजर्नविधि, यज्ञस्थलमा गरिने भूतोत्सरण विधि, वास्तुमण्डलस्थापनार्थ शंकुरोपणविधि, शंकुको पार्श्वभागमा बलिप्रदानविधि, रेखानिर्माण विधि, अग्निस्थापनाको संकेत उल्लेख गर्दै वास्तुमण्डलस्थित शिखि आदि गरिएका देवताहरूको पूजाविधि र मूल वास्तुपुरुषको पूजाविधि उल्लेख गरिएको छ। यसै गरी वास्तुपुरुष र वास्तुपूजाका अङ्गभुत देवताहरूको हवनविधि देखाइएको छ भने हवनमा संख्या निर्धारण गरिएको छ। पूजा गरिएका देवताहरूलाई बलि दिने विधि उल्लेख गर्दै आचार्यहरूद्वारा निर्दिष्ट वैदिक मन्त्रोचारण पूर्वक यजमानलाई अभिषेक तथा सर्वौषधी स्नान गराई गाना बजाना सहित रक्षोघ्नसूक्त र पवमानसूक्तद्वारा गृहवेष्टन गर्ने विधि दर्शाइएको छ। आचार्यद्वारा घरको ब्रह्मस्थानमा पृथ्वीपूजन, खाडल खनेर पानी राख्दाको शुभाशुभ लक्षणज्ञान, वास्तुप्रार्थना, यज्ञ समापन, ब्राह्मणभोजन जस्ता विधिहरू वर्णित छन्। ग्रन्थको लेखन समय र लेखक परिचय प्राप्त छैन।

७८. गृहवास्तुशान्तिविधि

विषय संख्याः- वै. क. ष. ५७०	रिल सं.	लगत सं. ६/५५११
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-१९
आकारः- २२.४ x ७.२ से. मी.	ग्रन्थावस्थाः-	लेख्य सामग्रीः- कागज

लेखन समयः- वि सं १९६७

आदिपाठः

श्रीगणेशाय नमः॥ अथ वास्तुशान्तिप्रयोग(!)॥ गृहप्रासादारम्भादौ यजमानः साध्यानुकूले नक्षत्रे वासरे राशौ लग्ने यथोक्तां भूमिं समीक्ष (!) तत्र गत्वा कृतनित्यक्रियो धान्योपरि सवस्त्रं हेमगर्भं फलपुष्पजलान्वितं कलशं स्थापयित्वा तत्र मेरुकर्णिकोपशोभितां शैलवननदिसमायुक्तां सागरवेष्टितां भूमिं ध्यात्वा ॥ ॐ पृथिव्यै नमः॥ इति गंधादिभिरभ्यर्च्यं॥ (fol. 1v1-4)

अन्त्यपाठः

त्वया वयं सधन्य १ स्तोतात्तव प्रणितपश्याम वाजान्॥

उभाशंसासूदयसपतातेनुष्टुपाकृणुह्मरयाण॥ १३॥

अयातेऽअग्नेसमिधाविधेमप्रतिस्तोमं शस्यमानं गृभाय॥

दहाशसोरक्षसः पाह्य १ स्मान्दुहो निदो मित्रहो अवधात्॥१४॥ (fol. 19v3-6)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति ऋग्वेदोक्तरक्षोघ्नसूक्तं सम्पूर्णं शुभ्म् (!) ॥ ॥ ॥

यादृशं पुस्तकं दृष्ट्वा तादृशं लिखितम् मया ।

यदि शुद्धमशुद्धो(!) वा मम दोषो न दीयते ॥१ ॥

इति सम्वत् १९६७ साल माघ शुदी १४ रोज १ शुभ्म् (!) ॥ (fol. 19v6-7)

ग्रन्थसमीक्षाः

वास्तुशान्तिप्रयोगका क्रममा यस ग्रन्थमा दिक्पालपूजा, नवग्रहपूजा, नागपूजा, यक्षपूजा, दिक्पालको वलिविधि तथा अधिवासनको विधि उल्लेख गरिएको छ। आचार्य र कर्ता यजमानले अधिवासन गरेर रातिमा देखिएको स्वप्नको शुभाशुभ लक्षण विचार गरी नान्दिकर्म सम्पादन र भूतोत्सारण पश्चात् वास्तुमण्डल निर्माणार्थ शङ्कुरोपण र वलि दिने विधि प्रस्तुत गरिएको छ। शङ्कुको पार्श्वभागमा वलि पूजा गरेर वास्तुमण्डल रचना गरी सङ्कल्प पूर्वक वास्तुपूजा एवं हवन गर्ने विधि उल्लेख गरिएको छ। यसै गरी व्रह्मस्थानमा गरिने पृथ्वीपूजन, वास्तुको शुभाशुभलक्षण विचार एवं दोस्रो दिनमा गरिने गृहप्रवेशको विधिलाई प्रस्तुत गरिएको छ।

वास्तुशान्ति र गृहप्रवेशको विधि निर्देश पछि वास्तुमण्डलमा प्रतिमा स्थापनापूर्वक गरिने प्रत्येक पदस्थित देवताहरूको पूजा विधि र बलिदानको विधिलाई मन्त्रपूर्वक उल्लेख गरिएको छ। त्यसक्रममा स्थान र क्रमको क्रमिक रूपमा वर्णन गरिनुका साथै वलिदानमा प्रयोग गरिने वस्तुको पूर्णरूपमा उल्लेख गरिएको छ। एकाशीतिपदवास्तुको निर्माण र तदनुसारका देवताहरूको पूजा तथा विशेष रूपमा वलिविधिलाई यस ग्रन्थमा प्रस्तुत गरिएको छ। वलिविधिकै सन्दर्भमा घर वाहिर गर्नुपर्ने छागवलिको पूर्ण विधि उल्लेख गरिएको छ।

यसैगरी यस ग्रन्थको अन्त्यमा ऋग्वेदोक्त पावमानीय र रक्षोघ्न सूक्त प्रस्तुत गरिएको छ। ग्रन्थको पाठ स्पष्ट र भाषा प्रायः शुद्ध छ। तर पनि एकाध स्थानमा वर्णविन्यास गत त्रुटिहरू भने देखा पर्छन्। यो ग्रन्थको लेखन वि. सं. १९६७ साल माघशुक्ल चतुर्दशी आइतवारका दिन सम्पन्न भएको जानकारी पुष्पिकावाक्यवाट प्राप्त हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७९. वास्तुविधि

विषय संख्याः- वै. क. १८५९ | रिल सं. B ३७७/४९ | लगत सं. १/१३१४
भाषाः- संस्कृत | लिपिः- नेवारी | पत्र संख्याः- ३
आकारः- ४८.० x १०.३ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज

आदिपाठः

अथ वास्तुपूजाप्रयोगः ॥ कृतः प्रातःकृत्यः अद्येत्यादि, अमुकगोत्र(!), अमुकदासो नववेश्मप्रवेशनिमित्तक(!), सर्वदोषानुपपत्तिकामः, ब्रह्मादिपिलिपिच्छान्तदेवतापूजापूर्वकवास्तुदेवपूजनमहं करिष्ये ॥ ततो वास्तुमण्डलं विधाय ॥ ॐ ब्रह्मणे नमः (fol. 1r1-2)

अन्त्यपाठः

ॐ भूतेभ्यो नमः ॥ ॐ पितृभ्यो नमः ॥ राक्षसेभ्यो नमः ॥ पिसा(!)चेभ्यो नमः ॥ ॐ गणेभ्यो नमः ॥ ॐ दिव्यन्तरीक्षभूमेभ्यो नमः ॥ इत्यादिक्रमेण वलिं दद्यात् ॥ ततो यजमानस्सवौ(!)षधिस्नानं कृत्वा, आगतब्राह्मणान् परितोष्य दक्षिणाच्छिद्रावधारणं कुर्यात् (fol. 2r9-10)

पुष्पिकावाक्यः

इति वास्तुपूजाविधिः समाप्तः ॥ ॥ ॥ एकाशीतिविभागे स्वस्वस्थाने पूजयेत् ॥ शुभमस्तु ॥ शिवम् ॥(fol. 2v10)

ग्रन्थसमीक्षाः

आरम्भमा वास्तुमण्डलस्थित ब्रह्मादि देवताहरूको पूजाविधिवाट सुरु गरिएको यस ग्रन्थमा दिक्पालपूजा, पूजा पछि त्रिमेखलायुक्त अग्निकुण्ड निर्माण गरी वास्तुमण्डलस्थित सम्पूर्ण देवताहरू र दिक्पालहरूलाई समेत घ्यू, मह वा अपामार्ग, दुवो, कुश, वेलहरू मध्ये कुनै एक वस्तुद्वारा हवन गर्ने क्रम देखाइएको छ। यसैगरी वास्तुपुरुषको वलिविधान, प्रार्थना र वास्तुमण्डलस्थ देवताहरूलाई दिइने पृथक्-पृथक् वलिको विधान उल्लेख छ। वलिदानको विधि पछि सर्वोषधिस्नान गरी यजमानले ब्राह्मणलाई दक्षिणादिद्वारा खुसी गराई पूजा समाप्त गर्ने निर्देश गरिएको छ।

संक्षिप्त वास्तुपूजाको विधि उल्लेख गरिएको यस ग्रन्थको पछिल्लो भागमा एकाशीपद वास्तुचक्र निर्माण गरी प्रत्येक पदस्थित देवता र वलियोग्य वस्तुलाई कोष्ठकंमा लेखिएको छ। यसैगरी चक्रको दायाँ पट्टि भागमा वास्तुपदस्थित देवताहरूसँग सम्वन्धित मन्त्रको प्रतीक संस्कृत र नेवारी मिश्रित भाषामा लेखिएको छ। तेस्रो पत्रको पछाडि भागमा पनि मन्त्रको प्रतीक दिइएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८०. वास्तुपूजाविधि

विषय संख्याः- ता. क. परि. ४३१ रिल सं. A १२४८/१६ लगत सं. १/५५९
भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्र संख्याः- ३
आकारः- २९.० x १६.० से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः-कागज

आदिपाठः

]] वास्तु पूजा याय धुनङाव, कलश पूजा याय ॥ ॥ न्यासः ॥ ॐ जुँ सँः अस्त्राय फट् ॥ कलशोधनं ॥ ४ ॥ ॐ जुँ सः अंगुष्ठाभ्यां नमः ॥ ... ॐ जुँ सः करतलपृष्ठाभ्यां नमः ॥ इति कलं न्यासः ॥ (fol. 1r1-4)

अन्त्यपाठः

विष्णुक्ष(!)त्रयाचा, गंगामित्रिका, अग्नित्रया चा, पर्व्वत चोया चा, फानध्वया चा, सापायीनि न ह्मुया चा, किशिया दातन ध्वया चा, शिवक्ष (!)त्रया चा, ॥ गंगाजल- (fol. 3v9-10)

ग्रन्थसमीक्षाः

वास्तुपूजाविधि उल्लेख गरिएको यस अपूर्ण ग्रन्थमा कार्यारम्भमा गरिने न्यासविधि, अर्घ्यपात्रपूजा र आत्मपूजा विधिका साथै पूजाको सुरुको ध्यान, आसन, वलि आदिका विधिहरू उल्लेख गरिएका छन्। कुटाक्षरी मन्त्रहरूको प्रयोग गरिएको छ। भाषिक रूपमा त्रुटिहरू देखिन्छन्। नेवारी भाषाको अत्यधिक प्रयोग छ।

८१. वास्तुपूजा

विषय संख्याः- ता. क. परि. ४३३ क रिल सं. A १२४८/२० लगत सं. १/१६९७/७६८
भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी आकारः- २१.३ x ८.० से.
मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः-ठ्यासफु

आदिपाठः

❖ ॐ व्रह्मणे नमः ॥ अयुताहुतिविधानम् ॥ ॥ आदौ यज्ञमण्डपगोय ॥ ॥ देवानुक्रमेन ॥ व्राह्मणस्यं(!) कलशपूजन याय ॥ आचार्य्यसेन वलि वियके ॥ जजमान पुष्पभाजन याचके ॥ ॥ अद्यादि सूर्य्यार्घ ॥ वाक्य ॥ अमुकमूर्त्तिप्रतिष्ठार्थं, यज्ञमण्डपस्तम्भरोहणनिमित्त्यर्थं, कर्तुं श्रीसूर्य्याय नमः ॥

अन्त्यपाठः

ते च सर्व्वेऽपि संतुष्टा वलिगृह्णन्तु सर्व्वतः।
शरणागतोप्यहस्तेषां सर्व्वमेतत्फलप्रदम्।
यावद्वै यन्मया कर्म्म, यत्करिष्यामि यत्कृतम्।
वलिपुष्पप्रदानेन संतुष्टा मम चिन्तकाः।
सव्वकर्म्माणि सिध्यन्तु सर्व्वदोषाः प्रशान्तु मे।
शिवशक्तिप्रसादेन श्रीकुब्जिकान्तां नमाम्यहम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति समयवलि विय, यंथ्व पातस ॥ ॥ ङाव द्वंडु स, क्षेत्रबलि विय ॥ भुजा वन, यिनायस्तं क्षेत्रनविको, दुंखा पिंखा ॥ निर्व्वाणयानच्छेय ॥ माहवलिन धुनके ॥ ॥ योनिमुद्रा ॥ वेदनं पूजा, मालको ॥ धूप, दीप, जाप, स्तोत्र

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस ग्रन्थमा आरम्भमा यज्ञनिर्माणविधि, यज्ञ निर्माणका क्रममा गरिने वास्तुपूजा, अग्निकुण्ड निर्माण विधि, हवनविधि, वसोद्धारविधि, मण्डपपूजाविधि, अधिवासनविधि, पञ्चगव्यसाधनविधि उल्लेख गरी एक प्रकरण समाप्त गरिएको छ। अर्को प्रकरणमा देशापाटनविधि र वाहारपूजा विधि उल्लेख गरिएको छ। यसै गरी अर्को प्रकरणमा अयुताहुति यज्ञविधान उल्लेख गरिएको छ। अर्को प्रकरणमा चतुषष्ठीपद कोष्ठक वास्तुचक्रहरू उल्लेख गरी वास्तुपूजा विधि लेखिएको छ। अजरादिभैरववलि, चतुषष्ठी योगिनी वलि आदि विधिहरू उल्लेख गरिएको छ। अर्को प्रकरणमा क्षेत्रपाल तथा पीठपूजा विधि उल्लेख गरिएको छ। ठ्यासफुको दुवैतिर लेखिएको यस ग्रन्थमा लेखनक्रम मिलाइएको छैन। कुनै कुनै प्रकरणहरू अपूर्ण छन्। उल्लेख्य मात्रामा नेवारी भाषाको प्रयोग भएको यस ग्रन्थमा कुटाक्षरी मन्त्रहरूको प्रयोग पनि भेटिन्छन्। लेखनक्रम सिलसिलावद्ध रूपमा नभएकाले विविध प्रकरणहरू अव्यवस्थित रूपमा रहेको यस ग्रन्थमा भाषागत त्रुटिहरू भेटिन्छन्।

८२. वास्तुशास्त्रम्

विषय संख्याः- वै. क. ११६२	रिल सं. B ३५२/१५	लगत सं. ५/१९११
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-११
आकारः- २६.३ x १२.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः

ॐ नमः श्रीगणेशाय नमः ॥ ॥ अथ विश्वम्भरवास्तुशास्त्र[[ा]]त्

सत्यलोकाधिपो देवो ब्रह्मा वै चतुराननः।

आद्यकृतयुगस्यादौ निविष्टः कम[ला]सने ॥

सृष्ट्वा प्रजापतिः पूर्वं देवान् दैत्यांश्च राक्षसान्

स्वमुखद्ब्राह्मणान् जज्ञे क्षत्रियान् वा[[हु]]तस्तथा ॥

उरुद्वयात्ततो जज्ञे वैश्यान् शूद्रांश्च पादतः ॥

आहूय विश्वकर्माणं ब्रह्माकमलसंभवः ॥

आगत्य विश्वकर्मा वै नमश्चक्रे स्वयंभुवम् ॥

अहमस्यागतो ब्रह्मन् ब्रूहि किं करवाणि ते ॥ (fol. 1v1-4)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

इत्यष्टादशभिः ख्यातः समूहो लोकविश्रुतः ।

मालाकालः संवर[[श्च]] शाल्मलो मोहकस्तथा ।

कालवारः पुष्कराश्च श्वपाकः सप्तमन्त्र्जाः ॥

सप्तसमूहाः ॥

रजकव्याधशैलूषवेनुचर्मोपजीविनः ।

एते पंचसमूहेषु मध्यमाः परिकीर्त्तिताः ॥

इति मध्यमात्रा (fol. 11v5-6)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

ब्रह्मा र विश्वकर्माको संवादवाट आरम्भ भएको यस ग्रन्थमा ब्रह्माले विश्वकर्मालाई स्वर्ग, मर्त्यमा भवन, उद्यान, यन्त्र, दुर्ग आदि निर्माण गर्ने आदेश दिइएको सन्दर्भ उल्लेख छ तर त्यसपछि विश्वकर्माले देवलोक र मर्त्यलोकमा शिल्पशास्त्रको अज्ञान छ, कर्मकर्ताहरू मर्त्यलोकमा छैनन् त्यसैले कसरी कर्म सिद्धि हुन्छ भनी संशय व्यक्त गरेपछि ब्रह्माले चार वर्णका अनुलोम विलोमवाट जन्मेकाहरूलाई निर्माण कार्यमा लगाउने आदेश दिए। आदेश पाएका विश्वकर्मा मर्त्यलोक आए। मर्त्यलोकमा आएर विश्वकर्माले देखेका मिश्रवर्ण तथा विविध जात जातिका उत्पत्तिबारे उल्लेख गर्ने क्रममा ग्रन्थ अपूर्ण रहन गएको छ। लेखन समय र लेखक पनि उपलब्ध छैन।

८३. वास्तुपूजाविधि

विषय संख्याः- वै. क. १८५५	रिल सं. A ३७७/४५	लगत सं. ४/६९
भाषाः- संस्कृत	लिपिः- नेवारी	आकारः- २७.५ x ७.५ से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	ग्रन्थकारः-श्री कुलदत्त

आदिपाठः

ॐ नमः श्रीवज्रसत्वाय ॥ ततः एकाशीतिकोष्ठदेवतापूजनाय चतुर्षु दिक्षु

चत्वारिंशन्नात्री(!)स्वभावाश्चत्वारिंशद्देवताभ्यो विभाव्याः ॥ ताभ्यः प्रथमतः पूजां कुर्यात् ॥ तत्र

पुर्व्वस्यान्दिशौ शान्त्यादीनां वाक्यतो यथाक्रमं †दशनात्यः† ॥ प्रमुदिता विमला प्रभाकरी अर्च्चिस्येति (!)

सुदुर्ज्जया, अभिमुखी दूरंगमा अचला साधुमती धर्म्ममेधा इति पश्चिमाभिमुख्यः ॥ (fol. 1v1-4)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

तन्मृतिकाञ्च सुवर्णादिभाजने शान्तिकवलिना सह प्रतिगृह्य यजमानो वाक्यादिकोणाद्वहिरुत्सृजेत् ॥ तत्पञ्चमघाते मृदञ्च भूमध्ये विकीर्य्यत् (!) ॥ ततः षष्टघातं तेनैव खात्वा(!) सप्तघातादिकन्तु दिक्षु विदिक्षु सर्व्वकर्म्मकरैः खाननियित्वा(!) जानुदघ्नं शोधयेत् ॥ (fol. 11v2-5)

पुष्पिकावाक्यः

इति महापण्डितश्रीकुलदत्तविरचितायां पञ्जिकायां द्वितीयप्रकरणः(!) ॥ २ ॥ (fol. 11v5-12r1)

पुष्पिकावाक्य पश्चात् विषय प्रसंगकै यस्तो वाक्य लेखिएको छ ।

अथ यवानां रोपनं कृत्वा ... दक्षिणस्यान्दिशि उत्तराभिमुखं स्थित्वा स्वाधिदैवतयोगं कुर्य्यात् ॥ तत आत्मान(!) मोघासिद्धिरुपम्विभाव्य ॥ वृष (fol. 12r1-3)

ग्रन्थसमीक्षाः

वास्तुपूजाको लागि एकाशीतिपद वास्तुचक्र निर्माण गरी पूजा गर्ने सन्दर्भमा पहिले चार दिशामा देवताहरूलाई पूर्वादि क्रमले क्रमशः पूजा गर्ने विधि उल्लेख गरिएको छ। यस क्रममा विशेष गरी चालीस देवताहरूको पूजा गर्ने क्रम नाममन्त्र सहित उल्लेख गरिएको छ। पूजा क्रममा देवताको स्थापना गर्ने कोष्ठको वर्ण समेत उल्लेख गरिएको छ।

८४. वृत्तशतक

विषय संख्याः- ज्यो ११८४	रिल सं. A ४२७/७	लगत सं. ३/६४४
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः-२७६
आकारः- ३०.५ x १५.५ से. मी.	ग्रन्थावस्थाः-	लेख्य सामग्रीः- कागज

ग्रन्थकारः- आचार्य महेश्वर

आदिपाठः

श्रीमन्महागणपतये नमः ।

ब्रह्मेशचन्द्रेन्दु⟨खि⟩[दि]वाकराग्निवस्वादिरूपाणि सुरस्य यस्य ॥

नत्वाच्युतं तं व्यवहारसिध्यै महेश्वरो वृत्तशतं करोति ॥१ ॥

श्रीगुरुभ्यो नमः ॥

लक्ष्मीपतेः पदद्वंद्व(!) ध्यात्वा स्मृत्वा गुरोर्गिरः ॥

कुर्मो वृत्तशतस्यार्थं मुनिवाक्यार्थदर्पणम् ॥ ॥

अथ तत्र तावद्दषिवृषभशाण्डिल्यमुनिवंशोद्भवजडविडपत्तननिवासिसमस्तशिष्य†निवरोलं† वा लीढे (fol. 1v1-4)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

नार्द्रवासाः स्वपेन्न पलाशशयनेन पंचदारुकृतेन गजभग्नकृतेन विद्युद्दग्धेनाग्निस्तुष्टेन वालमयिं शय्यामधितिष्ठेदनास्तृतामिति ॥ ॥ उशनाः ॥ ॥ न तैलोपे - - - न्ता दीक्षितः कृष्णचर्मणीति ॥ ॥

दक्षः ॥ ।

प्रदोषपश्चिमौ माघौ वेदाभ्यासरतो नयेत् ॥

यामद्वयं शयानस्तु ब्रह्मभूयाय कल्पत

इति ॥ ॥

इत्यलमतिप्रसंगें(!)नेति शिवं ॥ ॥ (fol. 98r10-v3, 3rd foliation)

पुष्पिकावाक्यः

इति शीमहेश्वराचार्यकृतवृत्तशतव्याख्याने मुनिवाक्यार्थदर्पणे वास्तुप्रतिविंवः समाप्तः ॥ ॥ ॥ ॥ ॥ ॥ ॥ (fol. 98v3-4, 3rd foliation)

ग्रन्थसमीक्षाः

वृहत् आकार भएको प्रस्तुत वृत्तशतकम् नामक ग्रन्थमा तीन वटा छुट्टाछुट्टै खण्डहरू छन्। पहिलो खण्डमा ९२ पत्रहरू छन्। यस खण्डमा त्याज्यप्रतिविम्व, नक्षत्रप्रतिविम्व र संस्कारप्रतिविम्व गरी तीनवटा उपखण्डहरू छन्। दोस्रो खण्डमा यात्रा प्रतिविम्व छ। यस खण्डमा ८७ पत्रहरू छन् र यात्रा प्रकरणको समाप्तिपछि प्रासङ्गिक शकुनादि विचारका कुराहरू उल्लेख गरिएका छन्। तेस्रो खण्डमा वास्तुप्रतिविम्व उल्लेख गरिएको छ। यसमा ९८ पत्रहरू छन्।

वास्तु प्रतिविम्वको आदि पाठ यस प्रकार छ।

श्रीगणेशाय नमः ॥ अथ वास्तुप्रतिविम्वं व्याख्यायते ॥ तत्र प्रथमतो चाचार्येण ग्रन्थबाहुल्यभयादनुक्तो यो विशेषस्तदुच्यते ॥ मत्स्यपुराणे ॥

गृहस्थस्य क्रिया सर्वा न सिध्यन्ति गृहं विना ॥

यतस्माद्गृहारंभप्रवेशसमयं ब्रुवे ॥

भविष्यपुराणे ॥

परगेहे कृताः सर्वाः श्रौतस्मार्तक्रियाः शुभाः

निःफलास्युर्यत..सां भूमिश फलमश्नुते इति ॥

तत्र वास्तुज्ञानामाहवशिष्टः ॥ (fol. 1v1-4, 3rd foliation)

यस वास्तुप्रतिविम्वमा वास्तुनिर्माणको लागि भूमिको लक्षणविचार, वर्ण अनुसारका शुभाशुभ भूमिविचार, ग्राम, नगर आदि मानव वस्तीका निवेश दिग्विचार, प्रश्नविचार, शल्यज्ञान, दिवसाधनविधि, शंकुन्यासविधि, खननविधि, गृहको क्षेत्रफल आनयन विधि, द्वारन्यासको नियम र फल, ग्रहवेध निर्णय, गवाक्षवेधमा दोषाभाव, गृहोच्छ्रायविचार, भित्तिप्रमाण, स्तम्भप्रमाण र लक्षणविचार, व्यक्तिका आधारमा ग्रामादिवास्तुको शुभाशुभविचार, गृहमा प्रयोग गरिने काष्ठादिको उपयोग विधि, अलिन्दस्थापनक्रम र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमाण तथा कर्तव्याकर्तव्य निरूपण, चुल्हिकास्थापन विधि, एकशालादिचतुशालपर्यन्तका गृहलक्षण तथा प्रकार, प्रयोजनका आधारमा विभिन्न गृहका प्रमाण तथा दिङ्न्यासक्रम, उपकरणगृहलक्षण, गृहारम्भ नक्षत्रहरू, वास्तुचक्रकथन गृहादि निर्माण गर्दाका नक्षत्र र वारका आधारमा शुभाशुभफल, गृहनिर्माण तथा प्रवेशादिकर्ममा पञ्चाङ्गशुद्धि विचार, गृहनिर्माणकालीन कुण्डलीको भावफल विचार, लग्नको शुभाशुभ विचार, गृहप्रवेशमुहूर्तविचार, गृहप्रवेशकालीन समयका आधारमा शुभाशुभफल विवेचना, प्रवेशकालीन कुण्डली स्थित ग्रहहरूको आधारमा पृथक् पृथक् फल विवेचना, गृहप्रवेश विधि उल्लेख गरिएको छ।

वशिष्ट, नारद, अत्रि, कश्यप, गर्ग आदि ऋषिहरूका वचन, मुहूर्तगणपति, मुहूर्तमाला, रत्नमाला एवं मत्स्यपुराण, भविष्यपुराण जस्ता विविध ग्रन्थहरू तथा शुल्वसूत्रहरूका समेत प्रमाणहरू लिई विशद रूपमा विवेचना गरिएको यस वृत्तशतक ग्रन्थमा सवै खण्डमा प्रस्तुत गरिएको प्रतिविम्वमा वास्तुसँग सम्वन्धित र आवश्यक हरेक विषयमा प्राचीन ग्रन्थ र ग्रन्थकारका वचन तथा प्रमाणहरू सङ्कलन गरी विवेचना गरिएको छ।

कुनै कुनै पत्रका किनाराहरू पाठलाई असर नपर्ने गरी खण्डित भएका छन्। भाषागत रूपमा सामान्य त्रुटिहरू भेटिन्छन्। यसका ग्रन्थकार आचार्य महेश्वर हुन् भने लेखन समय र लिपिकारको नाम भने उल्लेख छैन।

८५. त्रिपुरासारसमुच्चयव्याख्या

विषय संख्याः- वै. क. १८६१	रिल सं. B ३७८/२	लगत सं. ५/७०८३
भाषाः- संस्कृत	लिपिः- नेवारी	पत्र संख्याः- ७५
आकारः- २६.४ x ८.३ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- ने सं ८७९	ग्रन्थकारः- श्रीनागभट्ट	

आदिपाठः

❖ नमः श्रीगणेशाय नमः॥ अथ विश्वम्भरवास्तुशास्त्रात्॥

सत्यलोकाधिपा(!) देव ब्रह्मा वै चतुराननः।

आद्य कृतयुगे(!)स्यादौ निविष्टः कम[ला]सने॥

सृष्ट्वा प्रजापतिः पूर्वं देवान् दैत्याश्च(!) राक्षसान्।

स्वमुखाद् व्राह्मणान् जज्ञ(!) क्षे(!)त्रियान् वाहुतस्तथा॥

उरुद्वयात्ततो जज्ञ(!) वैश्यान् शुद्राश्च(!) पादतः॥

आहूय विश्वकर्माणं व्रह्मा कमलसंभव॥

आगत्य विश्वकर्मा वै नमश्चक्रे स्वयंभुवम्॥

अहमस्यागतो ब्रह्मन् ब्रूहि किं करवाणि ते॥ (fol. 1v1-5)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

अकारादि, अकारादि, क्षकारान्त, आखरया मालन, ओगुर ह्वपा धयागुल स्वयं भुलिङ्गसयं किवहनं हयकि वथ्वगुल तव धाङ, दुवने याजपचानं ह्निनं नियदो लवे खुसरव, थ्वलि प्रमाण, थमं जुयाव चोङ, धकाव, नागभट्टन, थवे शिष्य पूनि(!) हवने, आज्ञा दयकरा ॥ ७७ ॥ ॥(fol. 64v5-8)

पुष्पिकावाक्यः

इति श्रीनागभट्टविरचिते त्रिपुरासारसमुच्चये दशमः पटल, टीका समाप्तः(!) ॥ १० ॥ . ॥ ॥ संवत् ८७९ भाद्रपदशुक्लया दशमी, पूर्वाषाढनक्षत्रे आयुष्मानयोगे,... शुभमस्तु सर्व्वदा कल्याणं ॥ ॥ श्रीइस्वेष्टदेवता प्रीणातु ॥ ॥ ॥ ॥ ॥ शुभं भवतु ॥ (fol. 65r1-5)

ग्रन्थसमीक्षाः

ब्रह्मां र विश्वकर्माको संवादवाट सुरु भएको यस ग्रन्थमा सत्ययुगको सुरुमा ब्रह्माले देव, दानव, दैत्य, राक्षस तथा ब्राह्मणादि चार वर्णको सृष्टि गरेपछि विश्वकर्मालाई वोलाएर स्वर्ग र मर्त्यमा भवन, उद्यान, यन्त्र, दुर्ग आदि निर्माण गर्न आदेश दिएको सन्दर्भ उल्लेख छ। त्यसपछि विश्वकर्माले देवलोक र मर्त्यलोक दुवैमा शिल्पशास्त्रको अभाव छ, मर्त्यलोकमा कार्यकर्ताहरू छैनन्, तसर्थ कसरी कार्यसिद्धि हुन्छ भनी संशय व्यक्त गरेपछि ब्रह्माले चार वर्णका अनुलोम विलोमवाट जन्मेका सन्तानहरूलाई निर्माण कार्यमा लगाउने आदेश दिए। ब्रह्माको आदेशलाई शिरोपर गरी विश्वकर्मा मर्त्यलोक आए। मर्त्यलोकमा आएर विश्वकर्माले देखेका मिश्र वर्ण तथा जातिहरूका उत्पत्तिवारे विस्तृत रूपमा यहाँ लेखिएको छ। सवै वर्ण र जातजातिका साथै विशेष गरी राजा जयस्थिति मल्लद्वारा विभाजित नेवार जातिका ६४ वर्गहरूसँग सम्वन्धित देखिने जातिसँग मिल्ने धेरै जातिका उत्पत्ति र जीविका तथा कर्तव्यवारे यसमा विशेष उल्लेख छ। २० औं पत्रदेखि त्रिपुरासारसमुच्चयको व्याख्या उल्लेख छ। १८ औं पत्रसम्म सिलसिलावद्धरूपमा विषयवस्तुको प्रतिपादन भएको छ भने त्यसपछि २ पत्रहरू फरक प्रकारका छन् र पत्राङ्कन पनि गरिएको छैन। त्यसपछिका पत्रहरूमा ३० पत्रसम्म क्रमवद्ध पत्राङ्कन गरिएको छ र पुन १ देखि ६५ सम्म पत्राङ्कन गरिएको छ। ४१ औं पत्र पछि ४३ औं पत्र उल्लेख गरिएको भए पनि पाठक्रम टुटेको छैन। लेखन समय र लेखकको नाम खुलेको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८६. देहलीद्वारस्थापनविधि

विषय संख्याः- ता. क. ७४७ | रिल सं. A ९७५/१० | लगत सं. १/७३९

भाषाः- संस्कृत, नेवारी | लिपिः- नेवारी | पत्र संख्याः- १३

आकारः- ३४.४ x १०.५ से. मी. | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज

लेखन समयः- ने सं ८११ | राजाः- जितामित्र मल्ल

आदिपाठः

❖ ततो देहलीद्वारस्थापन(!) ॥ पिथिपूजा ॥ विघ्निहरणवल्ल्यार्च्चनादि (!) ॥ पञ्चगव्यसाधन(!) ॥ अर्घपात्रसाधन(!) । भूतशुद्धिः ॥ होता सर्व्वालंकारण(!) ॥ शिवहस्त(!) ॥ ज्ञानखड्गसाधन(!) ॥ मण्डपसोध(!) ॥ शिवशक्तिचलासन(!) ॥ पूर्व्वद्वार(!) ॥ भ्रमण(!) ॥ स्थिरासन(!) ॥ इन्द्रादिकलशार्च्चन(!) ॥ स्थण्डिल्यार्च्चन(!) ॥ वल्या(!)र्च्चनान्तम् ॥ सिद्धाग्निप्रतिष्ठाक्रमेण विधिध्यं यज्ञ याय ॥ चरुसाधन(!) ॥ (fol. 1r1-3, first foliation)

अन्त्यपाठः

मानवा(!) तनुमासृत्य, पालितं तन्नृमण्डलम् ।
अर्च्चितोऽसि मया देव, कृत्वा मण्डलपूर्व्वकम् ॥
मया कृतस्य यज्ञस्य, यथाशक्त्यानुरूपितम् ।
इदमिन्द्राय कलशं, तव भाग्यविशेषतः ॥
सौमानसेन मनसा, गृह्यतां वसुधाधिप ।
पुरस्कारविहीनाय, तत्सर्व्वं क्षम्यतां प्रभो ॥ ॥ (fol. 332r2-4, second foliation)

उपपुष्पिकावाक्यः

थ्वते कर्म्माचार्य्यया देहलीद्वारस्थापनया उनपञ्चास(!) क्षेत्रपालवलिविया विधिः ॥ ॥ सम्वत् ८११ कार्त्तिकशुक्लनवमी थ्वकुहु श्रीश्रीसूमतिजयजितामित्रमल्लदेवसन दयका जुरों(!) ॥ ॥ ॥ शुभ(!) ॥ (fol. 6v8-9, first foliation)

थ्वते सिद्धाग्निकोट्याहुतयज्ञया दिन ॥ ॥(fol. 331r5)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

देहलीद्वारस्थापनविधि उल्लेख भएको यस ग्रन्थको पहिलो र दोस्रो पत्रमा देहलीद्वार स्थापना गर्ने विधिको निर्देश गरिएको छ। यस क्रममा आसनशुद्धि, भूतशुद्धि लगायत क्षेत्रपालपूजा, लोकपालपूजा तथा नवग्रहपूजाको विधिका साथै विविध उपचारहरूद्वारा गरिने देहलीपूजाविधिलाई वीजमन्त्रसहित उल्लेख गरिएको छ। पूजाको समाप्तिपछि आचार्यले क्षेत्रपाललाई वलि दिनुपर्ने कुराको उल्लेख गर्दै त्यसको विधि दोस्रो पत्रको पछिल्लो पृष्ठबाट छैटौं पत्रसम्म लेखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राजा जितामित्र मल्लको राज्याभिषेक भन्दा अघि नृत्येश्वरलक्ष्मीको मन्दिर निर्माण गरी मन्दिरको प्रतिष्ठा सहित कोटिहोम गरिएको विविध सन्दर्भ जनाउने मितिहरू पछिल्ला चार पत्रहरूमा उल्लेख गरिएको छ। यस हस्तलिखित ग्रन्थमा सुरुका छ पत्रसम्म पत्रको पछिल्लो पृष्ठको दायाँ किनारामा क्रमाश १ देखि ६ सम्म पत्राङ्कन गरिएको छ भने वायाँ तर्फ क्रमश १९ देखि २४ सम्म पत्राङ्कन गरिएको छ। त्यसपछिका पत्रहरूको पछिल्लो पृष्ठको दायाँ किनारामा ३२६ देखि पत्राङ्कन सुरु भएको छ। जसमध्ये अघिल्ला तीन पत्रहरूमा यज्ञ तथा मन्दिरसँग सम्वन्धित विविध विषयका विवरणहरू र वाँकि चार पत्रहरूमा जितामित्र मल्लले यज्ञ सम्पन्न गरी राज्याभिषेक ग्रहण गर्दासम्मका तिथिमितिहरू दिइएका छन्। पत्राङ्कनमा क्रमवद्धता नभएको र यज्ञकर्मका सम्पूर्ण पद्धतिहरू पनि उपलब्ध नभएको कारणले यस हस्तलिखित ग्रन्थका केही पत्रहरू हराएको निष्कर्ष निकाल्न सकिन्छ। भाषिक दृष्टिकोणले हेर्दा यस ग्रन्थमा अशुद्धिहरू भेटिन्छन् भने नेवारी भाषाको प्रयोग पनि कतै कतै भएको पाइन्छ। यस ग्रन्थको लिपिकर्ताको परिचय र लेखन समय उल्लेख छैन।

८७. कौमारीप्रासादकलशारोहणप्रतिष्ठा

विषय संख्याः- ता. क. ३७१	रिल सं. A ९३३/२२	लगत सं. १/७४३
भाषाः- संस्कृत, नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- २८
आकारः- २८.५ x १६.० से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज
लेखन समयः- ने सं ८२७	राजाः- भूपतीन्द्र मल्ल	

आदिपाठः

मानवगोत्रयजमानस्य श्रीश्रीजयभूपतीन्द्रमल्लवर्मणः श्रीश्कौमारीदेव्या(!) प्रीत्यर्थं
प्रासादोपरिसुवर्ण्णपटलकलशछत्रसूवर्ण्णपुष्पमालाध्वजावरोहणभैरवाग्नि-
अहोरात्रसहस्राहुतियज्ञशान्तिवल्या(!)र्चण(!) निमित्यर्थम् (fol. 1r1-3)

ॐ नमः श्रीमहागणेशायै(!) नमः ॥ व्राह्मण, आचार्य्य, जोसि, थ्वते सनं स्थिरहारावव याव ॥
मण्डपनपि उत्तर सोय, मजिरेसा पूर्व सोयं तेव ॥ गजुलिछा कुह्रुया, थ्व वेलस याय ॥ (fol. 1v1-3)

अन्त्यपाठः

भास्व(!)भैरवं(!)पंचकं तदनु च, श्रीयोगिनीपञ्चकम्,
चन्द्रार्क्का(!) च मरीचिषट्कममलं मां पातु नित्यं कुज(!) ॥ ॥
वलिविसर्ज्जन संहारमुद्रान ॥ वलि छोय ॥ पूर्वपाट, कुपराछ ॥ दक्षिणपाट, दुथु नाश्वर ॥ पश्चिमपाट, वर्छला ॥ उत्तरपाट, तुरहृङे लंषु ॥ दथुपाट, ध्वाखा यिनाय, गोरजां ॥ वटुक दुमाजु ॥ द्वन्दु देको दुखापिखा ॥ (fol. 27r6-10)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

थ्वते स चयन उत्तरस, तव राजपाठवलिपूजाविधि(!) समाप्ताः(!) ॥ ॥ ॥ ॥ शुभमस्तु सर्व्वदा ॥

श्रीश्रीजयभुपतीन्द्रमल्लदेवसन श्री३कौमारीस्केलु पोललया गजुलि छायता दयका जुलो ॥ सम्वत् ८२७

भाद्रसुदि १३ ॥ ॥ शुभ(!) ॥ (fol. 27r10-v3)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्रमल्लले कौमारी देवीको मन्दिरमा सुवर्ण कलश, स्वर्णमाला तथा ध्वजारोहण गराई भैरवाग्नि-अहोरात्रसहस्राहुतियज्ञ गर्दाको विधि उल्लेख गरिएको प्रस्तुत ग्रन्थमा कौमारीपूजाको विधि अन्तर्गत वलिविधि, सूर्यार्घ्यविधि, अङ्गन्यासविधि, जलपात्रपूजा, आत्मपुजाविधि, प्रत्यङ्गिरा क्षेत्रावलिपीठस्तवहरू उल्लेख गरिएको छ। तान्त्रिक पूजाका क्रममा नाममन्त्रद्वारा पूजाको विधि, मुद्रा तथा सम्वन्धित देवताको गायत्रीका साथै पूज्य देवताहरूको वलिको विधिहरूलाई विशेष रूपमा यस ग्रन्थमा उल्लेख गरिएका छन्। त्यस क्रममा चौषठ्ठी योगिनी वली, अजरभैरव वलिविधि, योगिनी वलि, लोकपालवलिविधि, क्षेत्रपालवलिविधि, सिद्धिलक्ष्मी बलिविधि, शान्ति वलिविधि, वृकोदरक्षेत्रपाल वलि, स्वस्थानक्षेत्रपाल वलि एवं महावलिविधि तथा शिवशक्तिसमरसत्वमहामायास्तोत्र अदि उल्लेख गरिएका छन्। पूजाका सन्दर्भमा चारै दिशालाई प्रमुख मानेर पूजाको क्रम देखाइएको छ। कौमारीको मन्दिरमा गजूर स्थापना गरी प्रतिष्ठा गरिएको विधि उल्लेख छ। नेपाल संवत् ८२७ भाद्र शुक्ल त्रयोदशीका दिन यो ग्रन्थ लेखिएको कुरा ग्रन्थको अन्त्यवाट स्पष्ट हुन्छ।

विच-विचमा कुटाक्षरी मन्त्रहरूको प्रयोग एवं आदि र अन्त्यका साथै विच-विचमा विधिनिर्देशका प्रसङ्गमा पनि नेवारी भाषाको प्रयोग छ। भाषा प्रायः शुद्ध छ। उनन्तीसौं पत्रमा यज्ञमण्डपको संरचना झल्कने चित्रहरू छन्। ऐतिहासिक दृष्टिले समेत यो ग्रन्थ महत्त्वपूर्ण देखिन्छ।

८८. देवस्थापनविधि

विषय संख्याः- ता. क. ७२७ | रिल सं. B १८८/५ | लगत सं. १/१६९६/२१९४

भाषाः- संस्कृत, नेवारी | लिपिः- नेवारी | आकारः- २६.० x ८.० से.

मी. ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज | लेखन समयः-ने सं ७९७

लेखकः-श्री विष्णुधर

आदिपाठः

/// ध्यानः ॥

ॐ सहस्राक्षो गजारूढो, वज्रहस्तोच्चवाहुकः

हेमाभः(!) सकिरीटश्च देवराजः सुरावृतः ॥

ध्यानपुष्पन्नमः ॥ वेदः ॥ ॐ त्रातारमिन्द्र(!) ॥ स्तोत्र(!) ॥

ॐ इन्द्रस्तु महता दीप्तः सहस्राक्षो गजासनः।

वज्रहस्तो महाकाय, नमस्ते पूर्व्वदिग्पते ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

शन्नोऽस्तु द्विपदे नित्यं, शन्नोऽस्तु चतुःष्पदे (!)।

शन्नोऽस्तु सर्वलोकानां शन्नो राज्ञां तथैव च

यजमानः सभृत्योऽयं पशुपुत्रसवान्धवः।

रक्षन्तु सर्व्वलोकानां देशश्चायं नमोस्तु ते ॥

यावन्तु तप्यते सूर्य्यो ध्वजेषु वरवर्णि-

उपपुष्पिकावाक्यः

इति श्रीवैष्णवमते विष्णुस्थापनसुवर्ण्णकलशध्वजारोहणदिनयज्ञविधानं समाप्तं॥ शुभः॥ ॥...]

सम्वत् ७९७ चैत्रकृष्णप्रतिपदा, आदित्यवाल ऋषितं श्रीविष्णुधरन॥ ॥ नित्यार्चन नित्यदिपान्नं ददेत्॥

चतुर्थीकोह्न पूजा जोको याङव, सकलतांको काय होम यायं मूमाल जुरो॥

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस देवस्थापन विधिमा विशेष रूपमा वैष्णवमत अनुसार विष्णुप्रतिमास्थापन तथा ध्वजारोहणका साथै त्यस क्रममा गरिने यज्ञको विधि समेत उल्लेख गरिएको छ। यो ग्रन्थ नेपाल संवत् ७९७ चैत्र कृष्ण प्रतिपदा आइतवारका दिन श्रीविष्णुधरले लेखेको भन्ने जानकारी ग्रन्थको अवलोकनवाट थाहा हुन्छ। विष्णुप्रतिमा स्थापनको विधि समाप्ति पछि ग्रन्थलेखन समय र लेखकको नाम उल्लेख गरिए पनि गजुरस्थापन विधि एवं चुलिकारोहण विधि उल्लेख पश्चात् भने कुनै तिथि मिति उल्लेख गरिएको छैन। यी विधिहरू पनि मूल विषयसँग नै सम्वन्धित् छन्।

यस ग्रन्थमा विशेष रूपमा यज्ञमण्डपको पूजाविधि अन्तर्गत इन्द्रकलश, अग्निकलश, यमकलश, नैऋत्यकलश, वरुणकलश, वायव्यकलश, कुवेरकलश, ईशानकलश, अधःकलश, ऊर्ध्वकलश, गणपतिकलश, गुरुकलश, योगिनीकलश, क्षेत्रपालकलश, शिवशक्तिकलश तथा नाग, यक्ष, लक्ष्मी लगायतका पूजाविधिहरू प्रस्तुत गरिएको छ। यसैगरी मृत्युञ्जय, सूर्य आदि देवताहरूको पूजा पनि कलशमा गर्ने क्रम र विधि लेखिएको छ। यज्ञमण्डपमा अग्निवेदीको पूजा एवं हवनको विधि उल्लेख गरिएको छ। यज्ञको विशेष कर्म अन्तर्गत अष्टकलश र गजुर स्थापना गरी विशेष पूजा गर्ने विधि उल्लेख छ। विश्वकर्माको पूजा विधि पनि लेखिएको छ। देवप्रतिमामा गरिने प्राणप्रतिष्ठाको विधिलाई क्रमवद्ध रूपमा देखाइएको छ। मन्दिरमा ध्वजारोहण गर्ने विधि तथा देवस्थापना गर्ने विधि उल्लेख गरिएको छ। देवस्थापन पछि गरिने प्रधानदेवता लगायतका अन्य देवताहरूलाई गरिने हवनका विधिहरू पनि उल्लेख गरिएको छ।

देवस्थापनविधिको समाप्ति पछि पनि पुनः गजुरस्थापन र चूलिका अर्पण विधिं लेखिए पनि एउटै हस्ताक्षरको प्रयोग भएको छ। पछिल्लो खण्डमा गजुरस्थापनाको विशेष विधि उल्लेख गरिएको छ। त्यसैगरी ध्वजावन्धन विधि, विश्वकर्मा पूजा तथा विष्णुप्रासादमा गरिने सुवर्णकलशध्वजावरोहण एवं प्रतिष्ठा विधि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्णित छ। चुलिकारोहण विधि अपूर्ण मात्र प्राप्त छ। अन्त्यमा ठ्यासफुका थोरै पत्रहरू च्यातिन गई सुरुको पाठ पनि ध्यानविधिबाट मात्र प्राप्त छ भने अन्त्यमा पनि चूलिकारोहण विधि अपूर्ण हुन गएको छ।

ठाउँ ठाउँमा नेवारी भाषाको प्रयोग गरिएको छ। ग्रन्थमा भाषागत त्रुटिहरू भेटिन्छन्। यस ग्रन्थको अध्ययनवाट देवप्रतिष्ठा गर्दा अपनाउनुपर्ने शास्त्रसम्मत विधि एवं मल्लकालीन समयमा पनि वैष्णव धर्मको परम्परा प्रचलित थियो भन्ने तथ्यको ज्ञान हुन्छ।

८९. देवादिप्रतिष्ठाविधि

विषय संख्याः- ता. क. ७२८	रिल सं. B १८८/७	लगत सं. १/१६९६/१८०
भाषाः- संस्कृत	लिपिः- नेवारी	आकारः- २२.० x १०.० से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज	लेखन समयः- ने सं ८१४
लेखकः- देवराम		

आदिपाठः

❖ ॐ नमोः महाभैरवाय २॥ अथ नानादेवप्रतिष्ठाः॥ ततो आचार्यांनि (!), मन्त्रेण, मण्डलादिं(!) कारयेत्॥
॥ †गणजाशोदि† ॥ अग्निकुण्डपादविधानञ्च॥ पूर्व्वस्मिन्दिवसे॥

अन्त्यपाठः

यावत् दा(!)कासगंगा च, मेद(!)निसप्तसागरा।
यावत् चन्द्रसूर्य्यस्य, तावन्तु स्थिरो भव॥ ॥[१२]
प्रतिथा(!)॥ पूर्णार्याय॥ ॐ प्रतिष्ठितोऽसि जत्पुन्यं(!), त्यादि(!)॥
जत्पून्यं(!) सर्व्वमैश्वर्यं, स्थातव्यं भैरवेश्वरम्।
निर्व्विघ्न इह कर्म्माणि, राजाराष्ट्रशुभोदयम्॥
यजमानानि सर्व्वेषु शान्तिपुष्टि(!) करोतु मे॥ ❁ ॥

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

विभिन्न देवताहरूको प्रतिष्ठा विधि उल्लेख गरिएको यस ग्रन्थम देवप्रतिष्ठा कर्म गर्नु अघि यजमानले गर्नुपर्ने नित्यकर्म, पूर्वदिन कृत्य लगायतका कर्महरूको दिग्दर्शन गर्दै आफ्नो शरीर देवमय वनाएर प्रतिष्ठादि कर्महरूमा प्रवृत्त हुनुपर्ने कुरा निर्देशन गरिएको छ। यसै गरी यसमा पञ्चगव्यशोधन विधिको क्रम चक्रसहित उल्लेख गरिएको छ। हरेक दिशामा कलश स्थापना गरी सोही कलशमा क्षेत्रपालहरूको समेत पूजा गर्ने क्रम उल्लेख गरिएको छ। हरेक द्वारको पूजाविधि, शिवशक्ति भ्रमण विधि,

[१२] न्यूनमात्रा भएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्घपात्र पूजा, सूर्यार्घ्य विधि, अष्टादशसंस्कार, कुण्डशोधनविधि, कलशपूजा विधिमा दश दिशाका कलश पूजाविधि, गणकलश पूजाविधि, क्षेत्रकलश पूजाविधि, अस्त्रकलश पूजाविधि, वर्द्धनीकलशपूजाविधि, मृत्युञ्जयकलशपूजाविधि, नागकुण्डपूजाविधि, लक्ष्मीको पूजा, वेदीपुजा, मूल कलश पूजा, अग्निसंस्कार (दश कर्म) , प्रतिष्ठा गर्ने देवताको दशकर्म विधि, वलिविधि, दशवलिविसर्जन विधि, हवनको विधिहरू क्रमशः उल्लेख गरिएका छन्। भैरवाग्निमत अनुसारको यज्ञविधि उल्लेख गरिएको कुरा लेखिएको छ। त्यसैगरी कौमारी पूजाको विधिका साथै चौथो दिनमा गर्नुपर्ने कर्तव्यहरू प्रस्तुत गरिएको छ।

प्रस्तुत ग्रन्थमा कुनै खास देवताको प्रतिष्ठा विधि वा अनेक देवताहरूको पृथक्-पृथक् प्रतिष्ठा विधिहरू उल्लेख नगरी जुनसुकै देवताहरूको पनि प्रतिष्ठा गर्न मिल्ने खालको विधि उल्लेख गरिएको छ। *'इति भैरवाग्निमते मन्त्रोक्तविधानेन सुवर्णकलशध्वजावरोहणनानादेप्रतिष्ठाव्रतोद्यापन-अहोरात्रयज्ञविधिः समाप्तः'* भन्ने ग्रन्थको वाक्यवाट उक्त कुरा स्पष्ट हुन्छ।

प्रस्तुत ग्रन्थ ने. सं. ८१४ आश्विन शुक्ल पूर्णिमामा लेखिएको कुरा ग्रन्थमा उल्लेख गरिएको छ। यस ग्रन्थका लिपिकर्ता देवराम हुन् भन्ने तथ्यको जानकारी पनि प्राप्त गर्न सकिन्छ।

प्रस्तुत ग्रन्थमा लेखन समयको उल्लेख पश्चात् पनि स्वस्तिवाक्य, आशीर्वादपाठ, राजाको प्रशस्तिहरू उल्लेख गरिएका छन्। कुनै पनि राजाले गर्न सक्ने गरी राजाको प्रशस्तिपूर्वक अमुक गोत्र भनी सङ्कल्प वाक्य लेखिएको छ। प्रतिष्ठा गर्दाको विधिका क्रममा जागरणका क्रममा गरिनुपर्ने कृत्य ध्वजारोहण विधिहरू पनि उल्लेख गरिएको छ। अन्त्यमा *'स्थातव्यं भैरवेश्वरम्'* र सुरुमा *'स्वदेहं भैरवात्मकं ध्यात्वा'* भनिएकाले भैरवको मूर्ति प्रतिष्ठा गर्ने विधि जस्तो लागे पनि मध्यमा जुनसुकै देवताहरूको पनि प्रतिष्ठा गर्न मिल्ने खालका सङ्कल्प वाक्यहरूको प्रयोग गरिएका छन्।

ग्रन्थमा नेवारी भाषाको प्रयोग र कुटाक्षरी मन्त्रहरूको प्रयोग पनि कतै कतै गरिएका छन्। भाषागत त्रुटिहरू प्रशस्तै भेटिन्छन्।

९०. विष्णुप्रतिष्ठावास्तुपूजा

विषय संख्याः- वै. क. १९२२	रिल सं. A ४५५/३८	लगत सं. ५९८२
भाषाः- संस्कृत	लिपिः- नेवारी	आकारः- २२.५ x ८.९ से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- ठयासफु	

आदिपाठः

❖ ॐ नमो भगवते वासुदेवाय॥ ॥ देवस्थापनभूमौ एकमासद्धिमासाग्रे वा गोकृष्टनम्॥ प्रथमं विधिवत् कलशार्चनम्। यथा कर्म्मसमये वृषमानीय स्वस्तिकासने संस्थाप्य निर्म्मच्छनादिवलिम्॥ ... विष्णुस्थापनहेत्वर्थमतः पाहि सनातन(!)॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्त्यपाठः

सर्वेषां कांचनं दक्षिणा(!) व्राह्मणस्तु पयस्विनी गौः ततः गन्धादिसहितं वलिमादाय ॥ ॐ सर्व्वभूतेभ्यो ॥१॥ ... इत्यादिक्रमेण वलिं दद्यात् ॥ ॥ ततो यजमान सर्व्वो(!)षधिस्नानं कृत्वा आगतव्राह्मणान् परितोष्य दक्षिणाच्छिद्रावधारणं कुर्यात् ।

पुष्पिकावाक्यः

इति वास्तुपूजाविधि(!) समाप्तः ॥ खंपोयमत जुरो ॥ ॥ शुभं ॥

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यस विष्णुप्रतिष्ठा वास्तुपूजाको आरम्भमा यवरोपणविधि उल्लेख छ। मूर्तिस्थापनाको सङ्कल्प सहित भूमिशोधन तथा वास्तुपूजाविधि दर्शाइएको छ। एकाशीति पद निर्माण तथा पूजाविधि सहित भूमिखनन गर्ने क्रममा मासपूजन, दिक्पालपूजन, राशिपूजन, पञ्चतत्त्वपूजन तथा वास्तुदोष नाशको लागि व्रह्मादि देवताहरू लाई वलि दिने विधि उल्लेख छ। त्यसैगरी आयुधपूजा, विश्वकर्मापूजा तथा प्रार्थना सहित विधिपूर्वक भूमिखनन गरी घ्यू एवं महद्वारा लेपन गरी प्रतिष्ठा गर्नुपर्ने कुरा उल्लेख गरिएको छ। प्रस्तुत भूमिखनन विधि प्रतिष्ठासारसंग्रहवाट उद्धृत गरिएको कुरा निम्न लिखित उपपुष्पिकावाक्यवाट स्पष्ट हुन्छ।

इति विष्णुमते प्रतिष्ठासारसंग्रहे भूमिखननाविधि(!) समाप्तः ॥

यसैगरी पादस्थापन विधि अन्तर्गत निधिकुम्भस्थापनविधि, विष्णुपार्षदपूजाविधि, मन्दिरमा मूर्तिस्थापनविधि, दिक्पालपूजा तथा हवनविधि देखाइएको छ।

प्रतिमाका लागि वृक्षको लक्षण र वर्ण अनुसार पृथक् पृथक् शिलाको वर्णलक्षण एवं ग्रहणविधि वर्णन गरिएको छ। प्रसङ्गवश व्राह्मणादिवर्णको लागि पृथक् पृथक् भूमिलक्षण, भूमिमा प्राप्त हुने विविध वस्तु अनुसार शुभाशुभ लक्षण, भूमिको गन्ध अनुसार पृथक् पृथक् फल, षड्रस अनुसारका फरक फरक जीव वा जीवका अवशेष अनुसारका फरक फरक फल उल्लेख गरिएको छ। पूर्वादि दिशावाट क्रमश मेषादि राशिहरूको विन्यास गरी दिशा अनुसारका वास्तुलाई वलि दिने विधि वर्णित छ। एकाशीतिकोष्ठवास्तुको लक्षण तथा भूमिखननका क्रममा पर्ने शुभाशुभ फल, नेत्रज्ञानार्णवमहातन्त्रका आधारमा भूमिशोधन तथा वास्तुस्थापनविधि उद्धृत गरिएको छ। यसै गरी शुद्धिविवेकका आधारमा गरिने भूमिशोधनको विधि पनि देखाइएको छ।

यसै क्रममा सिजलपूजाविधि, जन्मदिनकृत्य पूजाविधि, लोकपालपूजा, अष्टचिरञ्जीवीपूजा आदि विधिहरू *ग्रहस्वानतन्त्रका* आधारमा देखाइएको छ। वास्तुपूजाविधिको प्रयोगमा पूजाविधि एवं वास्तुवलिविधि उल्लेख गरिएको छ। पुष्पिकावाक्य पश्चात् नाममन्त्रद्वारा वास्तुपूजा गर्ने क्रम तथा चतुषष्ठीपदवास्तुचक्र, एकाशीतिपद वास्तुचक्र आदिका चित्रहरू छन्। नेवारी भाषाको समेत प्रयोग भएको यस ग्रन्थमा भाषिक अशुद्धिहरू भेटिन्छन्। अन्त्यमा विघ्न निवारणका लागि सर्वत्र दिशामा स्थापित देवी देवताहरूलाई नमस्कार स्वरूप मङ्गलाचरण गरिएको छ। ग्रन्थको लेखक र लेखन समय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९१. जीवन्यासविधि

विषय संख्याः- ता. क. परि. १०५ रिल सं. A १२३०/१ लगत सं. १/१६९६/१२६४

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी आकारः- २२.५ x ७.४ से.

मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः-ठ्यासफु

आदिपाठः

ॐ नमश्चण्डिकायै ॥ अथ जीवन्यास वियविधि लिष्यते ॥ थाय थाया द्वान मालको उपरत विय ॥ ऐं ५ अँ आँ इं ईं उ ऊं ॠं ॠं ... श्रीब्रह्मायणीदेवी विर्च-अम्वापादुकां ॥ ॥

अन्त्यपाठः

देवीयाथें घटस जीवन्यास याय ॥ पंसूलिका ॥ देया अलंकाल समस्तं घटस त ॥ न्यासादिवलि विसर्ज्जनं ॥ ॥ थ्वनलि घट सोङाव, विधित्थें पूजा ॥ पशुजाग ॥ ७ ॥ तर्पन ॥

पुष्पिकावाक्यः

इति जीवन्यासदि कायविधिः समाप्त ॥ शुभ ॥ ❀ ॥ ❀ ॥

ग्रन्थसमीक्षाः

ठाउँ ठाउँमा कुटाक्षरी मन्त्र, वीजमन्त्र र नेवारी भाषाको समेत प्रयोग भएको यस ग्रन्थमा तान्त्रिक विधि अनुसार गरिने प्राणप्रतिष्ठाविधि उल्लेख गरिएको छ। यसै गरी यसमा भूमिशोधन विधि, वास्तुविधि उल्लेख गरी अर्को प्रकरणमा पुनः जीवन्यास विधि भनी उल्लेख गरिएको छ। लेखक र लेखन समय उल्लेख छैन। भाषागत त्रुटिहरू पाइन्छन्। ग्रन्थ कीराले खाएको अवस्थामा छ।

९२. वास्तुयागविधि

विषय संख्याः- ता. क. परि. ४३० रिल सं. A १२४८/१५ लगत सं. ५/९८४

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी आकारः- २५.० x ११.२ से.

मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः-ठ्यासफु लेखन समयः- ने स ७१९

लेखकः- जयन्तराज शर्मा

आदिपाठः

❖ ॐ नमो भगवते वासुदेवाय ॥ नकसं, भूमिशोधन याये ॥ यथा विधिन वलिपूजान जुरों ॥ आचात फास्यं ॥ भूंखनरपे ॥ चापालक्षण सोय ॥ तोपुचा ब्राह्मनजाति ॥

अन्त्यपाठः

कलशप्रतिष्ठा ॥ संज्ञाहुतिः ॥ ब्राह्मणपुजा ॥ शान्तिक, पुष्टिक ॥ कुशण्डिविधिथ्यं धुंनके ॥ सर्व्वविसर्ज्जनं ॥ गण, गुरु, कलश, पूजा छोय ॥ इन्द्रकलश ह्लालवने ॥ ७ ॥ दिग्द्वार आदीन, मण्डपप्यस्यं काय ॥ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुष्पिकावाक्यः

इति विष्णुमतलक्षहुतिविधिः समाप्तः ॥]] श्रेयोऽस्तु ॥ सम्वत् ७१९ वैशाख शुक्लद्वितीयायां, रोहिणीनक्षत्रे, वृहस्पतिदिने ॥ विप्र श्रीजयन्तराजदेवशर्म्मणा ॥ लिखितमिति ॥ श्री३जगन्नाथप्रतिष्ठाध्व विधौ ननयाङग जुरो ॥

ग्रन्थसमीक्षाः

वृहद् आकारको ठ्यासफुमा लेखिएको यस वास्तुयागविधिमा ग्रन्थको सुरुमा जगन्नाथ प्रतिष्ठा वास्तुयाग विधि, वैष्णवमते लक्षाहुति भनी लेखिएको छ। यस ग्रन्थमा दिक्पालको पूजा गर्ने मन्त्रको सङ्केत सहितको चक्र र द्रव्यहरू समेत उल्लेख गरिएका छन्। यसै गरी पुष्करिणीको रङ्गिन वास्तुचक्र, वास्तुपुरुषको रङ्गिन चित्र, चतुषष्ठीपद वास्तुचक्र आदि कोरिएका छन्। मण्डपवास्तुपूजा विधि विस्तृतरूपमा उल्लेख गरिएको छ। यस क्रमको आरम्भमा विश्वकर्मापूजा विधि छ। यसै गरी पादस्थापन विधि, अग्निकुण्ड पादस्थापनविधि, निर्मत्सनविधि, कीलकविधि, अधिवासनविधि, विष्णुलक्षाहुति विधि क्रमशः उल्लेख गरिएका छन्। हवनका क्रममा छुट्टाछुट्टै प्रकरणमा पञ्चगव्यसाधनविधि, भूमिशोधन विधि , दशद्वारपूजा विधि लगायतका विधिहरू छन्।

ठ्यासफुको पछिल्लो भागमा शतपद वास्तु चक्र र एकाशीतिपद वास्तुचक्र सहित अग्निसंस्कार, दशकर्म विधि, न्यासविधि, कूर्मशिला स्थापनविधि, प्रतिष्ठाका क्रममा द्वादशदिन पर्यन्त गरिने कार्यविधि उल्लेख छ। वैष्णवमत अनुसारको लक्षहोम विधि भनी अन्त्यमा उल्लेख गरिएको छ।

नेपाल संवत् ७१८ वैशाख शुक्ल द्वितीया विहिवारका दिन श्री जयन्तराज शर्माले यो जगन्नाथ प्रतिष्ठा विधि लेखेको कुरा अन्त्यमा उल्लेख गरिएको छ।



त्यस्तै यस ग्रन्थमा वास्तुसंवद्ध विभिन्न आकर्षक रङ्गीन चित्रहरू सहित कालोत्तर महातन्त्रको वास्तुमण्डल पनि उल्लेख गरिएको छ। यसमा विष्णु, शिव, लक्ष्मी, रुद्र, सरस्वति, दुर्गा, गणेश, यक्ष, मातृका लगायतका देव देवता तथा देवयोनी विशेषका प्रतिमा स्थापन गर्दा गरिने जलाधिवास लगायतका विधिहरू उल्लेख गरिएका छन्।

नेवारी भाषाको पनि प्रयोग भएको यस ग्रन्थमा सामान्य भाषिक त्रुटिहरू पनि भेटिन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९३. वास्तुयागार्चनभूमिशोधनविधि

विषय संख्याः- ता. क. १२२५ रिल सं. A २४७/३० लगत सं. १/७५५

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्र संख्याः- ५०

आकारः- २८.० x १५.० से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- कागज

राजाः- भूपतीन्द्र मल्ल

आदिपाठः

वास्तुयागक्रम(!) ॥ कलसा(!)र्च्चनम् ॥ अथ वल्या(!)र्चनम् ॥ ॥ यजमापुष्पभाजनम् ॥ अद्यादि ॥ वाक्य ॥ मानवगोत्रज(!)जमानस्य, श्रीश्रीजयभूपतीन्द्रमल्लवर्म्मण(!) श्री३ः(!)स्वेष्टदेवताप्रीत्यर्थं, पाखान(!)निर्म्मितप्राशा(!)दस्थापनवास्तुयागकलशार्चनवल्या(!)र्चनपुजानिमित्यर्थं पुष्पभाजनं समर्प्पयामि ॥ ॥ (fol. 1v1-4)

अन्त्यपाठः

यान्तु देवगणा(!) सर्व्वे पूजामादाय पार्थिवम् ।
इष्टकामप्रसिद्ध्यर्थं पुनरागमनाय च ॥
खोस चुयकल छोय ॥ कलश चेगोड, थ्व भुंस लुस्यं ताथ्य ॥ प्रदक्षिणा याङाव छ वने ॥ थ्व भुंस, अपवित्रण(!), न्याचके मतेव ॥ ॥ थ्वनंलि, मूमार .. .. ..यके ॥ (fol. 49v10-13)

पुष्पिकावाक्यः

इति वास्तुयागार्चनभूमिसो(!)धनविधिः समाप्तः ॥ ॥ शुभम् ॥ (fol. 49v11-12)

ग्रन्थसमीक्षाः

राजा भूपतीन्द्र मल्लले आफ्नो इष्टदेवतालाई प्रसन्न तुल्याउनको लागि पाषाण निर्मित मन्दिर स्थापना गरी वास्तुयज्ञ गर्ने सन्दर्भको यस विधिमा अन्य तान्त्रिक कर्मकाण्डहरूमा जस्तै विधिहरू उल्लेख गरिएका छन् । यसमा आत्मपूजा, सूर्य्यार्घ्य, मालिनीदण्डकस्तोत्र, गणेशपूजा, गोग्रासपूजा, कौमारीपूजा, मुद्राविधि, वलिविधि,भित्री-वाहिरी पूजाविधि, षडङ्गवलि, महावलि, मूलपातवलिपूजा लगायतका विधिहरू उल्लेख गरिएका छन् । वास्तुयज्ञ गर्नका लागि भूमिशोधन निमित्त गरिएको पूजा विधि भन्ने कुरा ग्रन्थको आदिवाक्य र पुष्पिका वाक्यवाट थाहा हुन्छ । ५० औं पत्रमा चतुषष्ठीपद वास्तुचक्र वनाइएको छ । पदस्थित देवताहरूको नाम पनि उल्लेख गरिएको छ ।

आदि र अन्त्यका साथै मध्य भागमा पनि कतै कतै नेवारी भाषाको प्रयोग गरिएको छ । कुटाक्षरी मन्त्रको प्रयोग पनि भेटिन्छन् भने भाषागत त्रुटिहरू पनि प्रशस्तै छन् । लेखक र लेखनकाल उल्लेख छैन । ग्रन्थका अधिकांश पत्रहरू ढुसीको संक्रमणले गर्दा विग्रने अवस्थामा पुगेका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९४. नवग्रहयागविधिः

विषय संख्याः- ता. क. परि. १७३ रिल सं. A १२२३/१३ लगत सं. १/६०९

भाषाः- संस्कृत, नेवारी लिपिः- नेवारी पत्र संख्याः- ६

आकारः- ५०.३ x २०.१ से. मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः-कागज

आदिपाठः

]] नाग्रयातं विज्याहुति ॥ ॥ ह्राँ ह्रीँ ह्रूँ सूर्य्याय स्वाहा ॥ स्तोत्र(!) ॥ स्वानवा ॥ अरकपात(!) ॥

रक्तवर्ण्णमहातेज, रक्तपद्मसूधारनी(!) ।

सप्तासो(!)रथमारूढं ग्रहराजं नमाम्यहम् ॥ ॥

सोमस्तं ॥ भोयुमल ॥ राहासि ॥ ॐ प्राँ प्रीँ प्रूँ सोमाय स्वाहा ॥

अमृतासु (!)महातेजं, पुण्डरीककराधरम् ।

हंसासनस्थितं देवं, नमामि मृतनन्दन(!) ॥ ॥ (fol. 1r1-3)

अन्त्यपाठः

कुम्भदयकलसा ॥ तेकोजनस्तं विय ॥ ॥ त्रिवरुदयके ॥ तर्प्पण३ ॥ समयभोज्य ॥ जयन्ति काकरं कान्तं ॥ दक्षिणा ॥ अभिषेक ॥ सग्वण एकानेकस्वानका कायाव विय, ॥ आशीर्व्वाद ॥ ॥ कुमारीविसर्ज्जन ॥ थास छोय ॥ साक्षि थाय ॥ ॥ (fol. 6v2-4)

पुष्पिकावाक्यः x

ग्रन्थ समीक्षाः

वास्तुपूजाकै एक अवयव नवग्रहयागविधि उल्लेख गरिएको यस ग्रन्थमा ग्रहको स्वरूप दिग्दर्शन गर्ने सन्दर्भको स्तोत्र, गण, योगिनी भैरव आदि देवताको पूजा र हवन गर्ने विधिको निर्देश गरिएको छ। यसै गरी वलिविधि, अष्टचिरञ्जीवीको पूजा र वलिप्रदान गर्ने मन्त्र, आचार्य पूजा विधि, हवनीय सामग्रीहरू र हवन विधिको निर्देश गरिएको छ। कुमारी पूजाविधि र कुमारी विसर्जन विधि उल्लेख छ।

कतै कतै नेवारी भाषामा विधि निर्देश गरिएको छ। भाषागत अशुद्धि भेटिन्छन्। पत्राङ्कन पछि फरक हस्ताक्षरले गरिएको छ भने बायाँ तर्फ तलपट्टिको छेउमा ग्रन्थ खण्डित भएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९५. देवालयगृहनिर्माणविधि

विषय संख्याः- वै. क. १०४७ रिल सं. B ३६५/६ लगत सं. ४/३३४

भाषाः- नेवारी लिपिः- नेवारी आकारः- ४०.० x ७.४ से.

मी. ग्रन्थावस्थाः- सामान्य लेख्य सामग्रीः- ठ्यासफु

आदिपाठः

/// ॥ ६ ॥

सव संसार रक्षतानि, संग्राम जय मङ्गला,

राजमाने प्रजा नृत्यं भवति नमस्तुते ॥ ७ ॥

नवदुर्ग्गेंन ररक्ष सृष्टिसंहारदायीनी,

संस्यति चपलतानी, दुर्ग्गादिवि नमस्तुते ॥८ ॥

राजगुणे तमगुणे महागुणे वरप्रदं,

विद्यासिद्धि महादेवैः सरस्वती नमस्तुते ॥९ ॥

अध्यां विघ्निहन्त देव, अरनेक्ष मेवच,

धनराभ क्षमसे, घभां मराने नमस्तुते ॥१० ॥[१३]

अन्त्यपाठः

झ्याल स्वतु, दथु तव्या खु ६ ॥ जो३ चोत व्या स्वतु ३ जो २ x ॥ त्रिवाखालया लक्षण ॥ तुङोय जिमखुतु १६ ॥ वछि दुख्य, जितु १० ॥ फिगुतु ९॥ यकरिफात जिमपि १४ ॥ लक वोछि १ ॥ तङा क्षगुतुत्या ९x ॥ फिखसि ष्यतु ६॥ फिगुतु ९॥ गरास खुतु ६॥ गुतिनि ३ फिनितुत्या x गलंथाम ङातु ५॥ ख्यरागलास पितु ४ ॥ ह्वस तुफि ७ ॥ म्येथपति, पितु ४ ॥ ख्यगुतु फोल९॥ पात-



पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

ठ्यासफुमा लेखिएको यो ग्रन्थ वास्तुशास्त्रीहरूको लागि अत्यन्त महत्त्वपूर्ण र उपयोगी रहेको छ। विभिन्न देवताहरूको स्तुति र विश्वकर्मास्तोत्रबाट सुरु भएको यस ग्रन्थमा देवल, गृह र चैत्य निर्माणसँग सम्वन्धित तथ्यहरू सचित्र वर्णन गरिएको छ। देवलको लक्षण र निर्माणमा प्रयोग हुने थामको लक्षण समेत यस ग्रन्थमा वताइएको छ। त्यसैगरी देवलको द्वारको चित्र, पञ्च देवलका झ्यालको चित्र,

[१३] जस्ताको त्यस्तै उतारिएका यी श्लोकहरूमा प्रशस्त अशुद्धिहरू छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आंखीझ्यालको लक्षण र चित्र आदिका साथै देवलको विभिन्न खण्डहरूको परिमाण गणना गरिएको छ। त्यस्तै ढोका, खापा, चुकुल, भऱ्याङ, तखता, खापा, ताल्चा, कुचो लगायतका वस्तुहरूको व्याख्या गरिएको छ। गृहका विभिन्न अङ्गमा रहने देवताहरूको संज्ञा, इनार र पोखरी निर्माणमा महिना अनुसारको फल र नागवास्तुको चित्र पनि दिइएको छ। चैत्यको निर्माण प्रक्रिया सचित्र वर्णन गरिनुका साथै अग्निकुण्डको चित्र पनि यसमा कोरिएको छ। यस ग्रन्थमा देवल, गृह र चैत्य निर्माणसँग सम्वन्धित जम्मा १६ ओटा चित्रहरू आकर्षक ढङ्गले कोरिएका छन्। यो ग्रन्थको सुरुमा संस्कृत भाषाको प्रयोग गरिएको भए पनि त्यसपछिका पाठहरूमा भने सम्पूर्ण रूपमा नेवारी भाषाको प्रयोग गरिएको छ र लिपि पनि नेवारी नै प्रयोग भएको छ। ने सं ८०३ मा लेखिएको यस ग्रन्थको सूरु र अन्त्यको भाग प्राप्त छैन साथै लेखकको नाम पनि उल्लेख छैन।



९६. वास्तुचक्र

विषय संख्याः- वै. क. १८५०	रिल सं. B ४५८/१९	लगत सं. १/६३०
भाषाः- संस्कृत	लिपिः- देवनागरी	पत्र संख्याः- १
आकारः- २१.० x १०.२ से. मी.	ग्रन्थावस्थाः- जीर्ण	लेख्य सामग्रीः- कागज

ग्रन्थसमीक्षाः

यो वास्तुचक्र एकाशीतिपद भएको गृहोपयोगी वास्तुचक्र हो। एउटा मात्र पत्रमा एकापट्टि एकाशीतिपदयुक्त वास्तु चक्र र प्रत्येक कोठामा वास्तुपुरुषाङ्गका रूपमा रहेका देवताहरूको नाम, वर्ण र मन्त्रको संकेत गरिएको छ। साथै तत् तत् स्थानमा वास्तुपुरुषको अङ्गको नाम उल्लेख गरिएको छ भने चक्र स्थापनामा भ्रम सिर्जना नहोस् भन्नाका लागि दिशा तथा विदिशाको स्पष्ट उल्लेख गरिएको छ। पत्रको अर्कोपट्टि वास्तुपूजा पछि हवन गर्नाका लागि देवता अनुसार पृथक् पृथक् प्रयोग हुने मन्त्रको संकेत सूचिकृत् गरिएको छ। यसरी हेर्दा एउटै पत्रमा भएर पनि वास्तुचक्र स्थापना, पूजन र हवन प्रक्रियाको लागि अत्यन्त उपयोगी छ। यस ग्रन्थको अवस्था जीर्ण छ भने लेखक र लेखनसमय उल्लेख छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

९७. वास्तुचक्र

विषय संख्याः- वै. क. ष. ४१४ | रिल सं. | लगत सं. ६/३७०२
भाषाः- संस्कृत | लिपिः- देवनागरी | आकारः- २३.७ x २३.२
ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- ठ्यासफु

ग्रन्थसमीक्षाः

एउटै पत्रमा भएको ६४ पद वास्तुचक्रमा दिङ्निर्देश गरी अङ्क सहित प्रत्येक पदस्थित देवताहरूको नाम उल्लेख गरिएको छ। वास्तुचक्र बिचको भागवाट छुट्टिएर जीर्ण स्वरूपको हुन गएको छ। यो देवालय वास्तुको चक्र हो। यो ग्रन्थको माइक्रोफिल्म खिचिएको छैन।

९८. वास्तुचक्र

विषय संख्याः- वै. क. ष. ३६९ | रिल सं. | लगत सं. ६/४२०९
भाषाः- संस्कृत | लिपिः- देवनागरी | पत्र संख्याः-१
आकारः- | ग्रन्थावस्थाः- सामान्य | लेख्य सामग्रीः- कागज

ग्रन्थसमीक्षाः

देवप्रासाद वा मन्दिरको लागि उपयोगी हुने यस चतुष्षष्ठिपद वास्तुचक्रम चक्रको वाह्यभागमा संख्याक्रम क्रम्वद्ध रूपमा देखाइएको छैन। प्रत्येक कोष्ठक एवं वाह्यभागमा अवस्थित देवताहरूको नाम र तत्सम्वन्धी वैदिक मन्त्रको आरम्भ सङ्केत गरिएको छ। पत्र जीर्ण अवस्थामा छ। चक्रको वाहिरी भागमा पनि आकर्षक वुट्टा भएको सामान्य चक्र रचना गरिएको छ।

९९. वास्तुपूजाचक्र

विषय संख्याः- वै. क. ष. २५० | रिल सं. A १३८४/३५ | लगत सं. ६/२९००
भाषाः- संस्कृत | लिपिः- देवनागरी | पत्र संख्याः-१
आकारः- ५०.० x ४५.० | ग्रन्थावस्थाः- जीर्ण | लेख्य सामग्रीः- कागज

ग्रन्थसमीक्षाः

एक पत्रमा भएको यस ग्रन्थ जीर्ण अवस्थामा छ। चतुष्षष्ठीपद भएको विशेष गरी देवालयमा उपयोगी हुने यस चक्रमा प्रत्येक पदमा अवस्थित देवताहरूको पूजा गर्ने मन्त्रको मन्त्रप्रतीक लेखिएको छ भने संख्या क्रमको उल्लेख कतै पनि गरिएको छैन। विचमा वास्तुपुरुष पूजा भनी रातो मसीले ६ ओटा अष्टदलको चित्र वनाइएको छ।

१००. वास्तुचक्र

विषय संख्याः- वै. क. ष. २५८ | रिल सं. A १२९९/२ | लगत सं. ६/२४६७
भाषाः- संस्कृत | लिपिः- देवनागरी | आकारः- ५०.० x ४४.८
ग्रन्थावस्थाः-जीर्ण | लेख्य सामग्रीः- कागज

आदिवाक्यः

अथ गृहवास्तु मत्स्यपुराणे ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एकाशीतिपदं कृत्वा रेणुभिः कनकेन वा ॥
अन्त्यपाठः
सकलब्राह्मणेभ्यो भूयसी दक्षिणां दत्वा ... सुहृद्युक्तो भुंजीत ॥
पुष्पिकावाक्यः
इति वास्तुपूजनसुक्ष्मविधिः । शुभमस्तु । ... ॥ क्षेत्रपालपितृभ्यो वलिदानमन्त्र(!) ॥
ग्रन्थसमीक्षाः

एकापट्टि ठूलो आकारको वास्तुचक्र र अर्कोपट्टि वास्तुपूजाको विधिका साथै सानो आकारको एकाशीतिपद वास्तु चक्र भएको यो ग्रन्थ अत्यन्त जीर्ण अवस्थामा छ। वास्तुचक्र निर्माण गर्ने विधि सहित वास्तुपूजा र हवनको विधि अत्यन्त सुन्दर हस्ताक्षरमा लेखिएको छ। अत्यन्त सुन्दर अक्षर र शुद्ध भाषामा लेखिएको यो ग्रन्थ खण्डित र छेउ छेउमा च्यातिएको अवस्थामा छ। एउटै ठूलो पत्रलाई पटचाएर ८ पत्रको स्वरूपमा यसलाई राखिएको छ।

१०१. वास्तुयन्त्र

विषय संख्याः- वै. क. १८५६	रिल सं. B ३७७/४६	लगत सं. ५/७५२८
भाषाः- संस्कृत	लिपिः- नेवारी	आकारः- २०.० x ८.९ से.
मी. ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः-ठ्यासफु	

आदिपाठः
ॐ नमः शिवाय ॥ मार्क्कण्डेय उवाच ॥ रुचिरुवाच ॥ नमस्यऽहं पितृनभक्त्या, ये वसन्ताधिदेवतं । देवैरपिहितर्प्पन्ते ये श्राद्धेषु स्वधोहरैः ॥१ ॥ ... ❖ बहिलिवाहारयाग्वच्छेयां प्रासादहर्म्यया देवारयया आदिन जुके । या ॥ एकाशीतिकोष्ठभागथे । नवकोष्ठस ।
अन्त्यपाठः
द्वादशाङ्गुलिविस्तार, हस्तस्तु तद्विगुणं भवेत् ॥ कनिष्ठमध्यमा ज्येष्ठा हस्ता तु वर्णभेदतः ॥
विशमंगुलिहस्तारकल्याणं सर्व्वकार्यकरणेषु ॥
वक्ष्यास्ते सममानाः श्रेयोर्थिभि यत्र कार्येषु ॥
ध्वज, धूम, सिंह, स्वान, वृष, खर, गज, धांक, नामकाचाष्टौ ॥ ॥ इत्याकान्तानि पुनः संयोज्यः सर्वकार्येषु ॥
पुष्पिकावाक्यः x
ग्रन्थसमीक्षाः



ठ्यासफुमा लेखिएको यस वास्तु यन्त्र सुरुमा नेवारीभाषामा र पछि संस्कृत भाषामा लेखिएको छ। मोहमुद्रास्थित देवताहरूको मूर्तिका प्रमाण एवं लक्षण र फल बताइएको यस ग्रन्थमा देवता र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धको मूर्ति वनाउने कुरा उल्लेख गरिएको छ। देवताहरूको प्रतिमा स्थापना गर्ने सन्दर्भमा पिण्डिकाको प्रमाण, उचाइको प्रमाणहरू बताइएको छ साथै सर्पाकार वास्तुको चारवटा रङिगन चित्रहरू पनि छन्। संवरोदयतन्त्र अनुसारको वास्तु सम्वन्धी चित्र पनि उल्लेख गरिएको छ। अन्तिममा प्रमाणको सूची र दुवै तर्फको आरम्भ भागमा सन्दर्भ भन्दा बाहिरको श्राद्धको महत्त्व सम्वन्धी कुराहरू लेखिएका छन्। भाषामा त्रुटि देखिन्छ। लेखक र लेखन समय उल्लेख छैन।

१०२. वास्तुविधि

विषय संख्याः- वै. क. ष. ५२०	रिल सं.	लगत सं. ६/४९७२
भाषाः- नेवारी	लिपिः- नेवारी	पत्र संख्याः- १४
आकारः- ९.० x ३१.५ से. मी.	ग्रन्थावस्थाः- सामान्य	लेख्य सामग्रीः- कागज

आदिपाठः
थ्वते भुरा पश्चिमस छे खा छि पश्चिममुख नाम धाय थ्व छे स वाया तसा धन हानि जुयिव
उत्तर दिगस छे खा जुको दतसा षम मुख नाम छे धाय थ्व छे स नायक म्ह सियिव
पूर्व्व दिगस या नाम प्रेत मुख धाय मोचातो सियिव (fol. 1r)

अन्त्यपाठः
पूर्व्व सं दक्षिण सं पश्चि(!) सं च्छ खा उत्तर जुको नेखा धननाश जुयिव
दक्षिण सं छ खा पूर्व्व सं छ खा उत्तर जुको नेखा पश्चिम स जुको पोङस दाङ रोगी जुयिव
इशान उत्तरवो नेखा दक्षिण आग्नेय चोनेखा एक पुत्र दयिव दण्डाख्य नाम ॥ (fol. 14v)

पुष्पिकावाक्यः x

ग्रन्थसमीक्षाः

यस ग्रन्थमा गृह निर्माण गर्ने सन्दर्भमा मुख्य घरको वरिपरि रहेका अन्य घरहरू एवं संरचनाहरूको आधारमा र उक्त घरको अग्रभागको अवस्थितिका आधारमा पनि उक्त घरमा वस्ने व्यक्तिहरूलाई प्राप्त हुने शुभ र अशुभ फलहरूको विवेचना घरको अवस्थितिको चित्रसङ्केत सहित वर्णन गरिएको छ। १४ पत्र मात्र प्राप्त यस अपूर्ण ग्रन्थमा विभिन्न ८० प्रकारका घरहरूको स्वरूप र शुभाशुभ फल चित्रसहित उल्लेख गरिएको छ। ग्रन्थको सुरुमा पश्चिम तिर मुख भएको घरमा वास बसेमा धन हानी, उत्तरतर्फ मुख भएमा त्यस घरको घरमूलीको मृत्यु हुने कुरा उल्लेख गरिएको छ। त्यस्तै पुर्व, पश्चिम, उत्तर, र दक्षिणमा, एक एक घर निर्माण गर्दा धन नास हुनेछ र त्यस्तै दक्षिणमा एक, पूर्वमा एक र उत्तरमा दुई घर निर्माण गर्दा सदा रोगी हुनेछ भनी फल वताइएको छ। प्रचलित नेवारी लिपि र प्राचीन नेवारी भाषामा लेखिएको यस ग्रन्थको लेखक र लेखन समय भने उल्लेख गरिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पुरातत्त्व विभाग

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं, नेपाल, फोनः ४२६४३५३ फ्याक्सः ००९७७-१-४२६२८५६

वेबसाइटः www.nationalarchives.gov.np, इमेलः mail@nationalarchives.gov.np

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection